# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १० अङ्क ३९ पूर्णाङ्क ४६५ २०८२ चैत २३ गते सोमबार Monday 6 April, 2026 पृष्ठ ८ मूल्य रू. १० |-


## प्रेसमाथिको अघोषित नाकाबन्दी विरूद्ध आन्दोलनमा जान्छौं : महासचिव नेपाल पत्रकार महासंघ




काठमाडौं । नेपाल सरकार प्रधानमन्त्री कार्यालयबाट २०८२ चैत १८ गते जारी गरिएको निर्देशनले सञ्चार माध्यमको अस्तित्व नै गम्भीर संकटमा बाँकी ७ पेजमा

## क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको बैठक सम्पन्न

# राष्ट्रिय स्वाधीनताको मुद्दालाई प्रमुख बनाएर संघर्ष गर्ने

काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको केन्द्रीय समितिको पाँचौं पूर्ण बैठक सम्पन्न भएको छ । बैठकले राष्ट्रिय स्वाधीनताको मुद्दालाई प्रमुख बनाएर संघर्षको कार्यक्रम तय गर्ने निर्णय गरेको छ । पार्टीका महासचिव सीपी गजुरेलको अध्यक्षतामा २०८२ चैत १७ देखि १९ सम्म दाङ्को घोराहीमा सम्पन्न भएको बैठकले गरेका निर्णयहरूलाई प्रेस वक्तव्य तथा पत्रकार सम्मेलनमार्फत् सार्वजनिक गरिएको छ । पार्टीका प्रवक्ता सुदर्शनको हस्तक्षरमा जारी प्रेस वक्तव्यमा भनिएको छ,

"१ विभिन्न ऐतिहासिक जनआन्दोलन, महान जनयुद्ध र राष्ट्रिय मुक्ति आन्दोलनमा सहादत प्राप्त गर्ने वीर-विराङ्गनाहरूप्रति हार्दिक श्रद्धाञ्जली, बेपत्ता योद्धाहरूको स्मरण र घाइते तथा अपाङ्ग योद्धाहरूप्रति सम्मान प्रकट गर्दै बैठकको सुरुवात गरियो ।

२ महासचिव कमरेड सीपी गजुरेलद्वारा बैठकमा राजनीतिक प्रतिवेदन प्रस्तुत गरियो र उक्त प्रतिवेदन माथि छलफल गरी त्यसलाई पारित गरिएको छ, जस अनुसार :

क) अन्तर्राष्ट्रिय राजनीतिक स्थितिको विश्लेषण गर्दै विश्वमाथि आफ्नो




प्रभुत्व जारी राख्न अमेरिकी साम्राज्यवाद र इजरायलद्वारा इरानमाथि गरिएको संयुक्त सैन्य आक्रमणले दुनिया सामु युद्धपिपाशु साम्राज्यवादी चरित्र प्रदर्शन भएको छ । यसले साम्राज्यवाद र उत्पीडित राष्ट्र तथा जनताबीचको अन्तर्विरोधलाई अन्तर-साम्राज्यवादी अन्तर्विरोधतिर धकेल्दै छ ।

ख) राष्ट्रिय परिस्थितिको विश्लेषण गर्दै कठपुतली सुशीला सरकारको नेतृत्वमा आयोजित फागुन २१को निर्वाचनले फासीवाद उन्मुख बालेन्द्र सरकार निर्वाचित गरेको छ । दशकौं लामो साम्राज्यवादी पूर्वाभ्यास, जेन-जेड "विद्रोह", गौरी बहादुर कार्की नेतृत्वको छानवीन आयोग र साम-दाम-दण्ड-भेदको बलमा गराइएको चुनाव मार्फत् नेपालमा अमेरिकी साम्राज्यवादले बलियो पकड बनाएको छ । यस पूर्व नेपालमा दलाल तथा नोकरशाही पुँजीवाद मार्फत् साम्राज्यवादको उपस्थिति रहेकोमा हाल साम्राज्यवाद सिधै हस्तक्षेप गर्न आइपुगेको छ । यहाँ आएर राष्ट्रिय स्वाधीनताको समस्या प्रबल बन्न गएको छ । यस सन्दर्भमा राष्ट्रिय स्वाधीनताको रक्षाका लागि देशभक्त, वामपन्थी, क्रान्तिकारी जनवादी र क्रान्तिकारी कम्युनिस्ट पार्टी, समूह र व्यक्तित्वहरू एकजुट हुन आवश्यक छ ।

ग) हाम्रो पार्टीद्वारा गरिएको निर्वाचन बहिष्कार कतिपय कमीकमजोरीका बावजुद सामान्यतः सफल रहेको छ, जस अनुसार :

अ) कठपुतली सुशीला सरकारको साम-दाम-दण्ड-भेदका बावजुद मतदानमा जनताको सहभागिता निकै कम हुनु, आ) सातओटा मतदान केन्द्रका जनताले स्वतस्फूर्त बहिष्कार गरी मतपेटिका खाली पठाइदिनु, इ) पार्टीले आफ्नो स्वतन्त्र र क्रान्तिकारी पहिचान कायम गर्नु, ई) नेता तथा कार्यकर्ता र जनताको क्रान्तिकारी भावना, मनोबल र चेतनालाई ज्वारभाटाका विरुद्ध खडागरी झन धारिलो बनाउनु, उ) विभिन्न प्रचार-प्रसार, भण्डाफोर र जुझारु कार्यक्रम मार्फत् नयाँ जनवाद-वैज्ञानिक समाजवादको विकल्पलाई स्थापित गर्नु र विभिन्न क्रान्तिकारी घटकहरूसित मिलेर संयुक्त बहिष्कार आन्दोलन गर्नु यसका मापक रहेका छन् ।

३ पार्टीले राष्ट्रिय स्वाधीनताको मुद्दालाई प्रमुख बनाएर आगामी कार्यक्रम तय गरेको छ ।

४ पार्टीले यो बाँकी ७ पेजमा

## श्रद्धाञ्जली कार्यक्रम




काभ्रे । क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल काभ्रेको आयोजनामा माहिली तामाङको सम्झनामा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न भएको छ । २०८२ चैत्र १८ गते सूर्यमान तामाङको सभापतित्व र जिल्ला सचिव ढोग प्रसाद अधिकारीको प्रमुख आतिथ्यता र प्रदीप अस्थानीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको हो । माहिली तामाङको २०८२ माघ २९ गते असायिक निधन भएको थियो । माहिली तामाङप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा क्रान्तिकारी कम्युष्टि पार्टी नेपाल काभ्रेले समवेदना प्रकट गरेको छ ।

माहिली तामाङ क्रान्तिकारी कम्युनिष्ट पार्टी जिल्ला सदस्य तथा तिमाल गाउँपालिका सचिव सूर्यमान तामाङको आमा हुनुहुथ्यो ।

# प्रतिनिधिसभा बैठकमा एमसीसी सम्झौता खारेजीको माग

काठमाडौं । प्रतिनिधिसभाको पहिलो बैठकमा बोल्दै श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले एमसीसी सम्झौता खारेजीको माग राखेका छन् । उनको मागको पहिलो बुँदामा एमसीसी खारेजी छ । दोस्रोमा सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकको गतिविधिलाई निगरानीमा राख्नुपर्ने माग गरे । हर्कले भने, संयुक्त राष्ट्र संघ लगायतका निकायहरूमा गएर हाम्रो देशका चार किल्ला, कति हो त हाम्रो भूगोल भन्ने सीमाना यकिन गरेर सीमानाको रक्षार्थ नेपाली सेनालाई खटाउनुपर्दछ भन्ने म माग राख्न चाहन्छु । नेपाली जनताले यो माग राखेको कुरा म जानकारी गराउन चाहन्छु ।'

उनले प्रत्यक्ष कार्यकारीको चुनाव गर्नेतर्फ सरकारको नीति तथा कार्यक्रम अगाडि बढाउन उनको माग छ । उनले जेनजी आन्दोलनमा २३ गते गोली चलाएर दमन गर्ने र २४ गते डिस्कोडबाट बालबालिकालाई स्कुल ड्रेसमा बोलाएर सर्वोच्च जलाउने सबैलाई कारबाहीमा ल्याउन उच्चस्तरीय छानबिन समिति आयोग गठनको माग गरे । सम्पत्ति छानबिन मन्त्री र सांसदहरूबाट सुरू गर्नुपर्ने हर्कले ध्यानाकर्षण गराए ।



*यस्तो छ साम्पाङको पहिलो सम्बोधन*

आफ्नो मनको विचार राख्नुभन्दा पनि म जनताले हामीलाई केका लागि यहाँ पठाएका छन् भन्ने बारेमा बुँदागत रूपमा जनताका मागहरू वाचन गरेर सुनाउन चाहन्छु । तर, त्यो भन्दा पहिला चाहिँ हामीले पक्कै पनि यो देश बनाउनका लागि, देश परिवर्तन गर्नका लागि भनेर आएका छौं, सबैभन्दा पहिला आफूले आफैलाई परिवर्तन गर्नुपर्छ भन्छु म ।

अघिल्लो शपथ ग्रहणको दिन पनि हामी १२ मिनेट ४६ सेकेन्ड ढिलो थियौं भने आज १६ मिनेट ५५ सेकेन्ड हामी ढिलो भएका छौं । जनताले हामीलाई यसरी ढिलो गर् भनेर यहाँ पठाएको हो जस्तो मलाई लाग्दैन । त्यसो भएको कारणले प्रत्येक मिनेटको महत्त्व यो सदनले बुझोस्, सरकारले बुझोस्, हामी सबैले बुझौं । 'नेपाली हो, नेपाली समय हो, २ बजेको बैठक ३ बजे जाँदा पनि हुन्छ, ४ बजे जाँदा पनि हुन्छ, जे गर्दा पनि नेपाल हो, नेपाली हो' भन्ने खालको जुन भाष्य हामीले मनमा लिएर बसेका छौं, यही सबैभन्दा मुख्य कारण हो हामीले उन्नति गर्न नसक्नुको । त्यसो भएको कारणले गर्दाखेरि सभामुख महोदयमार्फत म सम्पूर्ण सदन, सरकार सबैलाई ध्यानाकर्षण गराउन चाहन्छु– आउँदा दिनमा हामी बैठक सुरु हुनुभन्दा थोरैमा पनि ५ मिनेट अगाडि उपस्थित हुनुपर्छ । म यो माग राख्न चाहन्छु ।

हामी विभेदको अन्त्य गर्छौं भनेर यहाँ भनिरहेका छौं । भर्खरै पनि पूर्व वक्ता माननीयज्यूहरूले थुप्रै कुराहरू राख्नुभयो आफ्नो मनको कुराहरू । तर यहाँ यही सदनभित्र पनि विभेद भइराखेको छ । सत्ता पक्षले ३० मिनेट बोल्दा पनि हुने, ४० मिनेट बोल्दा पनि हुने, प्रतिपक्षले अलि सानोले चाहिँ हैन, ३ मिनेटमा सकिहाल्नुपर्ने, २ मिनेटमा सक्नुपर्ने१ हामी पनि जनताले चुनेर पठाएका जनमत प्राप्त जनप्रतिनिधि हौं । त्यसो भएको कारणले गर्दाखेरि हामीले आफ्ना क्षेत्रका आवश्यकताहरू, आफ्ना तपाईंका चाहिँ नि के रे मागहरू राख्नका लागि प्रशस्त समय दिनुपर्दछ । त्यो खालको सदन हामीले बनाएर त्यो खालको सदन अभ्यास गर्नुपर्दछ भन्ने माग राख्न चाहन्छु ।

म आफ्नो मनको कथा यहाँ गाउन चाहन्न । अब मेरो आफ्नो बाँकी ७ पृष्ठमा

# शनिबार र आइतबार सार्वजनिक बिदा दिने सरकारको निर्णय

काठमाडौं । आइतबार बसेको मन्त्रिपरिषद् बैठकले सरकारी कार्यालय र शिक्षण संस्थामा सातामा दुई दिन बिदा दिने निर्णय गरेको छ । त्यसलाई प्रशासनका जानकारहरूले व्यवस्थापन मिलाउन सके उपयुक्त हुने र नसकेमा झन् गाह्रो हुने बताएका छन् । प्रशासकीय अदालतका पूर्वअध्यक्ष एवं प्रशासन सुधार सुझाव समितिका संयोजकसमेत रहिसकेका काशीराज दाहालले सातामा दुई दिन बिदा दिने निर्णय व्यवस्थापन मिलाउन सके उपयुक्त रहेको बताए ।

'व्यवस्थापन मिलाउन सकियो भने सातामा दुई दिन बिदा दिने निर्णय उपयुक्त हुन्छ । इन्धनको खपत हुन सक्छ । नजिकै घर भएकाले खेतीपातीका लागि समय निकाल्न सक्छन् । परिवारसँग बिताउन सक्छन् । बिदा दिने बेलामा अत्यावश्यक सेवा दिनु पर्ने कार्यालय खोल्ने र सामान्य सर्भिस डेलिभरी दिने कार्यालयलाई दिने व्यवस्था मिलाउनु पर्ने उनले बताए । 'सर्भिस डेलिभरी बढी हुने कार्यालयमा दुई दिन दिनुहुँदैन । अन्यमा मिलाएर दिन सक्नुपर्छ,' दाहालले भने । उनले बिदा दिएपछि कार्यालय समयमा कडाइ गर्नुपर्ने बताए । 'प्रभावकारी हुन कार्यालय समयमा कडाइ गर्नुपर्छ,' उनले भने, 'शुक्रबारबाट बिदा हुन्छ भनेर कार्यालयमा पुगेर हाजिर गरेर हिँड्ने, सोमबार पनि ४ बजेतिर मात्रै हाजिर गर्न मात्रै पुग्यो भने यो निर्णय प्रभावकारी होइन, गाह्रो हुन्छ ।'

अन्य मुलुकका मेट्रोपोलिटियन सिटीमा यस्ता बिदा प्रचलनमा रहेका र प्रभावकारी रहेका उनले बताए । तर, नेपालमा भने काम गर्ने भन्दा ठग्ने बढी रहेकाले प्रभावकारी हुनेमा शङ्का रहेको उनको भनाइ थियो ।

# विद्यार्थी संगठन खारेज गर्ने बालेन्द्र सरकारका विरुद्ध १४ विद्यार्थी संगठनको संयुक्त वक्तव्य

काठमाडौं । नेपाल सरकारले विद्यार्थी सङ्गठन संरचनाहरू हटाउने घोषणा गरेपछि १४ वटा विद्यार्थी संगठनहरूले गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । बुधबार एक संयुक्त प्रेस वक्तव्य जारी गर्दै उनीहरूले मन्त्रिपरिषद्को गत चैत १३ गतेको निर्णय शासकीय सुधारसम्बन्धी कार्यसूचीको बुँदा नं। ८६ अविलम्ब खारेज गर्न सरकारसँग माग गरेका हुन्।

नेपाल विद्यार्थी संघ (नेविसंघ), अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी) लगायत १४ वटा विद्यार्थी संगठनका अध्यक्ष तथा प्रतिनिधिद्वारा हस्ताक्षरित विज्ञप्तिमा सरकारको उक्त घोषणालाई अपरिपक्व, अराजनीतिक, असंवैधानिक र अलोकतान्त्रिक भनिएको छ। शिक्षा क्षेत्रका सम्पूर्ण बेथितिहरूको भारी विद्यार्थी संगठनमाथि थोपर्ने सरकारी दृष्टिकोण सतही रहेको उनीहरूको ठहर छ ।

संगठनमा आबद्ध हुन पाउने अधिकार संविधानप्रदत्त मौलिक अधिकार भएको स्मरण गराउँदै वक्तव्यमा भनिएको छ, 'कुनै पनि विचारमाथि बन्देज लगाउने कार्य लोकतान्त्रिक मूल्यमान्यताविपरीत हुनुका साथै यसले युवा पुस्ताको स्वाभाविक राजनीतिक सामाजीकरण प्रक्रियामा अवरोध सिर्जना गर्छ।'

विगतदेखि नै विद्यार्थी आन्दोलनलाई समयसान्दर्भिक बनाउन स्ववियुमा २८ वर्षे उमेरहद लागू गर्नेलगायतका सुधारका बाँकी ८ पृष्ठमा

# साम्राज्यवादी सङ्कट र क्रान्तिकारीहरुको भूमिका



● परी थापा ●

*सामान्य*

साम्राज्यवाद (Imperialism) भन्ने शब्द ल्याटिन शब्द इम्पेरियम (Imperium) बाट व्युत्पन्न भएको हो जसको अर्थ 'नियन्त्रण गर्नु', 'सम्प्रभु हुनु' वा 'शासन गर्नु' भन्ने हुन्छ । यो शब्द १९औं शताब्दीमा नेपोलियन तृतीयको आक्रमणद्वारा राजनीतिक समर्थन प्राप्तगर्ने प्रयासलाई वर्णनगर्न बनाइएको थियो । यो शब्द सन् १८७० को दशकमा ब्रिटिश साम्राज्यकालागि प्रयोग गरिएको थियो र यसले सन् १८८० को दशकसम्ममा पश्चिममा सकारात्मक अर्थ ग्रहण गरेको थियो । यो शब्दलाई १९औं शताब्दीको अन्त्यसम्ममा सबै समय र स्थानका साम्राज्यहरूको व्यवहारलाई वर्णनगर्न प्रयोग गरिएको थियो । राजनीतिक अर्थशास्त्री जोसेफ शम्पीटर (सन् १८८३-१९५०) र इतिहासकार एवम् दार्शनिक हन्ना एरेन्ट (सन् १९०६-१९७५) ले भने साम्राज्यवादलाई आफ्नैलागि गरिने विस्तारकारूपम परिभाषित गरेकाछन् ।

साम्राज्यवादका आलोचक तथा ब्रिटिश आर्थिक पत्रकार जोहन हब्सन (सन् १८५८-१९४०) ले 'साम्राज्यवादः एक अध्ययन' रचनामा साम्राज्यवादको शास्त्रीय विश्लेषण गरेकाछन् र गृहदेशका व्यापारिक स्वार्थहरूले उपनिवेशमा लाभ प्राप्तगर्नका लागि राज्यको शक्तिलाई कसरी हेरफेरगर्न सक्दछन् भन्ने कुराको अन्वेषण गरेकाछन् । सन् १९१७ मा भ्लादिमिर लेनिन (सन् १८७०-१९२४) ले व्यापारिक संस्थाहरूले भौगोलिकक्षेत्र भन्दा आर्थिकरूपमा प्रभुत्व जमाउन पुँजी निर्यात गरेपछि साम्राज्यवादलाई 'पुँजीवादको उच्चतम चरण' को रूपमा पुनर्परिभाषित गरेका थिए । बाँकी ४ पृष्ठमा

## सम्पादकीय

# 'बालेन सरकार' अमेरिकी साम्राज्यवादको कठ्पुतली

'अमेरिकी जेनजीहरू मन्त्री र माननीय, नेपाली जेनजीहरू खाडी मुलुकतिर हाननीय' । यो भनाइ हो- भूराजनीतिका जानकार भरत दाहालको । झट्ट सुन्दा व्यांग्यात्मक लागेपनि जेनजी विद्रोहपछिको तीतो यथार्थ यही हो । जेनजी विद्रोहमा रगत बगाउने, घाइते हुने, निर्वाचनमा रास्वपाका उम्मेदवारलाई जिताउन विदेशी भूमिबाट घरका परिवारजनलाई उर्दी लगाउने, दिनरात नभनिकन खट्ने सबै गरिब नेपाली, किसान मजदुरका छोराछोरी थिए । उनीहरू आफ्नो जीविका चलाउन विदेशी भूमिमा पसिना बगाइरहेका छन् । मध्यपूर्वको युद्धका कारण लाखौ नेपाली युवाहरूको वैदेशिक रोजगारी नै जोखिममा परेको छ । युद्धका कारण उनीहरूको कार्य घण्टा घटाइएको छ, दैनिकी महंगिएको छ । अहिले खाडी मुलुकमा काम गर्ने युवाहरूमा डिप्रेसनको दर उच्च रूपमा बढेको विभिन्न अध्ययनले देखाएको छ । विदेशी भूमिका रहेका युवाहरूलाई स्वदेश फर्काउने, अब रोजीरोटीका लागि विदेश जान नपर्ने अवस्थाका लागि भनेर उनीहरूले रास्वपाका उम्मेदवारहरूलाई जिताएको भनिरहेका छन् । तर रास्वपा सरकारको पहिलो मन्त्रिपरिषद्को बैठकले भने थप देशहरूसँग श्रम सम्झौता गर्ने निर्णय गर्छ । मध्यपूर्वको युद्धको मारमा परेका नागरिकहरूको उद्दार, उनीहरूलाई स्वदेशमा रोजगारीको व्यवस्था गर्ने विषयमा कुनै गाम्भिर्यता छैन । बरु गरिबहरूका बस्ती उजाड्न नगरपालिकाहरूलाई डोजर चलाउन निर्देशन दिन थालेको छ ।

रास्वपाबाट सांसदमा जितेका र मन्त्रि बनेका अधिकांश व्यक्तिहरू विभिन्न एनजिओ आइएनजिओमा काम काम गरेका, विदेशका महंगा कलेजमा पढेका, धनाढ्य वर्गका छोराछोरी हुन् । उनीहरू नेपालका आम गरिब श्रमिक जनताको आवश्यकता, भावना र चाहनाको अनुभूति र मर्मबोध गर्न सक्दैनन् । गरिब जनताको भावनामाथि खेलवाड गरेर सत्तासिन हुन पुगेकाहरू अमेरिकी गैर-सरकारी संस्थाका सञ्चालक वा त्यससँग जोडिएका अमेरिकी दलालहरू रहेको तथ्यहरूले पुष्टि गर्दछ । उनीहरूबाट यो देशको राष्ट्रियता, जनतन्त्र र जनजीविका समस्यहरूको समाधान हुन्छ भनेर सोच्नु आफैमा ठूलो भ्रमबाहेक केही होइन ।

चैत १३ गतेको बालेन्द्र शाहको नेतृत्वमा गठित मन्त्री परिषद्को बैठकले तत्काल सरकारले गर्नु पर्ने भनी १०० ओटा कामहरूको सूची तयार गरी त्यसलाई १४ गते सार्वजनिक गरेको छ । त्यो सूचीमा सरकारी काम छिटो छरितो गर्न प्रविधिको प्रयोग अर्थात् डिजिटलाइजेसनलाई निकै जोड दिएको छ । कामको २१औं नम्बरको सूचीमा "राष्ट्रिय परिचय पत्रलाई अनिवार्य एकल परिचय प्रणालीका रूपमा प्रयोग गर्ने तथा सबै सेवा प्रक्रियालाई फेसलेस, टाइम-बाउण्ड र ट्र्याकिङ योग्य बनाउने!" भनी उल्लेख गरिएको छ । नेपाली नागरिकताको प्रमाणपत्रलाई विस्थापन गर्ने, नेपाली नागरिक हुनुको राष्ट्रिय गौरवलाई कमजोर पार्ने र राष्ट्रिय परिचयपत्रलाई ट्र्याकिङ योग्य बनाउने सरकारको यो निर्णय निकै खतरनाक छ। यो निर्णयले नेपाली नागरिकलाई नेपाली पहिचानबाट विमुख पार्ने र हरेक नेपालीलाई राष्ट्रिय परिचयपत्र मार्फत साम्राज्यवादको सूचना प्रणाली भित्र पारी उनीहरूका दैनिक गतिविधिको निगरानी गर्ने एउटा वैधानिक बाटो खोलिदिएको प्रस्ट छ । यसले अन्ततः नेपालको राष्ट्रिय सुरक्षा तथा नेपाली राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतालाई साम्राज्यवादको नियन्त्रणमा पुर्याउने कुरा निश्चित छ । बालेन नेतृत्वको सरकार गठन र त्यसले अगाडि सारेको १०० बुँदे कार्यक्रमले यो मुख्यतः अमेरिकी साम्राज्यवादको इसारामा चल्ने राष्ट्रघाती सरकार हो र यसबाट नेपालको राष्ट्रिय स्वाधीनता माथिको खतरा प्रधान भएको तथ्य प्रस्तुत गरेको ठहर क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल लगायत धेरै कम्युनिस्ट पार्टीहरूको रहेको छ । अब राष्ट्रिय स्वाधीनताको विषयमा समान धारणा राख्ने कम्युनिस्ट, वामपन्थी, प्रगतिशील तथा गणतन्त्र-लोकतन्त्रवादीहरू एकताबद्ध भएर साम्राज्यवाद र तिनका नयाँ दलालहरूका विरुद्ध संघर्ष उठान गर्न जरुरी छ ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# नेपालका संसदवादी पार्टी असफल हुनुका कारणहरू


● डा. केशव देवकोटा ●

**नेपालका संसदवादी दलहरूमा भ्रष्टाचार र अपारदर्शिताबारेको चर्चा नयाँ होइन । पछिल्ला वर्षहरूमा त्यो विषय झन् गम्भीररूपमा उठिरहेको छ । दलहरूको आय-व्यय, चुनावी खर्च, र दाताहरूको स्रोत स्पष्टरूपमा सार्वजनिक हुने गरेको छैन । गत फागुन २१ गतेको निर्वाचनमा दल र बिभिन्न उम्मेदवारले गरेको खर्च विवरणले उपरोक्त कुराको पुष्टि गरेको छ ।**

नेपालका संसदवादी पार्टीहरू मुख्यत नेपाली कांग्रेस, एमाले र पूर्ब माओवादी केन्द्र तथा हालको नेपाली कम्युनिष्ट पार्टी गत फागुन २१ को निर्वाचनमा अनपेक्षित ढंगले पराजित भएपछि त्यसका कारणहरू खोज्नेक्रम जारी छ । नयाँ आएको सरकारले पनि संसदीय बहुदलीय ब्यवस्थाप्रति प्रतिबद्धता पनि जनाएको छैनभने पुराना संसदवादी पार्टीका राजनीतिक कमजोरी केलाएर आफू अगाडि बढ्ने प्रयास गरेको छैन । जसलेगर्दा नेपालमा अब फेरी निरंकुशता बढ्नसक्ने आंकलनहरू हुन थालेका छन् । यि सबै गतिबिधि नेपालका बढ्दो साम्राज्यवादी हस्तक्षेपका कारण भैरहेका छन् । नेपालमा संसदीय बहुदलीय ब्यवस्था पुनर्स्थापना भएर खासगरी नेपाली कांग्रेस र एमालेले अभ्यास गरेको ३६ बर्ष भएको छ । तर उनीहरूले आफूहरू पनि संसदवादी राजनीतिक ब्यवस्थामा अभ्यस्त पनि हुननसकेको र त्यसलाई अगाडि बढाउन पनि नसकेको देखिएको छ । बर्तमान सरकारले उनीहरूमा देखिएका कमजोरीमध्ये भ्रष्टाचारलाई मात्र खुट्याउन सकेको देखिन्छ । जसको मतलव हाल सत्ता र शक्तिमा आएकाहरूको ध्यान पनि भ्रष्टाचारमै केन्द्रित हुनपुगेको छभन्ने हो । होइनभने उनीहरूले शुरुमा राजनीतिलाई सुधार्ने प्रयास गरेको हुनुपर्ने थियो । यो देशमा बिद्यमान राजनीतिमा सुधार नगरेसम्म अन्य पक्षहरूमा सुधार हुन सक्दैन । यो आलेखमा नेपालमा संसदवादी दलहरूमा देखिएका त्रुटी र त्यसबाट संसदवादी राजनीतिमा परेको असरबारे संश्लेषणगर्ने प्रयास गरिएको छ । नेपालका संसदवादी दलको पहिलो कमजोरी आन्तरिक लोकतन्त्रको अभावलाई लिन सकिन्छ । धेरै पार्टीहरूमा नेतृत्व चयन खुला प्रतिस्पर्धाबाट नभई केही सीमित नेताहरूको प्रभावबाट हुनेगरेको देखिएको छ । त्यसैगरी उनीहरूको निर्णय प्रक्रिया पारदर्शी पनि हुँदैन । नेपालका संसदवादी पार्टीहरूमा देखिएको आन्तरिक लोकतन्त्रको अभाव लामो समयदेखि उठ्दैआएको गम्भीर राजनीतिक प्रश्न पनि हो । बहुदलीय संसदीय राजनीतिक ब्यवस्था अपनाएको नेपालजस्तो देशमा पार्टीभित्रै लोकतान्त्रिक अभ्यास कमजोर हुनु आफैमा बिश्लेषणलायक बिषय हो । सबैभन्दा ठूलो समस्या भनेकै नेतृत्वको अत्यधिक केन्द्रीकरण हुनु हो। धेरैजसो पार्टीहरूमा निर्णय प्रक्रिया केही शीर्ष नेतामा सीमित हुन्छ । जसलेगर्दा साधारण कार्यकर्ता वा मध्यम तहका नेताहरूको भूमिका औपचारिकमात्र हुने गर्दछ । उदाहरणका लागि नेपाली कांग्रेस र एमालेजस्ता ठूला दलहरूमासमेत निरन्तर गुटबन्दी र नेतृत्वका लागि संघर्ष भैरहेको देखिन्छ । तर लोकतान्त्रिक प्रतिशपर्धाका लागि खासै प्रयास भएको देखिएको छैन ।

त्यसैगरी पार्टीभित्र र बाहिरको निर्वाचन प्रणालीसमेत कमजोर रहने गरेको छ । कागजमा आन्तरिक चुनाव हुनेगरेको भएपनि व्यवहारमा सहमति, भागबण्डा वा नेतृत्वको इच्छाअनुसार पद बाँडफाँड हुने प्रचलन रहेको छ । जसले योग्य र नयाँ नेतृत्व उदाउने सम्भावना न्युन गराएको छ । परिणामत पुरानै नेताहरू लामो समयसम्म पार्टीको पद र देशको शासन सत्तामा रहिरहन्छन् । जसले राजनीतिक गतिशीलतालाई कमजोर बनाउँछ। हाल नेपालमा भएको पनि त्यहीनै हो । त्यसैगरी नेपालका संसदवादी पार्टीहरूमा बिचार र नीतिभन्दा व्यक्तिवाद हाबी हुनेगरेको छ । ति पार्टीहरूमा स्पष्ट बैचारिक बहस र नीति निर्माणभन्दा व्यक्तिको प्रभाव, निष्ठा र नजिकको सम्बन्धले निर्णय निर्धारणगर्ने प्रवृत्ति बढ्दो छ । जसले संस्थागत विकासलाई कमजोर बनाउँछ । यसले समग्र लोकतान्त्रिक प्रणालीप्रति जनविश्वास घटाउँछ । जब पार्टीभित्रै लोकतन्त्र छैनभने राज्य सञ्चालनमा उनीहरूले लोकतान्त्रिक मूल्य, मान्यता र आदर्शकाबारेमा स्थापित गराउन नसक्नु कुनै आश्चर्यको बिषय होइन । उपरोक्त कारणहरूले गर्दानै नयाँ पुस्ता राजनीतिबाट निराश हुने अवस्थाको सिर्जना हुन्छ । यसपटक भएको पनि त्यही नै हो । नियमित र निष्पक्ष आन्तरिक निर्वाचन, नीति-आधारित बहसको प्रवर्द्धन र नेतृत्वको उत्तराधिकार स्पष्ट बनाउनु जरुरी छ । त्यसैगरी कानूनी र संस्थागत दबाबमार्फत पनि दलहरूलाई आन्तरिक लोकतन्त्र सुदृढगर्न बाध्यपार्न सकिन्छ । नेपालका संसदवादी पार्टीहरूमा आन्तरिक लोकतन्त्रको अभाव रहेकाले उनीहरूले सञ्चालन गरे/गराएको देशको शासन सत्तामा पनि लोकतान्त्रिक परिपाटी देखिन नसकेको हो । नेपालका संसदवादी पार्टीहरूलाई नीतिभन्दा नेता प्रधान मान्ने गरिन्छ । जसलेगर्दा हरेक कुराहरू संस्थागतभन्दा पनि व्यक्तिमा निर्भर हुने गर्दछन् । नेताको वरिपरि शक्ति केन्द्रित हुन्छ । नीति र बिचारभन्दा व्यक्ति प्रमुख बन्छ । जसलेगर्दा पार्टीको नीति र बिचार केवल कागजमामात्र सीमति हुने गरेको हुन्छ । कतिपय अवस्थामा त प्रमुख नेताहरूलाईसमेत आफ्नो पार्टीको विधान र राजनीतिक प्रतिवेदनमा के उल्लेख छभन्ने थाहा हुँदैन । सत्तामा पुगेका नेताहरूले आफ्नै चुनावी घोषणापत्रलाई बिर्सेका हुन्छन् । नेपालका संसदवादी पार्टीहरूमा देखिएको व्यक्तिकेन्द्रित राजनीतिले लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाएको स्पष्ट छ । यो समस्या विशेषगरी शीर्ष नेताहरू वरिपरि केन्द्रित संरचनाबाट स्पष्ट हुन्छ । नेपालका पार्टीहरूमा नेता फेरिँदा नीतिहरू पनि बदलिने जोखिम रहेको छ । त्यसैगरी शक्ति केन्द्रीकरणले जवाफदेहिता घटाएको छ ।

पार्टीभित्रसमेत स्पष्ट नियम, पारदर्शी प्रक्रिया र सामूहिक निर्णय प्रणालीको विकास नगरेसम्म बिद्यमान राजनीतिक बिकृति र बिसंगतिहरूको अन्त्य हुन सक्दैन । त्यसैगरी नीतिमा आधारित राजनीतिको विकास गरिएको हुनुपर्दछ । व्यक्तित्वभन्दा नीति र कार्यक्रमलाई केन्द्रमा राख्ने परिपाटीको विकास गरिनु पर्दछ । व्यक्तिकेन्द्रित राजनीति छोटो समयका लागि प्रभावकारीजस्तो देखिए पनि दीर्घकालमा त्यसले लोकतन्त्रलाई कमजोर बनाउँछ भन्नेकुरा बिभिन्न घटनाक्रमले स्पष्ट गरेका छन् । नेपालमा स्थिर र विश्वसनीय राजनीतिक प्रणाली बनाउन संस्थागत, नीति-आधारित राजनीति अत्यावश्यक छ । नेपालका अधिकांश संसदवादी पार्टीहरूमा विचारधारात्मक अस्पष्टता रहने गरेको छ । नाम र इतिहास फरक भएपनि व्यवहारमा धेरै पार्टीहरूको नीति उस्तैजस्तो देखिन्छ । सिद्धान्तभन्दा सत्तालाई प्राथमिक दिने प्रचलन रहेको छ । दलहरूकाबीचमा गठबन्धनहरू स्वार्थ केन्द्रितरूपमा बन्ने गर्छन् । नेपालका संसदवादी पार्टीहरूमा देखिएको विचारधारात्मक अस्पष्टता अहिलेको राजनीतिमा बारम्बार उठ्ने महत्वपूर्ण प्रश्न हो । जसलाई बुझ्न केही मुख्य पक्षहरू हेर्नुपर्छ । नेपालका ठूला भनिएका दलहरूजस्तै नेपाली कांग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टी लगायतका सबै पार्टीले आफूलाई फरक,फरक विचारधारामा आधारित भन्ने गरेपनि व्यवहारमा ती स्पष्टरूपमा प्रायः उस्तै रहँदै आएका छन् । कतिपय अवस्थामा उनीहरूकाबीचमा आलोपालो गरेर कार्यगत एकता र सहकार्य हुनेगरेको घटनाले पनि उपरोक्त कुराको पुष्टि गरेको छ । कांग्रेसले आफूलाई प्रजातान्त्रिक समाजवादसँग जोड्छ, एमालेले बहुदलीय जनवादको कुरा गर्छ । नेकपाले समाजवादको कुरा गर्छ । तर नीति, कार्यक्रम र शासन अभ्यासमा उनीहरूकाबीचमा खासै अन्तर देखिने गरेको छैन । नेपालको संसदीय राजनीतिमा बिचारभन्दा सत्ता प्राप्ति र जोगाउने प्रवृत्ति बलियो बन्दैगएको छ । दलहरूबीच बारम्बार हुने स्वार्थ केन्द्रित गठबन्धनले उपरोक्त कुराको पुष्टि गर्नेगरेका छन् । धेरै पार्टीहरूमा विचारधाराभन्दा नेतृत्व व्यक्तित्वमा धेरै कुराहरू निर्भर रहने गरेका छन् । पार्टीका प्रमुख नेताहरूको निर्णयले पार्टीको दिशा तयगर्ने गरेको स्पष्ट छ । त्यस्तो अवस्थामा विचारधारा गौण हुन पुग्दछ । त्यसैगरी पार्टीहरूमा नीतिगत निरन्तरताको पनि अभाव रहने गरेको छ । सरकार परिवर्तनसँगै नीति पनि बदलिने प्रवृत्ति छ। दीर्घकालीन आर्थिक, सामाजिक, वा परराष्ट्र नीति निर्माणमा स्पष्ट आधार देखिँदैन । जसले विकास योजनामा अस्थिरता ल्याउँछ । संसदवादी दलहरूले आआफ्नो विचारधारा जनस्तरमा स्पष्टरूपमा व्याख्या र अभ्यासगर्न नसक्दा मतदातामा समेत भावनात्मक वा व्यक्तिवादी प्रबृत्ति बढ्ने गरेको छ ।

उनीहरू त्यसैका आधारमा मतदान गर्नेगर्छन् । त्यसैगरी नेपालको सत्ता सञ्चालनमा पारदर्शिता र जवाफदेहिताको पनि कमी रहेको छ । नीतिगत निर्णयहरूमा स्वार्थको प्रभाव रहने भएकाले जनविश्वास घट्ने हुन्छ । नेपालका संसदवादी दलहरूमा भ्रष्टाचार र अपारदर्शिताबारेको चर्चा नयाँ होइन । पछिल्ला वर्षहरूमा त्यो विषय झन् गम्भीररूपमा उठिरहेको छ । दलहरूको आय-व्यय, चुनावी खर्च, र दाताहरूको श्रोत स्पष्टरूपमा सार्वजनिक हुने गरेको छैन । गत फागुन २१ गतेको निर्वाचनमा दल र बिभिन्न उम्मेदवारले गरेको खर्च बिवरणले उपरोक्त कुराको पुष्टि गरेको छ । त्यसैगरी नेपालमा पछिल्ला बर्षहरूमा पदको दुरूपयोग बढ्दो छ । सरकारी नियुक्ति, ठेक्का, र श्रोत वितरणमा दलगत प्रभाव देखिने गरेको छ । संसदवादी पार्टीहरूको असक्षमताकै कारण बारम्बार सरकार परिवर्तन हुनेगरेको छ । जसले दीर्घकालीन योजना कार्यान्वयनमा समस्या ल्याएको छ । उपरोक्त सबै घटनाक्रमहरूलाई केलाएर हेर्दा नेपालमा प्रायः सबै राजनीतिक पार्टीहरूमा आन्तरिक कमी र कमजोरीहरू रहेका छन् । जसमा निर्मम समीक्षा गरेर सुधार नगरेसम्म देशको राजनीतिमा सुधार आउन सक्दैन । त्यसैले हालको अवस्थामा संसदमा रहेका र नरहेका सबै क्रियाशील राजनीतिक दलहरूको सर्बदलीय र सर्बपक्षीय बैठक गरेर देशको भाबि राजनीतिको नयाँ खाका तयारगर्नु जरुरी देखिएको छ ।

## मध्यपूर्वमा...

खाडीका समृद्ध राष्ट्रहरूलाई मिरर अट्याकको निशानामा पारेर विश्वकै उर्जा र डिजिटल मेरुदण्डमाथि प्रहार गरिरहेको छ भने अर्कोतिर इजराइलले यो विध्वंशभित्र आफ्नो क्षेत्रीय सर्वोच्चताको सपना देखिरहेको छ । इजराइल इरानलाई यति धेरै उत्तेजित बनाउन चाहन्छ कि उसले आफ्नो सारा रिस र मिसाइल खाडीका अरब राष्ट्रहरूमाथि खन्याओस् । यदि इरानको आणविक क्षमता ध्वस्त हुन्छ र खाडीका अघोषित शत्रु मानिने अरब देशहरूको दशकौको आर्थिक समृद्धि र पूर्वाधार खरानी हुन्छ भने त्यसको पावर भ्याकुममा इजराइल मात्र मध्य पूर्वको निर्विकल्प र एकमात्र शक्तिशाली नायक बनेर उदाउने छ । यो इजराइलको एक तिर दुई निशानाको त्यो क्रुर रियल पोलिटिक हो, जहाँ छिमेकीहरूको विनाश नै उसको विकासको आधार बन्न सक्छ ।

### *मध्यपूर्वका ६ देशमा रहेका आप्रवासी श्रमिक जोखिममा*

मध्यपूर्वका देशमा भएको तनावका कारण ती क्षेत्रका ६ देशमा रहेका आप्रवासी श्रमिकले सुरक्षा जोखिमसँगै मानसिक तनाव, खर्च र जागिरको चिन्ता बढ्नुका साथै आम्दानी घट्न थालेको बताएका छन् । उनीहरूले सुरक्षित रहने ज्ञानको कमी भएको, आप्रवासीमाथि विभेद गरिएको, कामको समय (वर्किङ आवर)घटेको तथा जीवनयापनको खर्च बढेको बताएका हुन् ।

मानव अधिकार तथा श्रमिक अधिकारमा काम गर्ने संस्था इक्विडेमले गरेको अनुसन्धानले श्रमिक विभिन्न रूपमा जोखिममा रहेको देखाएको हो । साउदी अरब, युएई, कतार, ओमान, बहराइन र कुवेतमा रहेका एसिया र अफ्रिकाका ४४ जना श्रमिकसँग गरिएको कुराकानी र अनुसन्धानबाट श्रमिकमा गम्भीर असर परेको देखाएको हो । उनीहरूले 'सुरक्षा जोखिम, आम्दानीमा अवरोध, जीवनयापन खर्च बढ्दो अवस्थामा पुगेको' बताएका हुन् ।

अमेरिकाइजरायल-इरानबिचको युद्धले मध्यपूर्व तनावग्रस्त हुँदा त्यहाँ रहेका तीन करोड ५० लाखभन्दा बढी आप्रसावी श्रमिक सबैभन्दा ठुलो जोखिममा परेको इक्विडेमले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । अमेरिका र इजरायलले १७ फागुनमा इरानमा संयुक्त हमला गरेपछि त्यसको जवाफमा इरानले मध्यपूर्वका विभिन्न देशमा रहेका अमेरिकी सैनिक अड्डा तथा अन्य पूर्वाधारमा आक्रमण गरिरहेको छ । हालसम्म दक्षिण एसियाबाट गएका दुई दर्जन हाराहारी श्रमिकको निधन भइसकेको छ ।

इक्विडेमले गरेको अध्ययनका क्रममा युएईमा रहेका एक श्रमिकले भनेका छन्, 'हामीलाई सुरक्षित रहन भनिएको छ, तर कसरी भनिएको छैन, हामी कहाँ जाने, भित्र बस्ने कि बाहिर जाने ? कसैले भनेका छैनन् ।' अर्कातिर्फ श्रमिकले कामको समयावधि कटौती गरिएको, पारिश्रमिक आउन ढिलाइ हुने गरेको तथा जागिरकै चिन्ता बढ्न थालेको समेत श्रमिकले बताएका छन् । बहराइनमा रहेका एक आप्रवासी श्रमिकले भनेका छन्, 'मेरो काम गर्ने समय कटौती गरिएको छ, मैले काम गर्ने क्याफे केही दिन बन्द नै रहने गर्छ, तलब कटौतीका विषयमा भनिएको छैन, यदि यस्तै अवस्था रहे मेरो परिवारलाई कसरी सहयोग गर्ने ? चिन्ताले सुत्नै सकेको छैन ।'

इक्विडेमको अनुसन्धान विभागका प्रमुख तथा इक्विडेम रिसर्च नेपालका कार्यकारी निर्देशक रामेश्वर नेपालले मध्यपूर्वमा रहेका नेपालसहितका आप्रवासी श्रमिकमा धेरै ठुलो मनोवैज्ञानिक त्रासमा रहेको बताए । 'यो अनुसन्धानका लागि हामी करिब दुई सय आप्रवासी श्रमिकसँग सम्पर्कमा पुगेका थियौं,' यो अनुसन्धानमा संलग्न उनले भने, 'आप्रवासी श्रमिकले सुरक्षा जोखिमसँगै तलब घट्न वा नपाउन सक्ने, जागिर गुम्न सक्नेलगायत धेरै चिन्ता गरेका छन्, कतिपयले यस्ता समस्या सुरु भइसकेको बताएका छन् ।' इक्विडेमको यो अनुसन्धानका क्रममा नेपाल, बंगलादेशलगायत दक्षिण एसियाली देश र अफ्रिकाका गरी ४४ आप्रवासी श्रमिकसँग भने अन्तर्वार्ता नै गरिएको उनले बताए । आप्रवासी श्रमिकले देशकै श्रमिकलाई सरह समान व्यवहार गर्न, युद्ध तथा सम्भावित आक्रमणको विषयमा सूचना तथा जानकारी दिन, श्रमिकको हक-अधिकारको सुनिश्चितता गर्नलगायत मागसमेत गरेका छन् ।

यसअघि श्रम तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूले संयुक्त विज्ञप्ति जारी गर्दै द्वन्द्वग्रस्त क्षेत्रमा आप्रवासी श्रमिकले धेरै जोखिम भोग्ने गरेको र खाडी क्षेत्रमा यो जोखिम अझ बढी हुन सक्ने भन्दै सरोकारवालाको ध्यानाकर्षण गराएका थिए । कोसिन अन लेबर जस्टिस फर माइग्रेन्ट इन गल्फ, एन्टी स्लेभरी इन्टरनेसनल, इक्विडेम, ग्लोबल लेबर जस्टिस, श्रमिक सञ्जाललगायत संस्थाले विज्ञप्ति जारी गर्दै आप्रवासी श्रमिकको सुरक्षा र अधिकार सुनिश्चित गर्नसमेत माग गरेका थिए ।

*(एजेन्सीहरूको सहयोगमा)*

# राष्ट्रिय स्वाधीनताको रक्षाका लागि स्वाधीन संयुक्त सरकारको नारा अगाडि सारेका हौं !

## ❑ सीपी गजुरेल 'गौरव', महासचिव- क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल नेपाल



***जेनजी विद्रोहपछि विकसित राजनीतिक परिस्थितिलाई क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले कसरी मूल्याङ्कन र विश्लेषण गरेको छ ? सङ्क्षिप्तमा प्रकाश पारिदिनुस् न ।***

हाम्रो पार्टीको मूल्याङ्कन के छ भने भाद्र २३ गते सुरु भएको जेनजी विद्रोह दलाल नोकरशाही पुँजीपति तथा सामन्त वर्गीय राज्यसत्ता, संविधान र संसदीय व्यवस्थाको विरोधमा थिएन । यो ओली नेतृत्वको गठबन्धन सरकारले सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध, देशमा हुँदै आएका भ्रष्टाचार र पुराना संसदवादी दलहरूका अन्य कतिपय गलत क्रियाकलापका विरुद्ध जेनजी युवाहरूको शान्तिपूर्ण विद्रोह थियो । यस प्रकारको जेनजी विद्रोह अमेरिकी साम्राज्यवाद तथा भारतीय विस्तारवाद र तिनका नेपाली दलालहरूले अपहरण गरे । ओली सरकारलाई अपदस्थ गर्ने विषयमा विभिन्न स्वार्थ समूहहरू एक ठाउँमा उभिए । तर तिनका आ-आफ्ना स्वार्थहरू पनि थिए । अमेरिकी साम्राज्यवादले चीनलाई घेराहाल्नका लागि यो विद्रोहलाई दुरूपयोग गरी नेपालमा आफ्नो भरपर्दो नयाँ दलाललाई सत्तासीन गराउन चाहन्थ्यो । यसका निमित्त अमेरिकाद्वारा आर्थिक लगानी गरिएका विभिन्न आइएनजिओहरू र गैह्रसरकारी संस्थाहरूलाई प्रयोग गरियो । बारबरा फाउन्डेसन, अमेरिकी युथ काउन्सिल, समता फाउन्डेसन, फ्रि तिब्बत स्टुडेन्ट मुभमेन्ट, टिओबी (त्ध्दभतबल इचष्लत्बर्बा द्ययियम), हामी नेपाल जस्ता गैरसरकारी संस्थाहरूबाट पालित पोषित साम्राज्यवादी एजेन्टहरूद्वारा विद्रोहलाई अपहरण गरियो । जेनजी विद्रोहपछिका विकसित घटनाक्रमले यसलाई साबित गरिसकेको छ ।

युवाहरूको न्यायपूर्ण र शान्तिपूर्ण यो सुधारात्मक आन्दोलनमाथि राज्यले नृशंसतापूर्वक दमन गर्‍यो । स्कूले पोशाकमा आएका निर्दोष नवयुवा विद्यार्थीहरू, जसलाई छाती र टाउकोमा ताकी ताकी गोली हानियो र उनीहरूको विभत्स हत्या गरियो । त्यसको जति आलोचना गरे पनि कमै हुन्छ । यस घटनामा सत्ता, व्यवस्था र शासकहरू पूर्णरूपमा जिम्मेवार छन् । हामीले उठाउँदै र सडकमा सङ्घर्ष गर्दै आएका कतिपय मुद्दाहरू नै नवयुवाहरूले पनि उठाएका थिए, त्यसलाई हामीले सकारात्मक रूपमा लिएका छौं । तर यस विद्रोहको सम्बन्ध साम्राज्यवादसँग पनि जोडिएको छ । साम्राज्यवादले नेपालमा मात्र होइन, यस्ता प्रकारका आन्दोलन/विद्रोहहरू धेरै देशमा सञ्चालन गरिसकेको छ । भदौ २४ मा जुन आगजनी, विध्वङ्श मच्चाइयो, संसद भवन, सिंहदरबार, सर्वोच्च अदालत, राष्ट्रपति भवन, व्यापारिक प्रतिष्ठान र व्यक्तिका निजी निवासहरूमा छानी छानी आगजनी गरियो, त्यो मूल रूपमा राष्ट्र र जनताको सम्पत्ति र स्वार्थमाथिको हमला थियो । यसको हामीले कडा निन्दा र भर्त्सना गरेका छौं । जेनजी विद्रोहपछि मुलुकको राष्ट्रिय स्वाधीनतामाथि गम्भिर सङ्कट उत्पन्न भएको छ । देशको स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षाका निम्ति सच्चा देशभक्त र कम्युनिस्ट क्रान्तिकारी शक्तिहरू एकताबद्ध भएर सङ्घर्षलाई अगाडि बनाउनुपर्ने परिस्थिति निर्माण भएको छ ।

***पुराना र नयाँ संसदवादी पार्टीहरू यतिखेर फागुन २१ मा हुने भनिएको निर्वाचनमा होमिएका छन् । तर यहाँहरूले भने निर्वाचन बहिष्कार गर्नुभएको छ । निर्वाचन किन बहिष्कार गर्नुभएको हो ? यसबारेमा प्रकाश पारिदिनुस् न ।***

निर्वाचन बहिष्कार र उपयोग कम्युनिस्ट क्रान्तिकारीहरूका लागि कार्यनीतिक विषय हो । कतिले निर्वाचनको विषयलाई रणनीतिक विषय मान्दछन् । तर लेनिनको व्याख्यालाई आधार मानेर भन्ने हो भने निर्वाचन भनेको कार्यनीतिक विषय नै हो । कुनबेला उपयोग गर्दा क्रान्तिलाई फाइदा हुन्छ, र कुन बेला बहिष्कार गर्दा फाइदा हुन्छ, तत्कालीन परिस्थितिको ठोस विश्लेषणको आधारमा गरिने निर्णय हो ।

मङ्सिर १६ र १७ मा सम्पन्न पार्टीको केन्द्रीय समितिको बैठकबाट हामीले सुशीला नेतृत्वको कठपुतली सरकारले गराउने फागुन २१ को निर्वाचन बहिष्कार गर्ने निर्णय लियौं । हाम्रो स्पष्ट धारणा छ – यही संविधान अन्तर्गत यही सरकारले गराउने निर्वाचनबाट चुनिने भनेका साम्राज्यवाद तथा विस्तारवादका उनै पुराना र केही नयाँ दलालहरू हुन् । साम्राज्यवादी तथा विस्तारवादी शक्तिका दलालहरूबाट निर्मित सरकारले जनतन्त्र र जनजीविका यावत समस्या समाधान गर्न सम्भव छैन । त्यसले गर्ने भनेको देशको बचे खुचेको राष्ट्रिय स्वाधीनता विदेशीलाई सुम्पने मात्र हो । यो स्थितिमा देशको स्वाधीनताको रक्षा गरेर जनतन्त्र तथा जनजीविकाका समस्या समाधान गर्नका लागि स्वाधीन संयुक्त सरकारको गठन एकमात्र सही विकल्प हो । यो स्थितिमा क्रान्तिकारी संयुक्त मोर्चाको निर्माण, सङ्घर्षको बलमा स्वाधीन संयुक्त सरकारको गठन र वर्तमान प्रतिक्रियावादी संविधान खारेज गरी जन संविधानको निर्माण गर्ने दिशामा दृढतापूर्वक अगाडि बढाउनु पर्दछ भन्ने हाम्रो ठहर छ । हामीले यस प्रकारको क्रान्तिकारी विकल्प सहित प्रतिक्रियावादी निर्वाचन बहिष्कार गरेका हौं ।

***कथित नयाँ विकल्प भन्ने गरिएको रास्वपाले उठाएका अधिकाङ्श उम्मेदवारहरू कुनै न कुनै हिसाबले पश्चिमा शक्तिहरूसँग जोडिएको देखिएको छ, जस्तो हामी नेपाल, बारबरा फाउन्डेसन, अमेरिकी दूतावासको युथकाउन्सीलका सदस्यहरू रहेका छन् । यो अवस्थामा निर्वाचनपछि मुलुक कतातिर जाला ?***

हो, तपाईले सही प्रश्न गर्नुभयो । यसैबाट पनि स्पष्ट हुन्छ कि यो प्रायोजित निर्वाचन हो । यो निर्वाचनको उद्देश्य भनेको अहिलेको भूराजनीतिक परिस्थितिमा साम्राज्यवादको मुख्य नाइके अमेरिकाले नेपालमा आफ्नो बलियो प्रभाव स्थापित गर्न खोजेको छ । र, आफू अनुकूलको शक्तिलाई वैधानिक रूपमा सत्तासिन गराउन खोजेको छ । उसको मुख्य प्रतिस्पर्धी चीन भएर आएको छ र उसले चीनलाई प्रमुख शत्रु राष्ट्र मान्छ । उसले वैधानिक रूपमा नेपाललाई आफ्नो नियन्त्रणमा लिएर नेपालका दुवै छिकेकी र मुख्यतः चीन विरोधी गतिविधि सञ्चालन गराउन चाहन्छ । सिआइएकै प्रायोजनमा खम्पा विद्रोह गराइएको तथ्य पनि हाम्रा सामु जगजाहेरै छ । नेपालमा एमसीसी परियोजना नै यसै उद्देश्यका लागि ल्याइएको हो । हामीले एमसीसी सम्झौता सदनबाट अनुमोदन गर्न नदिन ठुलो सङ्घर्ष गर्‍यौं । आफूलाई ठुला पार्टी भन्नेहरू सबै मिलेर संसदबाट त्यसलाई पास गरिदिए । अहिले एमसीसी परियोजना कार्यान्वयन भइरहेको छ । त्यो नेपाल कब्जा गर्ने उद्देश्यबाट नै प्रेरित भएको परियोजना हो । पुराना दलालहरूबाट आफ्नो उद्देश्य पूरा नहुने भएपछि अझ खाँटी दलालहरूको सरकार बनाउनका निम्ति यो चुनाव गरिदै छ । चुनावपछि बन्ने सरकारबाट एसपीपी सम्झौता गराउने र नेपालमा वैधानिक रूपमा अमेरिकी सेना ल्याउने स्थिति बन्नेछ । देशको सार्वभौमिकताको रक्षा गर्ने जिम्मा लिएको नेपाली सेना पनि विदेशी स्वार्थको मतियार बन्न पुगेको अवस्थामा नेपालमाथि नवऔपनिवेशिक उत्पीडनको सिकन्जा झन-झन कसिँदै जाने र नेपाली सर्वहारा क्रान्तिको सन्दर्भमा देशको सार्वभौमिकता तथा राष्ट्रिय स्वाधीनताको रक्षाको प्रश्न प्रधान पक्ष बन्नेछ । साम्राज्यवादले जस्तो चाहन्छ, त्यसैगरी यहाँको सत्ता सञ्चालन गर्नेछ ।

न व उ दा र वा द , नवसंशोधनवाद, उत्तरआधुनिकतावाद जस्ता विचारधारालाई साम्राज्यवादले उत्पीडित राष्ट्रको स्वाधीनता र सर्वहारावर्गीय क्रान्तिकारी कम्युनिस्टका विरुद्ध प्रयोग गर्दै आइरहेको छ । हामीले गरेको यो विश्लेषण नै अहिले आएर सत्य साबित भएको छ । यहाँका सच्चा देशभक्त र सर्वहारावर्गीय क्रान्तिकारीहरूका लागि स्वाधीनताको सङ्घर्ष सञ्चालन गर्नु बाहेक अरु कुनै विकल्प रहने छैन ।

***अमेरिकी साम्राज्यवादले उपनिवेशकालीन चरित्र प्रदर्शन गरिरहेको छ । भेनेजुएलामाथि आक्रमण गरेर त्यहाँका राष्ट्रपति दम्पतीलाई नै अपहरण शैलीमा रातारात अमेरिका पुर्‍याइयो । क्यानाडा र ग्रिनल्याण्डमाथि पनि आक्रमण गर्ने खुल्लेआम घोषणा गरिरहेको छ । यस्तो अवस्थामा विश्वको परिस्थिति कतातिर जाला ?***

यो महत्वपूर्ण प्रश्न हो । अमेरिकी नेतृत्वको एक ध्रुवीय विश्व अहिले विघटित हुने क्रममा छ र विश्व बहुध्रुवीय व्यवस्थातिर गइरहेको छ । विश्वभरबाट आफ्नो बर्चस्व गुम्ने डरले अमेरिकी साम्राज्यवादले अहिले होश गुमाउन पुगेको छ र जताततै आतङ्क सिर्जना गर्न थालेको छ । उसले अहिले उपनिवेशकालीन चरित्र प्रदर्शन गर्न थालेको छ । भेनेजुएलाको घटनाले पनि यसलाई पुष्टि गर्दछ । र, आफ्नो बर्चस्व कायम राख्नका लागि क्यानाडा र ग्रिनल्याण्डमाथि पनि आक्रमणको धम्की दिइरहेको छ ।

जहाँसम्म भेनेजुएलाको विषय छ, भेनेजुएलामा पहिलेदेखि नै अमेरिकाको विरोध भइरहेको थियो । त्यहाँका बोलिभेरियन समाजवादीहरूले अमेरिकी साम्राज्यवादका विरुद्ध सङ्घर्ष गर्दै आइरहेका थिए । बोलिभेरियन समाजवाद कम्युनिस्टहरूले भन्ने गरेको जस्तो वैज्ञानिक समाजवाद नभए पनि साम्राज्यवादविरोधी चरित्रको छ । ह्युगो चाभेज पनि यही समाजवादका अनुयायी थिए । चाभेजले एकपटक भनेका थिए- 'अमेरिकी साम्राज्यवादले मेरो हत्या गर्न ५१ पटक प्रयास गरिसकेको छ ।' यस्ता षड्यन्त्र त अमेरिकाले पहिलेदेखि नै गर्दै आएको थियो । त्यहाँको तेल लगायतका खनिज पदार्थ कब्जा गर्न विगतका अमेरिकी राष्ट्रपतिहरूले पनि योजना बनाएका थिए । तर उनीहरू प्रत्यक्ष हमलाको तहमा आउन हिच्किचाए । ट्रम्पले भने मध्यरातमा एउटा स्वतन्त्र र सार्वभौम मुलुकमा हमला गरेर राष्ट्रपतिलाई सुतिरहेकै ठाउँबाट अपहरण गरी रातारात अमेरिका पुर्‍यायो । संसारभरबाट अमेरिकाको यो फासिवादी कदमको विरोध भइरहेको छ तर त्यसले ट्रम्पलाई कुनै असर परेको देखिएको छैन । बरु उल्टो भेनेजुएलाको राष्ट्रपति पनि आफै भएको घोषणा गरेको छ । तर अमेरिकी कब्जामा रहेका भेनेजुएलाका राष्ट्रपति मदुरोले आफ्नो देशको स्वाधीनताको पक्षमा निडरतापूर्वक बोलिरहेका छन् । उनी झुकेका छैनन् । र, विश्वभरका न्यायप्रेमी स्वाभिमानी नागरिकहरूले भेनेजुएलाको स्वाधीनताको पक्षमा आवाज उठाइरहेका छन् र मदुरो दम्पतीको सकुशल रिहाइका लागि जोडदार माग गरिरहेका छन् । हाम्रो पार्टी लगायतका नेपालका वामपन्थी पार्टीहरूले पनि निरन्तर रूपमा भेनेजेएलाको स्वाधीनताको पक्षमा आवाज उठाउँदै मदुरो दम्पतीको रिहाइका लागि जोडदार माग सहित विभिन्न कार्यक्रम गर्दै आएका छन् ।

अमेरिकी साम्राज्यवादको यही फासिवादी चरित्रका कारण विश्वभरका उत्पीडित राष्ट्रहरूको स्वाधीनतामाथि गम्भीर सङ्कट उत्पन्न भइरहेको छ । यस अवस्थामा विश्वव्यापी रूपमा साम्राज्यवादविरोधी मोर्चालाई सशक्त रूपमा अगाडि बढाउनु अपरिहार्य छ र त्यस दिशातर्फ हाम्रो पार्टीले पहल पनि गरिरहेको छ ।

***अमेरिकाले विश्वभर आतङ्क सिर्जना गरिरहँदा र गाजा क्षेत्र लगायतमा नरसंहार मच्चाउँदा किन सशक्त रूपमा रुस र चीन बोलिरहेका छैनन् ?***

यहाँ बुझ्नुपर्ने विषय के छ भने सबै साम्राज्यवादी देशहरूले सबैभन्दा पहिले आफ्नो स्वार्थ हेर्छन् । चीन र रुसले पनि आफ्नै स्वार्थ हेरिरहेका छन् । आफ्नो देशलाई फाइदा हुन्छ भने अरु देशलाई जेसुकै होस्, उनीहरूले पनि खासै मतलव राख्दैनन् । एउटा पत्रिकामा हालै एउटा कार्टुन हेरेको थिएँ - अमेरिकालाई भेनेजुएला चाहिएको, रुसलाई युक्रेन र चीनलाई ताइवान चाहिएको थियो, त्यो उनीहरूको पूरा हुने देखेपछि उनीहरू चुपचाप छन् । यस्तै पो हो कि भन्ने देखिएको छ । त्यो अवस्थामा भेनेजुएलाको पक्षमा को बोलिदिने ? तर एउटा सकारात्मक कुरा चाहिँ के हो भने अमेरिकी कब्जामा भएपनि भेनेजुएलाका राष्ट्रपति निकोलस मदुरोले आत्मसमर्पण गरेका छैनन् । त्यहाँका राष्ट्राध्यक्षले नै आत्मसमर्पण गरेपछि त आन्दोलन नै अलपत्र पर्दछ । तर देशको स्वाधीनताका लागि त्यही देशका शासक र जनता त्याग, तपस्या र बलिदान गर्न तयार हुन्छन् भने स्वाधीनताको आन्दोलन सकिँदैन । त्यसलाई बल पुर्‍याउन अन्तर्राष्ट्रिय सहयोग पनि प्राप्त हुन्छ । अहिले मदुरोले सच्चा देशभक्तको परिचय दिइरहेका छन् ।

***प्रसङ्ग बदलौं, निर्वाचन बहिष्कारका लागि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको नेतृत्व र पहलमा संयुक्त सङ्घर्ष समिति बनाउनु भएको छ । यस बारेमा सङ्क्षिप्तमा प्रकाश पारिदिनुस् न ।***

आ-आफ्ना फरक विचार र दृष्टिकोण भएपनि तत्काल नेपालको अस्तित्व नै सिद्धिने खतरा अगाडि देखापरेको अवस्थामा कार्यगत एकता वा संयुक्त मोर्चा बनाएर अगाडि जाऔं भन्ने हामीले गरेको प्रस्तावमा साथीहरू सहमत हुनुभयो र संयुक्त सङ्घर्ष समिति (संयुक्त मोर्चा) निर्माण सम्भव बन्यो । हामीले कार्यगत एकता, संयुक्त मोर्चा र पार्टी एकताका विषयमा खुल्ला छलफल गरिरहेका छौं ।

अहिलेको अवस्थामा हाम्रो पार्टीको अरु वामपन्थी पार्टीसँग तत्कालै पार्टी एकता हुने अवस्था छैन । मुख्य सिद्धान्त र कार्यदिशामा मतभेद र अन्तरविरोध राखेर पार्टी एकता हुँदैन । अहिले नै त्यतातिर प्रवेश गर्नु व्यर्थमा समय विताउनु जस्तो मात्रै हुन्छ । त्यसैगरी कार्यगत एकता मात्रैले पनि अहिलेको परिस्थितिलाई थेग्न नसक्ने भो । एकाध मुद्दाको आधारमा कार्यगत एकता बन्न त बन्छ तर त्यो लामो समयसम्म जाँदैन । एकाध कार्यक्रम त संयुक्त रूपमा होलान् तर त्यो त्यति प्रभावकारी हुँदैन र त्यसो गर्नु र नगर्नुको खासै अर्थ पनि रहँदैन । अहिलेको परिस्थितिमा हामीलाई योभन्दा माथिल्लो एकता चाहिएको छ । अहिलेको अवस्थामा आवश्यक र उपयुक्त भनेको क्रान्तिकारी संयुक्त मोर्चा हो । यसै विश्लेषणका आधारमा हामीले ५ वटा वामपन्थी पार्टीबिच क्रान्तिकारी संयुक्त मोर्चा निर्माण गरेका हौं । सहकार्य गर्दै जाँदा पार्टी एकता पनि हुन सक्ला, त्यसको बाटो खुल्लै राख्ने तर तत्कालका लागि चाहिँ क्रान्तिकारी संयुक्त मोर्चा निर्माणमा नै जोडगरेका छौं । संयुक्त मोर्चामा नभएका अन्य साथीहरूले पनि निर्वाचन बहिष्कारको पक्षमा आफ्ना धारणा सार्वजनिक गरिरहनु भएको छ । उहाँहरूसँग पनि क्रान्तिकारी संयुक्त मोर्चाका निम्ति वार्ता भइरहेको छ । यी उल्लेखित मुद्दामा सहमत हुने अन्य कम्युनिस्ट घटक र व्यक्तिहरूलाई पनि क्रान्तिकारी संयुक्त मोर्चामा गोलबन्द गर्दै हामी पार्टी एकतासम्मको लक्ष्य हासिल गर्न प्रयत्न गरिरहेका छौं । अहिले केन्द्रीय संयुक्त सङ्घर्ष समिति बनेको छ । ७७ वटै जिल्लामा संयुक्त सङ्घर्ष समिति बन्ने क्रममा रहेको छ । र, केन्द्रीय संयुक्त सङ्घर्षको समितिकै आह्वानमा पहिलो र दोस्रो चरणको सङ्घर्षको कार्यक्रम सफलतापूर्वक सम्पन्न भइसकेको छ र तेस्रो चरणको सङ्घर्षका कार्यक्रम घोषणा गर्ने चरणमा रहेका छौं । त्यसको तयारी भइरहेको छ ।

***निर्वाचन बहिष्कार सम्बन्धी आगामी कार्यक्रम चाहिँ के कस्ता हुन्छन् ? केही बताइदिनुस् न ।***

प्रतिक्रियावादी साम्राज्यवादी षडयन्त्र र भ्रमको भण्डाफोर गर्न र क्रान्तिकारी शक्तिहरूको आधारलाई बलियो बनाउन क्रान्तिकारी संयुक्त मोर्चाले महत्वपूर्ण भूमिका खेलिरहेको छ । पहिलो र दोस्रो चरणको आन्दोलन चाहिँ शान्तिपूर्ण र प्रचारात्मक हुन्छ, जनतालाई यथार्थ अवस्थाको जानकारी गराउनु पर्छ, पर्चा बाँड्ने, पोस्टर टाँस्ने, साना साना जुलुसहरू निकाल्ने, जनसभाहरू गर्ने, भित्ते लेखन गर्ने, मशाल जुलुसहरू निकाल्ने लगायतका कार्यक्रम गर्नुपर्छ र जनतामा हाम्रा मुद्दाहरूलाई स्थापित गराउनु पर्छ भन्ने थियो । यी दुई चरणका सघर्षका कार्यक्रम सम्पन्न हुन गइहेका छन् । अब तेस्रो चरणको कार्यक्रम सुरु हुन्छ । जब चुनाव नजिक आउँछ, उम्मेदवारी दर्ता भइसकेपछि सङ्घर्षका रूप पनि सोही अनुसार नै तय गर्नुपर्छ भन्ने हाम्रो निर्णय हो । हामी चाँडै बैठक बसेर तेस्रो चरणको सङ्घर्षको कार्यक्रम तय गर्छौं । हामी विगतको भन्दा अलि माथिल्लो स्तरको सङ्घर्षको कार्यक्रम तय गर्छौं । तर, हामी जनताबाट अलग हुने गतिविधि गर्दैनौं । जनतालाई साथमा लिएर सङ्घर्षमा जाने कार्यक्रम तय गर्छौं । यसअघि हामीले जनसम्बन्ध विस्तार अभियान सञ्चालन गरेजस्तै कार्यक्रम लिएर जनताको बीचमा जान्छौं । सङ्गठन विस्तार र सङ्घर्ष सञ्चालनलाई एकसाथ अगाडि बढाउँछौं ।

***क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले व्यवस्थाको मात्रै होइन, सरकारको विकल्प पनि अगाडि सारेको देखिन्छ । यहाँहरूले भन्ने गरेको स्वाधीन संयुक्त सरकारको बारेमा पनि प्रकाश पारिदिनुस् न ।***

आज देशको मूल समस्या साम्राज्यवादको निर्देशनमा प्रतिगमन र यथास्थितिवाद बन्न पुगेको छ । राष्ट्रिय स्वाधीनता र सार्वभौमिकताको रक्षाको हाम्रो अभियानमा यी देशीविदेशी तत्वहरू बाधा बनेर उभिएका छन् । देशको राष्ट्रिय स्वाधीनता र सार्वभौमिकता आज अत्यन्त कमजोर हुन गएको छ । साम्राज्यवाद र तिनका दलालहरूबाट मुक्त नहुँदासम्म देशले यसप्रकारको राष्ट्रिय सङ्कट, अस्थिरता र अराजकताबाट मुक्ति पाउन सक्दैन । यी यावत समस्याको समाधान निर्वाचनले गर्दैन । यो तथ्यलाई यसभन्दा पहिलेका निर्वाचनहरूले पनि पुष्टि गरिसकेका छन् । तसर्थ, हामीले सत्ता र व्यवस्थाका साथै सरकारको नारा पनि अगाडि सारेका छौं । हामीले देशको स्वाधीनता र सार्वभौमिकताको रक्षा गर्न स्वाधीन संयुक्त सरकारको नारा अगाडि सारेका हौं । रणनीतिक लक्ष्य हासिल गर्न अगाडि सारिएको यो कार्यनीतिक नारा हो ।

साम्राज्यवाद र विस्तारवाद विरोधी सबै राजनीतिक दल, सङ्गठन, समूह तथा व्यक्ति-व्यक्तित्वहरूको राष्ट्रिय राजनीतिक सम्मेलन, वर्तमान कठपुतली सरकारको विघटन गरी स्वाधीन संयुक्त सरकारको गठन गर्ने प्रस्ताव गरेका छौं । यसप्रकारको सरकारले राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, भौगोलिक अखण्डता, जनजीविका तथा जनवादका समस्याहरू हल गरी अग्रगमनको बाटो खोल्ने छ । यसका लागि जुन हदसम्म नीतिहरू मिल्न सक्छन्, त्यो हदसम्म विभिन्न पार्टी, सङ्गठन, समूह तथा व्यक्तिहरूका बीचमा संयुक्त मोर्चा बनाएर तलसम्म जनतालाई आन्दोलित बनाउने हाम्रो नीति रहेको छ ।

***अन्तमा, पार्टीको मुखपत्र 'कम्युनिस्ट' मार्फत् यहाँले भन्न चाहेको तर मैले सोध्न छुटाएको केही विषयवस्तु छन् भने राखिदिनुस् न ।***

तीनवटा क्रान्तिकारी पार्टीबिच एकीकरण भइसकेपछि पार्टीको मुखपत्र निकाल्ने भन्ने निर्णय गरिएको थियो । यसलाई कार्यान्वयन गर्न हामी गइरहेका छौं । सङ्गठन र सङ्घर्षका कार्यक्रम व्यवस्थित गर्ने दौरानमा व्यस्त हुँदा केही सयम ढिलो हुन गयो । मुखपत्र प्रकाशन गर्ने काम अब हाम्रो पहिलो एजेण्डामा पर्छ । अहिलेको अवस्थामा हाम्रो पार्टीको के नीति हो त ? क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले अब के गर्छ त ? चुनाव बहिष्कार गर्‍यो भन्ने त स्थापित भयो । त्यतिले मात्रै त भएन । प्रतिक्रियावादीहरू, साम्राज्यवादीहरूले अनेक भ्रम पारेका छन् । ती भ्रमहरूलाई चिर्न र सत्यतथ्य जनतामा लैजान व्यवस्थित ढङ्गले हाम्रा नीति विचारहरूलाई अगाडि सार्नुपर्छ । पार्टी सदस्यको मात्र होइन समर्थक र सामान्य जनताको वैचारिक र राजनीतिक स्तर उठाउन पनि पार्टी मुखपत्रको महत्व स्वतः सिद्ध छ ।

अहिले क्रान्तिकारी कम्युनिस्टहरू पनि निराश भएर प्रतिक्रियावादी र साम्राज्यवादीहरूले जे गरेपनि केही गर्न सकिदैन भन्ने मनस्थितिमा देखिएका छन् । उनीहरू निष्क्रिय भएर घर बसेका छन् । उनीहरूलाई पनि जगाउनु पर्छ । जनतामा पनि निराशा छ । अहिले पुराना पार्टी र नेताहरूले सक्दैनन्, नयाँ पार्टी र युवाले सक्छन् भन्ने भाष्य जबर्जस्त अगाडि ल्याइएको छ । प्रश्न पुरानो र नयाँको होइन, सही र गलत विचारको हो । ती नयाँ र युवा भन्नेहरूले पुरानाले भन्दा गएगुज्रेको नीति लिएका छन् । त्यस्ता फजुल कुराहरूले जनता भ्रमित हुन पुगेका छन् । तसर्थ, जनतालाई राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति कस्तो छ भनेर स्पष्ट पार्नका निम्ति हाम्रो मुखपत्रको प्रकाशनले महत्वपूर्ण भूमिका खेल्नेछ । जनतालाई हामी यो भन्न चाहन्छौं कि निराश हुनुपर्ने आवश्यकता छैन । निर्वाचनले निकास दिँदैन । निर्वाचनबाट अब आउनेहरूले कुनै चमत्कार गर्नेवाला छैनन् । बरु बचेखुचेको स्वाधीनता पनि गुम्ने स्थिति आउने छ । देशको स्वाधीनता बचाउन फेरि एउटा लडाइँ लड्नैपर्छ । जनताको देशप्रेम नै हाम्रो तागत हो । ग्रिनल्याण्डका जनताले जसरी सडकमा उत्रिएर अमेरिकी साम्राज्यवादको विरोध गरे र अमेरिकालाई पछि हट्न बाध्य बनाए, त्यस्तै नेपालमा सच्चा देशभक्त र क्रान्तिकारी जनताबाहेक अरुले देशको स्वाधीनता बचाउन सक्दैनन् । साम्राज्यवादले हस्तक्षेप गरेको देशका जनता स्वाधीनतका लागि लडिरहेका छन् । हामी मात्रै त छैनौं । विश्वभरका जनता छन् । विश्वभरका साम्राज्यवादविरोधी जनतासँग हामी पनि जोडिएका छौं । राष्ट्रिय स्वाधीनताको मुद्दालाई प्रधान बनाएर क्रान्तिकारी शक्तिलाई एकताबद्ध तुल्याउने प्रयासमा लागिरहेका छौं । जनताको समर्थन पनि प्राप्त हुँदै गएको छ । जनता र क्रान्तिकारी पङ्क्तिलाई पनि उत्साहित पार्दै गइरहेका छौं । यी कुरा हाम्रो पार्टीको मुखपत्र 'कम्युनिस्ट'मार्फत् सार्वजनिक गर्न पाउँदा अत्यन्त खुशी र गर्वको महसुश भइरहेको छ । पार्टीको मुखपत्र प्रकाशनमा लाग्नुभएका कमरेडहरूलाई धेरै धन्यवाद दिन चाहन्छु । - 'कम्युनिस्ट'बाट

## साम्राज्यवादी...

लेनिनको सोही रचनामा साम्राज्यवाद पुँजीवादी राष्ट्रहरूले नयाँ बजार र स्रोतहरू खोज्दा उत्पन्न हुन्छ भन्ने तर्क गरिएकोछ। सन् १९६५ मा अफ्रिकी देश घानाका राजनीतिज्ञ क्वामे न्क्रुमाह (सन् १९०९-१९७२) को रचना 'नव-उपनिवेशवादः साम्राज्यवादको अन्तिम चरण' मा व्यापार, सैन्य शिविर, सांस्कृतिक प्रभुत्व र अन्तर्राष्ट्रिय मुद्राकोषसँग जोडेर नव-उपनिवेशवादलाई 'साम्राज्यवादको अन्तिम चरण' को नाम दिएका थिए।

सन् १९६७ मा समाजशास्त्री आन्द्रे फ्र्याङ्क (सन् १९२९-२००५) ले असमान विनिमय (साम्राज्यद्वारा नियन्त्रित मूल्य निर्धारण) स्वयम्ले साम्राज्यलाई पुनः उत्पादन गर्दछ भन्ने दावी गरेकाछन्। सन् १९७८ मा प्यालेस्टिन मूलका अमेरिकी प्राज्ञिक एडवार्ड साईद (सन् १९३५-२००३) ले साम्राज्यवाद शब्दलाई प्रभुत्व र अधीनस्थतालाई वर्णनगर्न प्रयोग गरेकाछन्, जसले साम्राज्यवादी केन्द्र र परिधीय क्षेत्रलाई प्रतिबिम्बित गर्दछ। सारांशमा भन्नुपर्दा साम्राज्यवाद भनेको विदेशी राष्ट्रहरूमाथि विशेषगरी विस्तारवाद – जसमा कडा शक्ति (सैन्य र आर्थिक शक्ति) र नरम शक्ति (कूटनीतिक शक्ति र सांस्कृतिक साम्राज्यवाद) दुवैको प्रयोग गरिन्छ – मार्फत आफ्नो शक्ति कायम राख्नु र विस्तारगर्नु हो। साम्राज्यवाद प्रभुत्व स्थापनागर्न वा कायमराख्न र औपचारिक साम्राज्य विस्तारगर्नमा केन्द्रित रहन्छ। साम्राज्यवाद भन्नाले यस्तो नीति वा विचारधारालाई बुझाउँछ जहाँ एउटा राष्ट्रले उपनिवेशवाद, सैन्य शक्ति, वा अन्य भौगोलिक क्षेत्र र जनतामाथि आर्थिक तथा राजनीतिक प्रभुत्वमार्फत् आफ्नो शक्ति र प्रभाव विस्तार गर्दछ। यो आधुनिक संसारलाई आकार दिनमा, विशेष गरी १६औं शताब्दीदेखि २०औं शताब्दीको मध्यसम्म, एक प्रमुख शक्ति रहेकोछ।

***साम्राज्यवादका सङ्कटहरू***

साम्राज्यवादका सङ्कटहरू सम्बन्धी अवधारणा एक आलोचनात्मक रूपरेखा हो जुन प्रायः मार्क्सवादी-लेनिनवादी विश्लेषणमा आधारित रहेको हुन्छ, जसले पुँजीवादी विकासको साम्राज्यवादी चरणमा अन्तर्निहित बारम्बार दोहोरिने प्रणालीगत अन्तर्विरोधहरू र असफलताहरूलाई वर्णन गर्ने गर्दछ। यी सङ्कटहरू पृथक घटनाहरू होइनन् बरु दीर्घकालीन र अन्तरसम्बन्धित घटनाहरू हुन्, जसले विश्वव्यापी स्तरमा द्वन्द्व, शोषण, र अस्थिरतालाई बढावा दिन्छन्। यहाँ यी सङ्कटहरूका ऐतिहासिक र सैद्धान्तिक दृष्टिकोणहरूबाट संश्लेषण गरिएका मुख्य आयामहरू प्रस्तुत गरिएकाछन् :

१. **आर्थिक सङ्कट** : अतिसंचयको प्रवृत्ति – (क) नाफाको घट्दो दर : आफ्नो देशमा गतिहीनता र नाफाको सङ्कुचन सामना गरिरहेका पुँजीपतिहरूले विदेशमा पुँजी निर्यात, प्रत्यक्ष लगानी र उपनिवेश तथा नव-उपनिवेशहरूबाट स्रोतहरूको दोहन गरेर र अतिरिक्त मूल्य मार्फत उच्च प्रतिफल खोज्दछन्। (ख) अति-उत्पादन र कम-खपत : साम्राज्यवादले विदेशी बजारहरू (वस्तुहरू बेच्नका लागि) र भौगोलिक क्षेत्रहरू (पुँजी लगानी गर्नका लागि) नियन्त्रण गरेर अतिरिक्त वस्तु र पुँजीको समस्या समाधान गर्न खोज्दछ। यसले आर्थिक प्रभाव क्षेत्रका लागि साम्राज्यवादी शक्तिहरूबीचमा तीव्र प्रतिद्वन्द्वीतालाई अगाडि बढाउँछ। (ग) वित्तीयकरण : उत्पादनशील लगानीमा गत्यावरोध आउने हुनाले साम्राज्यवाद परभक्षी वित्तीय पुँजी – ऋण, सट्टेबाजी र अधीनस्थ राष्ट्रहरूमा मितव्ययीता लागू गर्ने संरचनात्मक समायोजन कार्यक्रमहरू – द्वारा बढी विशेषतायुक्त बन्दै जान्छ।

२. **भूराजनीतिक र सैन्य सङ्कट** : अन्तरसाम्राज्यवादी प्रतिद्वन्द्विता र युद्ध – (क) स्रोत र बजारको लागि प्रतिस्पर्धा : पुँजीवादी राज्यहरूको असमान विकासले रणनीतिक स्रोतहरू (तेल, खनिज, व्यापार मार्गहरू) माथि नियन्त्रणको लागि तीव्र प्रतिस्पर्धालाई अगाडि बढाउँछ। यो प्रतिद्वन्द्विता – जुन लेनिनको सिद्धान्तको एक मुख्य आधार हो – लाई द्वन्द्वको एक अपरिहार्य कारणको रूपमा हेरिन्छ। (ख) सैन्यवाद : साम्राज्यवादले व्यापार मार्गहरू सुरक्षित गर्न र लगानीको रक्षाकालागि असहयोगी सरकारहरूलाई सत्ताच्युतगर्न र प्रतिद्वन्द्वीहरूलाई तर्साउन एक विशाल सैन्य संयन्त्रमा भर पर्दछ। यसको परिणामस्वरूप स्थायी युद्ध-अर्थतन्त्र र क्षेत्रीय द्वन्द्वहरू (जस्तै, मध्य पूर्व/पश्चिम एशिया, अफ्रिका, ल्याटिन अमेरिका, पूर्वी यूरोप) अगाडि आउँछन्। (ग) प्रमुख शक्तिहरूबीचको द्वन्द्वको खतरा : शीतयुद्धपछिको युगमा एउटा मात्र प्रभुत्वशाली शक्ति (अमेरिका) रहेको भएतापनि नयाँ शक्तिहरू (जस्तै चीन) को उदयले महाशक्तिहरू बीचको प्रतिद्वन्द्विताको एउटा स्वरूपलाई पुनः स्थापित गरिरहेको छ त्यसले गर्दा द्वन्द्वका केन्द्रहरू (जस्तै, दक्षिण चीन सागर, युक्रेन) सिर्जना भइरहेका छन्, जसलेगर्दा ठूलो द्वन्द्वको जोखिम बढाएकोछ।

३. **राजनीतिक र वैधताको सङ्कट** : प्रतिरोध र प्रभुत्वको पतन – **(क) साम्राज्यवाद-विरोधी राष्ट्रिय मुक्ति आन्दोलनहरू** : ऐतिहासिक रूपमा (भियतनाम, अल्जेरिया आदि) र अहिले चलिरहेका (प्यालेस्टाइन, अफ्रीकी साहेल१ क्षेत्र आदि) सङ्घर्षहरूले प्रत्यक्षरूपमा साम्राज्यवादी प्रभुत्वलाई प्रत्यक्ष्य चुनौती दिन्छन् जसलेगर्दा साम्राज्यवादी स्रोतहरू र नैतिक अधिकारलाई कमजोर बनाउँदछ। **(ख) 'उदार अन्तर्राष्ट्रिय व्यवस्था' को क्षयीरण** : साम्राज्यवादी हितहरूको आवरणकोरूपमा मुख्यतया पश्चिमी शक्तिहरूद्वारा निर्माण गरिएको नियममा आधारित प्रणालीलाई बढ्दोरूपमा चुनौती दिइएकोछ। आइएमएफ र विश्व बैङ्क जस्ता संस्थाहरूमाथि नव-औपनिवेशिक नीतिहरू लागूगरेको आरोप लगाइएकोछ। **(ग) घरेलु राजनीतिक विभाजन** : मुख्य साम्राज्यवादी राष्ट्रहरूभित्रको विश्वव्यापी पुँजीलाई फाइदा पुऱ्याउने नीतिहरूलेगर्दा प्रायः औद्योगिकीकरणमा कमी, असमानता, र सामाजिक पतनलाई निम्त्याउँछन्, जसले विदेश नीतिमा अभिजात वर्गको सहमतिलाई कमजोरपार्ने लोकप्रियतावादी र हस्तक्षेप-विरोधी प्रतिक्रियाहरूलाई बढावा दिन्छन्।

४. **पारिस्थितिक सङ्कट** : साम्राज्यवादी जीवनशैली – **(क) वातावरणीय लागतको बाह्यकरण** : साम्राज्यवादले दोहनकारी उद्योगहरू, विषाक्त फोहोर थुपार्ने (डम्पिङ) र प्रदूषणकारी उद्योगहरू गरिब राष्ट्रहरूकालागि आरक्षितगर्ने माध्यम मार्फत दक्षिणी विश्वमा पारिस्थितिक विनाशको स्थानान्तरणलाई सहजीकरण गर्दछ। **(ख) जलवायु परिवर्तन एक साम्राज्यवादी सङ्कटकोरूपमा** : औद्योगिकीकृत साम्राज्यवादी केन्द्रहरूको ऐतिहासिक र वर्तमान कार्बन उत्सर्जनले जलवायु परिवर्तन निम्त्याएकोछ जसको अत्यन्त्यै खराब असर सबैभन्दा बढी शोषित राष्ट्रहरूले भोगिरहेकाछन्। यसले 'जलवायु न्याय' र 'जलवायु उपनिवेशवाद' का नयाँ रूपहरू (जस्तै हरित ऊर्जाको लागि जमिन कब्जा) का मुद्दाहरू सिर्जना गर्दछ। **(ग) स्रोतका लागि गरिने युद्धहरू** : पारिस्थितिकीय विघटनलेगर्दा हुने अभावले पानी, खेतीयोग्य जमिन र ऊर्जाको लागि प्रतिस्पर्धालाई तीव्र बनाउँछ जसलेगर्दा यी स्रोतहरू सुरक्षितगर्न नयाँ साम्राज्यवादी रणनीतिहरू तर्फ डोऱ्याउँछ (उदाहरणका लागि, भेनेजुएला, ग्रिनल्यान्ड आदि)।

५. **वैचारिक सङ्कट** : सभ्य बनाउने अभियानको असफलता – साम्राज्यवादका वैधानिक वृतान्तहरूलाई (जस्तै- लोकतन्त्र, सभ्यता वा विकास गरिदिने) तानाशाहहरूको समर्थन, योजनावद्ध सत्ता पलट, विनाशकारी युद्धहरू (जस्तै इराक, अफगानिस्तान, सिरिया, लिबिया आदि) र तीव्र विश्वव्यापी असमानताको वास्तविकताले बारम्बार कमजोर पारेकोछ। यसलेगर्दा नरम शक्ति (सफ्ट पावर) लाई कमजोर पार्दछ र गठबन्धन बनाउन कठिन तुल्याउँछ।

***साम्राज्य पतनका सिद्धान्तहरू***

साम्राज्य पतनका सात चरणहरूको सबैभन्दा प्रसिद्ध खाका ब्रिटिश सैन्य अधिकारी तथा लेखक सर जोन ग्लब (सन् १८९७-१९८६) ले अगाडि ल्याएका हुन्। उनले प्रस्तुत गरेको विश्लेषण अनुसार प्राचीन अस्सिरिया२ देखि आधुनिक बेलायतसम्मका धेरै साम्राज्यहरू सबैले तल उल्लेखित विभिन्न चरणहरू पारगर्दै लगभग २५० वर्षको जीवनचक्र बिताउँछन्। ग्लबले प्रस्तुत गरेका सात चरणहरूको विवरण यसप्रकार रहेकाछन् १. **अगुवाहरु (पायोनियर) को युग-विशेषताहरु** : प्रारम्भिक विस्तार, अन्वेषण र जोखिम मोल्ने। बलिया नेताहरूद्वारा समाजको अगुवाइ, कर्तव्यपालनको भावना र दृढता। २. **विजयको युग – विशेषताहरु** : सैन्य विस्तार र भू-भागमाथि विजय। साम्राज्यले आफ्नो शक्तिलाई प्रायः बल प्रयोग गरेर सुदृढ पार्दछ। ३. **व्यापार वाणिज्यको युग – विशेषताहरु** : व्यापार, पूर्वाधार र नवप्रवर्तन मार्फत् सम्पत्ति सिर्जना गर्नमा ध्यान जान्छ। साम्राज्यले बढ्दो समृद्धि प्राप्त गर्दछ। ४. **समृद्धिको युग** : नौतीहरूको सामनागर्न समस्या समाधानका पुराना विधिहरूमा अडिइरहन सक्छन् जुन असफल हुने गर्दछन्। ५. **बौद्धिकताको युग – विशेषताहरु** : धनले शैक्षिक र कलात्मक गतिविधिहरूलाई सहयोग गर्दछ। विडम्बनापूर्णरूपमा यसले बौद्धिक संशयवादलाई निम्त्याउन सक्दछ जसले साम्राज्यको स्थापनाकालीन आदर्श र अधिकारमाथि प्रश्न उठाउँछ र त्यसलाई कमजोर बनाउँदछ। ६. **पतनको युग – मुख्य सूचकहरु** : यो महत्वपूर्ण चरण रक्षात्मकता, निराशावाद, भौतिकवाद र तुच्छताद्वारा चिन्हित हुन्छ। सार्वजनिक कर्तव्यपालनको भावनामा कमी, पैसाप्रतिको प्रेम र सुखको खोजी बढ्दछ। ग्लबले उल्लेख गरेअनुसार जब अगुवाहरू र निर्माताहरूभन्दा बढी चर्चित व्यक्ति र खेलाडीहरू मुख्य सांस्कृतिक नायक बन्दछन् तब साम्राज्य सङ्कटमा पर्दछ। ७. **पतन र विनाशको युग – विशेषताहरु** : अन्तिम चरणमा बढ्दो असमानता, सामाजिक विघटन, साझा उद्देश्यको ह्रास र अन्ततः साम्राज्यको संरचनाको पतन जस्ता कुराहरू समावेश हुन्छन्। ग्लबका सात चरणहरू प्रमुख भए तापनि अन्य विद्वान तथा टिप्पणीकारहरूले साम्राज्यहरू किन पतन हुन्छन् भन्ने बारेमा विभिन्न मोडेल (नमूना) र दृष्टिकोणहरू प्रस्तुत गरेकाछन्। ब्रिटिश रणनीतिकार डेभिड मुरिन (सन् १९६३-) ले प्रस्तुत गरेका पाँच-चरणको मोडेल, वित्तीय टिप्पणीकार माइक मलोनी (१९५५-) ले प्रस्तुत गरेका मुद्राकेन्द्रित सात चरण मोडेल र प्राज्ञिक अनुसन्धानद्वारा सुझाइएका जटिल प्रणालीगत कारणहरू पनि रहेकाछन्।

***अमेरिकी साम्राज्यवादको पतनोन्मुख अवस्था***

आधुनिक युगमा विश्व साम्राज्यवादको एकल नाइकेकोरूपमा संयुक्त राज्य अमेरिका रहँदै आएकोछ। दोस्रो विश्वयुद्ध (सन् १९३९-१९४५) मा जर्मनी र जापानका विरुद्ध मिलेर लडेका तत्कालीन सोभियत सङ्घ र संयुक्त राज्य अमेरिका जर्मनी र जापानको पराजय भएपछि विश्व महाशक्तिकोरूपमा अगाडि आए र अमेरिका ३२औं राष्ट्रपति फ्र्याङ्कलिन रुजवेल्ट सन् (१८४५-१९४५) को पहलमा सन् १९४५ मा संयुक्त राष्ट्रसङ्घको स्थापना भएको थियो र अमेरिका, चीन, फ्रान्स रुस र वेलायत संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषदका स्थायी सदस्य (निषेधाज्ञा प्राप्त राष्ट्र) बनेका थिए। तर दोस्रो विश्वयुद्धको समापन पश्चात तत्कालीन सोभियत सङ्घ र संयुक्तराज्य अमेरिकाको बीचमा प्रतिस्पर्धा प्रारम्भ भयो र समग्र विश्व दुई ध्रुवमा बाँडिन पुग्यो त्यसको परिणामस्वरूप सन् १९४७ मा दुई महाशक्तिहरूका बीचमा शितयुद्ध (कोल्ड वार) को शुरुआत भयो। त्यसपछि सन् १९४९ मा अमेरिकाको नेतृत्वमा उत्तर एटलान्टिक सन्धि सङ्गठन (नर्थ एटलान्टिक ट्रिटी अर्गनाइजेशन-नेटो) र सन् १९५५ मा सोभियत सङ्घको नेतृत्वमा वार्सा सम्झौता (ट्रिटी अफ फ्रेन्डशिप, कोअपरेशन एन्ड म्युचुअल असिस्टेन्स) गठन भयो र दुईवटा प्रतिस्पर्धि सैन्य गठबन्धनहरू अस्तित्वमा आएका थिए। यी दुई महाशक्तिहरूका बीचमा करिब पाँच दशकसम्म निरन्तर चलेको शितयुद्ध सन् १९९१ मा सोभियत सङ्घको विघटन भएपछि टुङ्गियो र अमेरिका विश्वको एकमात्र महाशक्तिको रूपमा कायम रह्यो।

त्यसपछि विश्व पुनः एक ध्रुवमा परिणत भयो र अमेरिकी साम्राज्यवादले विश्वभर आफ्नो एकलौटी प्रभुत्व र हैकम चलाउँदै आयो। त्यस दौरानमा अमेरिकाले आफूलाई विश्वको प्रहरीकोको रूपमा उभ्यायो र त्यस प्रयोजनका लागि विभिन्न ८० देशहरूमा ७५० हाराहारी सैन्य आधार शिविरहरू कायम राख्दै आएकोछ। तर सन् २००८ मा अमेरिकामा आएको आर्थिक सङ्कट (मन्दी) को कारण अमेरिकाको विश्वव्यापी वर्चस्वमा ह्रास आउन शुरुवात भयो। सन् २०१६ मा भएको अमेरिकी राष्ट्रपतीय निर्वाचनको दौरानमा रिपब्लिकन पार्टीको तर्फबाट राष्ट्रपति बनेका डोनाल्ड ट्रम्पले राष्ट्रवाद र संरक्षणवादको पक्षपोषणगर्दै अमेरिका पहिलोको नीति अन्तर्गत अमेरिकालाई फेरि महान बनाऔं भन्ने नारा दिएर चुनाव जितेका थिए। त्यसैगरी आप्रवासीहरूलाई देश निकाला गर्ने र दक्षिणी छिमेकी देश मेक्सिकोसँगको सिमानामा पर्खाल लगाउने कार्य अगाडि बढाए भने अमेरिकाको प्रमुख व्यापार साझेदार चीनबाट आयात हुने सामानहरूमाथि उच्च भन्सार शुल्क लगाएर चीनको विरुद्ध भन्सार युद्ध शुरु गरेका थिए। सन् २०२० मा डेमोक्रेटिक पार्टीको तर्फबाट राष्ट्रपति निर्वाचित भएका जोहन बाइडेनले पनि चीनको विरुद्ध भन्सार युद्ध कायमै राखेका थिए। सन् २०२४ मा डोनाल्ड ट्रम्प पुनः दोस्रो पटक राष्ट्रपति निर्वाचित भएपछि आफ्ना मित्र तथा सहयोगी देशहरूलाई समेत व्यापक भन्सार लगाउँदै आएकाछन्।

एक्काइसौं शताब्दीको शुरुवात देखि नै नयाँ आर्थिक तथा सैन्य शक्तिको रूपमा चीनको उदय हुँदैजानु र चीनको पहलमा आर्थिकरूपमा उदीयमान देशहरू ब्राजिल, रुस, भारत र दक्षिण अफ्रिका समावेश रहेको सङ्गठन ब्रिक्स गठन हुनु र अझ पछिल्लो समय अन्य देशहरू संलग्न हुँदै जानुले अमेरिकाको विश्वव्यापी एकल वर्चस्व कमजोर हुँदै गएकोछ। त्यसको परिणामस्वरूप विश्व आर्थिक, प्राविधिक र सैन्य क्षमताका आधारमा बहुध्रुवीय हुँदै गएकोछ। अहिले अमेरिकाले चीनलाइ आफ्नो प्रमुख प्रतिद्वन्दिको रूपमा मान्दछ र चीनलाई घेराबन्दी गर्नकालागि सन् २००७ मा अमेरिकाको अगुवाइमा अस्ट्रेलिया, भारत र जापान समावेश भएको चौपक्षीय सुरक्षा संवाद (क्वाड्रिलेटरल सेक्युरिटि डायलग-क्वाड) को निर्माण गरेकोछ। त्यसैगरि सन् २०१७ मा एशिया-प्रशान्त रणनीति (इन्डो-प्यासिफिक स्ट्राटेजी) लाई कार्यान्वयनमा ल्याएकोछ भने सन् २०२१ मा अमेरिका, वेलायत र अस्ट्रेलिया सम्मिलित रहेको अउकस (ब्ग्प्क) गठन गरेकोछ। हालसालै सन् २०२६ जनवरी ७ तारिखमा अमेरिकाले ६६ वटा विश्व मन्च र संस्थाहरू-जसमध्ये ३१ वटा संयुक्त राष्ट्रसङ्घ अन्तर्गतका रहेकाछन् र ३५ वटा गैर राष्ट्रसङ्घीय रहेकाछन् – लाई अमेरिकाको राष्ट्रिय हित विपरीत सन्चालन भएको आराप लगाउँदै ती संस्थाहरूबाट अलग्गिने घोषणा गरेकोछ। यी सबै तथ्य र कारणहरूबाट अब अमेरिका एकल महाशक्तिकोरूपमा रहन सक्ने अवस्था रहेको छैन र त्यो पतनोन्मुख दिशामा अगाडि बढिरहेकोछ भन्ने देखाउँछन्।

***सङ्क्षिप्त निष्कर्ष***

यस प्रकारको विश्लेषणात्मक दृष्टिकोणबाट हेर्दा के निष्कर्ष अगाडि आउँछ भने साम्राज्यवाद कुनै नीतिगत विकल्प होइन बरु यो त पुँजीवादको एक प्रणालीगत चरण मात्र हो। त्यसैले यसका सङ्कटहरू स्थायी र चक्रीय प्रकारका हुन्छन् जसको रूप त बदलिन्छ तर सार भने बदलिँदैन। तिनीहरूले शोषण, युद्ध र पारिस्थितिक विनाश जन्माउँछन् र साथसाथै प्रतिरोध (राष्ट्रिय मुक्तिदेखि मजदुरहरूको सङ्घर्ष र जलवायु न्याय आन्दोलनसम्म) लाई पनि जन्माउँछन्, जुन ऐतिहासिकरूपमा प्रणालीगत परिवर्तन गराउन वा साम्राज्यवादीहरूलाई पछि हट्न बाध्यपार्न सक्ने एकमात्र शक्ति बनेकोछ। यसप्रकारको अवस्थामा साम्राज्यवादले जन्माएका सङ्कटहरूको समाधान सुधारिएको साम्राज्यवाद होइन बरु नाफा कमाउने र भू-राजनीतिक प्रभुत्व जमाउनुको सट्टा मानवीय आवश्यकता र पारिस्थितिक दिगोपनको आधारमा सङ्गठित एक उत्तर-पुँजीवादी, अन्तर्राष्ट्रियवादी प्रणालीतर्फको कदम नै हो भन्ने बुझ्नु पर्दछ। साम्राज्य पतनका 'सात चरणहरू' एक सरलीकृत ढाँचा हो तर अपरिहार्य नियम भने होइनन्। किनभने ऐतिहासिक विश्लेषणले के देखाउँछ भने साम्राज्यको पतन एक जटिल प्रक्रिया हो र आन्तरिक सामाजिक र आर्थिक कमजोरीहरूले प्रायः कुनै साम्राज्यले बाह्य दबाबहरूको सामना कसरी गर्दछ भन्ने कुरा निर्धारण गर्दछन्। अन्तिम 'पतनको युग' लाई विशेषगरी एक चेतावनीमूलक सङ्केतकोरूपमा हेरिन्छ जहाँ मूल्य-मान्यताहरू सामूहिक कर्तव्यपालनबाट व्यक्तिगत ऐश-आरामतर्फ बदलिने हुन्छन्।

आज आधुनिक साम्राज्यवाद अथवा नव-उपनिवेशवादले प्रायः अप्रत्यक्ष स्वरूप धारण गर्दछ र त्यसै अनुरूप नीति अवलम्बन गर्दछ जस्तै – **(क) आर्थिक प्रभुत्व** : अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू, बहुराष्ट्रिय निगमहरू र ऋण मार्फत। **(ख) राजनीतिक प्रभाव** : प्रतिबन्ध, शासन परिवर्तन, र सशर्त सहायता। **(ग) सांस्कृतिक प्रभुत्व** : पश्चिमी मूल्यहरू प्रवर्द्धन गर्ने विश्वव्यापी मिडिया, प्रविधि, र शिक्षा। **(ग) सैन्य उपस्थिति** : सैन्य अड्डाहरू, हस्तक्षेप, र हतियार बिक्री। साम्राज्यवादका पक्ष र विपक्षमा विभिन्न प्रकारका बहस र दृष्टिकोणहरू पनि रहेकाछन्। साम्राज्यवादका आलोचकहरूको के तर्क रहेकोछ भने साम्राज्यवाद शोषण, जातीय विभेद, र हिंसामा निहित छ, जसले दीर्घकालीन क्षति पुऱ्याउँदछ। साम्राज्यवादका पक्षधरहरूले के दाबी गर्छन् भने यसले 'पछाडि परेका' क्षेत्रहरूमा पूर्वाधार, प्रविधि, र शासकीय व्यवस्था ल्याइदियो – अहिले यसलाई नियन्त्रणकारी दृष्टिकोणकोरूपमा व्यापक चुनौती दिइएकोछ। उत्तर-औपनिवेशिक अध्ययनहरूले औपनिवेशिकवादले उपनिवेशवादी र उपनिवेशित दुवै समाजहरूमा ज्ञान, संस्कृति, र पहिचानलाई कसरी आकार दियो भनेर जाँच्नेकाम गर्दछ। साम्राज्यवाद विश्व इतिहास, वर्तमान अन्तर्राष्ट्रिय सम्बन्ध र न्याय तथा समानताका लागि भइरहेका सङ्घर्षहरू बुझ्नका लागि एक महत्वपूर्ण ऐनाकोरूपमा रहेकोछ। यसको विरासत आजको आर्थिक असमानतादेखि लिएर सांस्कृतिक द्वन्द्व र भू-राजनीतिक तनावसम्मका हरेक कुरामा दृश्यमान रहेकोछ।

***क्रान्तिकारी शक्तिहरूको भूमिका***

बिसौं शताब्दीका ऐतिहासिक परिघटनाहरूले के कुरा पुष्टि गरेकाछन् भने क्रान्तिकारीहरूले भ्लादिमिर लेनिन जस्ता क्रान्तिकारी विचारकहरूद्वारा प्रतिपादित सिद्धान्तलाई अवलम्बनगर्दै साम्राज्यवादी प्रणालीभित्रका आधारभूत र अन्तरसम्बन्धित सङ्कटहरूको पहिचान गरेका थिए। ती सङ्कटहरू केवल आर्थिक मन्दीमात्र थिएनन् बरु साम्राज्यवादलाई त्यसको प्रणालीगत पतनतर्फ अगाडि बढाउने संरचनात्मक अन्तर्विरोधहरू थिए। क्रान्तिकारीहरूले ती सङ्कटहरूबाट फाइदा उठाएर सम्पूर्ण साम्राज्यवादी प्रणालीलाई नै ध्वस्त पारेर बदलामा समाजवादी क्रान्ति, नयाँ जनवादी क्रान्ति र राष्ट्रिय मुक्ति आन्दोलनलाई सफल बनाउन सचेत तथा सङ्गठित अग्रदस्ताको रूपमा भूमिका निभाएका थिए।

त्यसको ज्वलन्त र प्रत्यक्ष उदाहरणकारूपमा महान् रुसी अक्टोबर समाजवादी क्रान्ति (सन् १९१७), चिनियाँ नयाँ जनवादी क्रान्ति (सन् १९४९), जनवादी गणतन्त्र कोरियाको स्थापना (सन् १९४८), क्युबाली राष्ट्रिय मुक्ति आन्दोलन (सन् १९५९) र भियतनामी क्रान्ति (सन्१९४५) तथा राष्ट्रिय पुनःएकीकरण (सन् १९७५) लाई लिन सकिन्छ। यसरी साम्राज्यवादी सङ्कटले क्रान्तिकारी अवसरहरू सिर्जना गर्दछ क्रान्तिकारीहरूले फाइदा उठाउनु पर्दछ र सक्दछन् भन्ने प्रमाणित भएकोछ। अतः क्रान्तिकारीरुले साम्राज्यवादी सङ्कट र क्रान्तिकारी परिवर्तनबीचको द्वन्दात्मक सम्बन्धलाई राम्रोसँग बुझ्न अत्यावश्यक रहेकोछ।

क्रान्तिकारी शक्ति र पार्टीहरूले ऐतिहासिक रूपमा नै साम्राज्यवादी दमन, शोषण र हस्तक्षेपका विरुद्धमा महत्वपूर्ण भूमिका खेल्दै आएकाछन् र क्रान्तिकारीहरूले त्यसप्रकारको भूमिका निभाउनु पर्दछ र निभाउन सकिन्छ भन्ने कुरामा दृढतापूर्वक उभिनु पर्दछ। क्रान्तिकारीहरूले साम्राज्यवाद विरोधी भूमिका निभाउँदा पनि क्रान्तिकारी सिद्धान्त र सङ्गठनको आधार तथा माध्यमबाट नै निभाउनु पर्दछ। क्रान्तिकारीहरूका अगाडि त्यसप्रकारको साम्राज्यवाद विरोधी भूमिका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको संयुक्त मोर्चा तथा मन्चहरू निर्माण मार्फत निभाउँदै आएका ऐतिहासिक अनुभवहरू रहेकाछन् र अहिलेपनि संयुक्त मोर्चाको नीतिलाई सही र सशक्त ढङ्गले कार्यान्वयनगर्नु पर्दछ।

***संयुक्त मेर्चा निर्माणको पहल र प्रयत्न***

ऐतिहासिकरूपमा संयुक्त मोर्चा सम्बन्धी कार्यनीतिको आधारभूत सिद्धान्त पहिलो पटक कम्युनिस्ट अन्तर्राष्ट्रिय (कोमिनटर्न) ले विकास गरेको थियो जुन १९१७ को बोल्सेभिक क्रान्तिको परिणामस्वरूप कम्युनिस्टहरूले स्थापना गरेको एक अन्तर्राष्ट्रिय कम्युनिस्ट सङ्गठन थियो। संयुक्त मोर्चा नीतिको सुरुवात सन् १९२१ डिसेम्बरमा कम्युनिस्ट इन्टरनेशनल (कमिन्टर्न) सँगै पुँजीवादका विरुद्ध विभिन्न श्रमिक सङ्गठनहरूलाई एकताबद्ध गर्ने रणनीतिक साधनको रूपमा भएको थियो। लेनिनवादी सिद्धान्त र सन् १९१७ को रूसी क्रान्तिमा आधारित यो मोर्चा क्रान्तिकारी समाजवादीहरूलाई उनीहरूको स्वतन्त्रता कायम राख्दै कार्यगत एकता निर्माणगर्ने अनुमति प्रदानगर्न औपचारिकरूपमा विकसित गरिएको थियो। यो रणनीति पछि सन् १९२० को दशकमा चीनमा साम्राज्यवाद विरोधी गठबन्धनमा विकसित भयो। यसलाई चीनीयाँ कम्युनिस्ट पार्टीका अध्यक्ष माओले क्रान्तिका तीन जादुगरि हतियारमध्ये एउटा हो भनेर उल्लेख गरेका थिए। अहिले विश्वभरका क्रान्तिकारी तथा परिवर्तनकारी पार्टी तथा सङ्गठनहरूलाई एकजुट बनाएर फासिवाद तथा साम्राज्यवादका विरुद्धको सङ्घर्षलाई अगाडि बढाउन र क्रान्तिकारी आन्दोलनलाई सुदृढ तुल्याउन विभिन्न स्तरमा पहलकदमीहरू भैरहेकाछन्। यहाँ ती प्रयत्न र पहलहरूका बारेमा सङ्क्षिप्त चर्चा गर्ने प्रयत्न गरिएकोछ।

१. **क्रान्तिकारी पार्टी तथा सङ्गठनहरुको अन्तर्राष्ट्रिय समन्वय (ICOR)** : क्रान्तिकारी पार्टी तथा सङ्गठनहरूको अन्तर्राष्ट्रिय समन्वय (इन्टरनेशनल कोअर्डिनेशन अफ रिभोल्यसनरी पार्टीज एन्ड अर्गनाइजेशन – ICOR) व्यावहारिक सहयोगको लागि एक सङ्घ र विश्वका क्रान्तिकारीहरूको गतिविधि तथा वर्ग सङ्घर्ष र पार्टी निर्माणमा पारस्परिक सहयोगका लागि अन्तर्राष्ट्रिय सहयोग र समन्वयको एक रूप हो। यसले आकार, व्यावहारिक, सङ्गठनात्मक र राजनीतिक अनुभव, ऐतिहासिक-वैचारिक आधार, रणनीतिक कार्य र सामाजिक-आर्थिक अवस्थाहरूको हिसाबले धेरै फरक-फरक पार्टी र सङ्गठनहरूलाई समान आधारमा एकताबद्ध गर्दछ। स्थापनाकालको सङ्कल्प-प्रस्तावमा क्रान्तिकारी, साम्राज्यवाद-विरोधी, संशोधनवाद-विरोधी र ट्राट्स्कीवाद-विरोधी एजेन्डा समावेश रहेकोछ जसले सैद्धान्तिक छलफल र व्यावहारिक कामको अन्तरसम्बन्धित प्रक्रियाद्वारा सबै आवश्यक प्रश्नहरूमा एकता हासिल गर्ने आधार तयार गर्दछ। सबै क्षेत्रइच सदस्य पार्टी र सङ्गठनहरूका प्रतिनिधिहरूको विश्व सम्मेलन सर्वोच्च निर्णयगर्ने निकायको रूपमा हरेक तीन वर्षमा आयोजना हुन्छ। अन्तर्राष्ट्रिय सङ्घर्षका दिनहरू (इन्टरनेशनल डेज अफ स्ट्रगल) को संयुक्त कार्यान्वयन व्यावहारिक सहयोगको लागि एक प्रशिक्षण भूमि हो।

२. **अन्तर्राष्ट्रिय जन सङ्घर्ष सङ्घ (ILPS)** : अन्तर्राष्ट्रिय जन सङ्घर्ष सङ्घ (इन्टरनेशनल लिग अफ पिपल्स स्ट्रगल-ILPS) एक साम्राज्यवाद-विरोधी र जनतान्त्रिक सङ्गठन हो। यसले साम्राज्यवाद र सबै प्रतिक्रियावादविरुद्ध विश्वका जनताका साम्राज्यवाद-विरोधी र जनतान्त्रिक सङ्घर्षहरूलाई प्रवर्द्धन, समर्थन र विकास गर्दछ। यसको व्यापक जन-चरित्र छ र यो कुनै पनि राजनीतिक दल, सरकार वा धर्मको अधीनमा छैन र सहभागी सबै सङ्गठनहरूलाई समानता प्रदान गर्दछ। यसले विश्वभरिका साम्राज्यवाद-विरोधी र प्रजातान्त्रिक सङ्घर्षहरूको एकता, सहयोग र समन्वयलाई साकार पार्न प्रयास गर्दछ।

३. **फासीवाद, युद्ध र वातावरणीय विनाशविरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद-विरोधी संयुक्त मोर्चा (United Front)** : फासीवाद, युद्ध र वातावरणीय विनाश विरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद-विरोधी संयुक्त मोर्चा (द एन्टि-इम्पृरियलिस्ट युनाइटेड फ्रन्ट अगेन्स्ट फासिजम, वार एन्ड इन्भाइरोमेन्टल डिजास्टर – United Front) भनेको मानव र प्रकृतिको पुँजीवादी तथा साम्राज्यवादी लुटपाट विरुद्ध सिमाना नाघेर एकजुट हुन र शोषण तथा दमनरहित समाजको लागि सङ्गठित सङ्घर्षमा आफ्ना गतिविधिहरूमा सहयोग र समन्वय गर्नका लागि हरेक सामाजिक क्षेत्र वा भौगोलिक क्षेत्रका साम्राज्यवाद-विरोधी सङगठनहरू र पार्टीहरू, आन्दोलनहरू र व्यक्तिहरूको एक सङ्घ हो। क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले क्रान्तिकारी संयुक्त मोर्चा नेपाल मार्फत अघिल्ला दुईवटा संस्थाहरूमा आवद्ध रहेकोछ भने तेस्रो संस्थासँग मैत्रीपूर्ण सम्बन्धमा रहेकोछ।

***सन्दर्भ सामग्रीहरू:***

१. साहेल क्षेत्र अफ्रिकाको एक अर्ध-शुष्क क्षेत्र हो, जुन उत्तरमा सहारा मरुभूमि र दक्षिणमा बढी आर्द्र सवानाहरू (घांसे मैदान) बीचको संक्रमण क्षेत्रको रूपमा काम गर्दछ। यो पश्चिममा एट्लान्टिक महासागरदेखि पूर्वमा लाल सागरसम्म करिब ५,००० किलोमिटर फैलिएको छ। साहेलले मौरिटानिया, माली, नाइजर, चाड, सुडान, बुर्किना फासो र सेनेगल जस्ता धेरै देशहरूका केही भागहरू समेट्छ।

२. अस्सिरिया प्राचीन मेसोपोटामियाको एक अधिराज्य थियो जुन मेसोपोटामियाको उत्तरी भागमा अवस्थित थियो, जुन अहिले आधुनिक इराकको हिस्सा हो। यो लगभग ईसा पूर्व ९अऔं शताब्दीमा एक प्रमुख साम्राज्यको रूपमा उदाएको थियो र यसको विस्तारित विजयहरू, उन्नत संस्कृति, र मानव सभ्यतामा महत्वपूर्ण योगदानकालागि परिचित रहेकोछ।

***इ-पुस्तकहरू***

१. साम्राज्यवाद : एक अध्ययन – जोन हब्सन (द अनलाइन लाइब्रेरी अफ लिबर्टी), न्यूयोर्क, जेम्स पोट एन्ड कं., १९०२।

२. साम्राज्यवाद, पुँजीवादको उच्चतम चरण : एक लोकप्रिय रूपरेखा – भ्लादिमिर इल्यिच लेनिन, लेनिन इन्टरनेट आर्काइभ २००५।

३. नव-औपनिवेशवाद : साम्राज्यवादको अन्तिम चरण – क्वामे नक्रुमाह, ःबचहस्कतकबयचन का लागि सन् २०२३ मा जेनेट ब्ल्याकक्विलद्वारा भउगद मा रूपान्तरण गरिएको।

***विधान तथा बडापत्रहरू***

१. ICOR को विधान (पांचौ विश्व सम्मेलनद्वारा संशोधित, अक्टोबर २०२४)।

२. अन्तर्राष्ट्रिय जन सङ्घर्ष सङ्घको बडापत्र (सातौं अन्तर्राष्ट्रिय सभा पेनाङ, मलेसिया द्वारा संशोधित र अनुमोदित, २१ जुन २०२४)।

३. फासीवाद, युद्ध र वातावरणीय विनाश विरुद्धको अन्तर्राष्ट्रिय साम्राज्यवाद विरोधी संयुक्त मोर्चाको विधान-२०२४।

***वेवसाइटहरू***

1. www.icor.info
2. www.united–front.info
3. www.wikipedia.org
4. www.peoplesstruggle.org
5. www.marxists.org

- 'कम्युनिस्ट'बाट

# मध्यपूर्वमा साम्राज्यवादी युद्ध आतंक र प्रत्याक्रमणको मारमा करोडौं श्रमिकहरु

● विनोद सहयात्री ●

अमेरिका र इजरायलले गरेको संयुक्त आक्रमणका विरुद्ध आज (आइतबार, २२ गते, २०८२) ३७ औं दिन पनि इरानले निकै ठूलो वीरता, सौर्यताका साथ बलिदानीपूर्ण प्रतिरोध गरिरहेको छ । अमेरिकी साम्राज्यवादलाई धुलो चटाउने हैसियतका साथ निकै आक्रमक रूपमा इरानले प्रतिरोध गरिरहेको छ । आफ्नो देशका मुख्य नेतासहित नेतृत्वको करिब दुई तह नै सकिँदा पनि इरानले हार मानेको छैन । बरु अझ बढी एकताबद्ध र सुदृढ रूपमा अमेरिका र इजरायललाई मुखतोड जवाफ दिइरहेको छ । तीन दिनमा इरानलाई समाप्त पार्ने भन्दै आक्रमण गरेको अमेरिका युद्धको ३७ औं दिनसम्म आइपुग्दा पटक पटक यो युद्धबाट उम्कन खोज्दा पनि सकिरहेको छैन । बरु युद्ध थप लम्बिदै जाने र अन्ततः अमेरिकाले भियतनाममा जस्तै हार व्यहोर्नुपर्ने अवस्था देखापरिरहेको छ ।

चर्चित अमेरिकी सञ्चारकर्मी टकर कार्लसनले लिएको एक अन्तर्वार्तामा पछिल्लो समय चर्चामा रहेका चिनियाँ प्रोफेसर जियाङ शुएकिनले दावी गरेजस्तै इरान युद्ध लामो समयसम्म तन्किने र यसले विश्व अर्थतन्त्र, ऊर्जा आपूर्ति र ढुवानी मार्गहरूमा गम्भीर धक्का पुर्‍याउने देखिएको छ ।

***पछिल्ला विकसित घटनाक्रम***

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सम्झौता गर्न तथा जलमार्ग होर्मुज स्ट्रेट खोल्न ४८ घण्टाको समयसीमा तोकेपछि इरानी सेनाले कडा प्रतिक्रिया दिएको छ। यसअघि ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लाटफर्म ट्रुथ सोसलमा लेखेका छन्, याद गर, मैले इरानलाई सम्झौता गर्न वा होर्मुज स्ट्रेट खोल्न १० दिन दिएको थिएँ। समय सकिँदै छ। अब ४८ घण्टा मात्र बाँकी छ।' यस समयभित्र आफूले भनेजस्तो नभए इरानले नर्कको अवस्था' भोग्नुपर्ने चेतावनी उनले दिएका छन् ।

यसमा जवाफ फर्काउँदै इरानी सेनाको मुख्यालय (खातम अल अन्बिया) का कमान्डर मेजर जनरल अली अब्दुल्लाहीले आक्रमण गरिए अमेरिका र अमेरिकी सेना जोडिएका सबै पूर्वाधारमा हमला गरिने चेतावनी दिएका हुन् ।

बीबीसी फारसीका अनुसार उनले विज्ञप्तिमा भनेका छन्, 'अमेरिकाले आक्रमण गरेमा हामी उनीहरूका आतंकवादी सेना र यहुदी शासनसँग सम्बन्धित सबै पूर्वाधारमा निरन्तर हमला गर्नेछौं ।'

अब्दुल्लाहीले अगाडि भनेका छन्, 'हामीमाथि लादिएको यो युद्ध सुरु गरेदेखि नै हामीले भनेका सबै कुरा गरिरहेका छौं। यस सन्देशको सरल अर्थ के हो भने नर्कको द्वार तिम्रा लागि खुल्नेछ ।'

गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमा संयुक्त हवाई हमला गरेपछि सुरु भएको युद्ध अझै जारी छ। बदलामा इरानले इजरायलका साथै अमेरिकी आधार अड्डा रहेका खाडीका देशहरूमा पनि आक्रमण गर्दा द्वन्द्व मध्यपूर्वभरि फैलिएको छ।

***पाँच हजार बढीको मृत्यु***

जारी युद्धमा अहिलेसम्म विभिन्न देशमा गरी मारिएकाको संख्या भने ५ हजार नाघिसकेको छ। विभिन्न एजेन्सीको पछिल्लो तथ्यांकमा आधारित भन्दै रोयटर्सले सार्वजनिक गरेको मृतकको विवरण यस्तो छ, इरानमा ३,५१९ जना मारिए, अमेरिकास्थित मानव अधिकार संगठन एचआरएएनएका अनुसार इरानमा मारिएकाहरूमा कम्तीमा २४४ बालबालिकासहित १ हजार ५९८ आम नागरिक छन् । लेबननमा १,३१८ जना मारिए । लेबननी अधिकारीहरूका अनुसार मारिएकाहरूमा १२४ बालबालिका छन् । इजरायलले मार्च २ मा लेबननमा आक्रमण सुरु गरेको थियो । जसमा अहिलेसम्म ४०० भन्दा बढी हेजबुल्लाह लडाकु मारिएका छन् ।

छुट्टाछुट्टै हमलामा कम्तीमा ९ जना लेबननी सैनिक मारिएका छन् र संयुक्त राष्ट्रसंघ शान्ति सेनाका तीन जनाको पनि मृत्यु भएको छ। तीनै जना सैनिक इन्डोनेसियाली थिए। इराकमा कम्तीमा १०७ जना मारिए । इराकी स्वास्थ्य अधिकारीहरूका अनुसार मारिएकाहरूमा सर्वसाधारण, इरान(समर्थित सिया पपुलर मोबिलाइजेसन फोर्सका सदस्य, अमेरिका(समर्थित कुर्दिस पेसमेर्गा लडाकु, प्रहरी र सेनाका कर्मचारी छन् ।

इराकी बन्दरगाहनजिकै ट्यांकरमा भएको आक्रमणमा चालक दलका एक विदेशी सदस्यको पनि मृत्यु भएको छ। आतंकवादविरोधी तालिम प्रदान गर्ने एक फ्रान्सेली सैनिक पनि ड्रोन आक्रमणमा मारिएका छन् ।

इजरायलमा १९ जना मारिए । इजरायलको एम्बुलेन्स सेवाका अनुसार इरान र लेबननबाट प्रहार गरिएका क्षेप्यास्त्रबाट १९ जनाको मृत्यु भएको छ। इजरायली सेनाले दक्षिणी लेबननमा आफ्ना १० जना सैनिकको पनि मृत्यु भएको बताएको छ। साथै मार्च २२ मा इजरायली सैनिकले गल्तीले गोली चलाउँदा सीमानजिकै एक इजरायली किसानको मृत्यु भएको थियो ।



अमेरिकामा १३ जना मारिए । अमेरिकी सेनाका अनुसार इराकमा सैन्य इन्धन भर्ने विमान दुर्घटना हुँदा ६ जना सैनिकको मृत्यु भएको पुष्टि भएको छ। इरानमा अपरेसनका क्रममा अन्य ७ सैनिकको मृत्यु भएको छ ।

खाडी क्षेत्रमा संयुक्त अरब इमिरेट्स (यूएई) मा ११, कतारमा ७, कुवेतमा ७, वेस्ट बैंकमा ४, सिरियामा ४, बहराइनमा २, ओमानमा २ र साउदी अरेबियामा २ जना मारिएका छन् । यसैबिच इरानसँग युद्ध सुरु गरेयता अहिलेसम्म अमेरिकी सेनाका १३ जना मारिएको र ३६५ सैन्य कर्मचारी घाइते भएको तथ्यांक अमेरिकाले सार्वजनिक गरेको छ ।

***दुईवटा अमेरिकी जहाज इरानले खसालेपछि ट्रम्प आक्रोशित***

शुक्रबार इरानले आफ्नो भूमिमा दुईवटा अमेरिकी एफ-१५ई स्ट्राइक इगल लडाकू विमान खसालेपछि ट्रम्पले ४८ घन्टाको अल्टिमेटम दिएर स्ट्रेट अफ हर्मुज खुला गर्न भनेका छन् । उक्त विमानका एक चालकलाई उद्धार गरिएको भए पनि अर्को चालक बेपत्ता छन् । खोजीका लागि गएको अमेरिकी सेनाको हेलिकप्टरमा पनि इरानी हमला भएको थियो ।

इरान युद्ध सुरू भएको फेब्रुअरी २८ यता ट्रम्पले पटकपटक सम्झौताका लागि अल्टिमेटम दिँदै आएको छन् । त्यसका बाबजुद पनि सम्झौता हुन सकेको छैन ।

***इरानको सशक्त प्रत्याक्रमण***

ट्रम्पले इरानलाई आधुनिक सभ्यताबाट विच्छेद गराई पुनः ढुंगे युगमा पुर्याइदिने भन्दै इरानका भौतिक पूर्वाधार पुल र विद्युत गृहहरू ध्वस्त पार्ने खुल्ला धम्की दिएका छन् । त्यसको प्रतिुत्तरमा इरानले शब्दमा होइन युद्ध मैदानमा भयानक अस्त्रहरूले जवाफ फर्काइरहेको छ । वर्तमान इजराइल इरान युद्धको सबैभन्दा भयानक र विनाशकारी पक्ष भनेको इजराइल र यस क्षेत्रमा रहेका अमेरिकी सैन्य अखडाहरूमाथि भैरहेको अभूतपूर्व आक्रमण हो । इरानको इस्लामिक रेभोलुसनरी गार्ड क्रप्सले आफ्नो तेस्रो चरणको सैन्य कारबाही अन्तर्गत इजराइली भूमि र अमेरिकी रणनीतिक केन्द्रहरूलाई निशाना बनाउदै छेप्यास्त्र र ड्रोनहरूको वर्षा गरिरहेको छ । इजराइलका प्रमुख शहरहरू र सैन्य इलाकाहरूमा अहिलेसम्मकै सबैभन्दा घातक प्रहार भएको छ जसका कारण कैयौ गगनचुम्बी भवनहरू र सैन्य संरचनाहरू आगोको चपेटामा परेका छन् । इजराइली प्रतिरक्षा प्रणाली आइरन डोमले एकै साथ आउने सयौ ड्रोन र मिसाइलहरूलाई रोक्न नसक्दा ठुलो मात्रामा भौतिक र मानवीय क्षति भएको छ । विशेषगरी, इजराइलका नेभातिम र बेनगुरियन जस्ता रणनीतिक हवाई अड्डाहरूका रनवेहरूमा भीषण बमबारी गरिएको छ, जसले गर्दा इजराइली वायुसेनाको परिचालन क्षमतामा गम्भीर धक्का पुगेको छ। धुवाको ठुलो मुस्लोले आकाश ढाकिएको र एम्बुलेन्सहरूको निरन्तरको आवाजले इजराइलभित्रको अवस्था कति भयावह छ भन्ने प्रष्ट रूपमा देखिएको छ । त्यसो त इरानको निशानामा इजराइल मात्र नभै यस क्षेत्रमा रहेका अमेरिकी सैन्य आधार इलाकाहरू पनि परेका छन् । जोर्डनमा अवस्थित अमेरिकाको अत्यन्तै महत्वपूर्ण अल अजरक एयरवेसमाथि गरिएको भीषण हमलाले वासिङटनलाई स्तब्ध बनाएको छ । यो एयरवेज पश्चिम एसियामा अमेरिकाको सबैभन्दा ठुलो र सुविधा सम्पन्न वायुसेना केन्द्र मध्ये एक हो । जहाँ अत्याधुनिक अमेरिकी फाइटर जेटहरू, जासुसी विमानहरू र कम्ब्याट ड्रोनहरू तैनाथ गरिएका छन् । इरानी मिसाइलहरूले यस एयरवेजको संचार केन्द्र र ह्याङरहरूमा क्षति पुर्याएको छ, जसले गर्दा मध्यपूर्वमा अमेरिकी सैन्य सर्वोच्चतामाथि नै प्रश्न उठेको छ । इरानको इस्लामिक रिभोल्सनरी गार्ड कपले आफ्नो तेस्रो चरणको युद्ध अन्तर्गत बहराइनमा रहेको विश्व प्रसिद्ध कम्पनी अमेजनको क्लाउड कम्प्युटिङ डाटा सेन्टर माथि भीषण आक्रमण गरेको छ । यो आक्रमण रणनीतिक रूपमा अत्यन्तै अर्थपूर्ण मानिएको छ, किनकि अमेजनको क्लाउड सेन्टरले केवल व्यापारिक डाटा मात्र नभई यस क्षेत्रमा रहेका अमेरिकी र इजराइली सैन्य तथा रणनीतिक संचार प्रणालीहरूलाई समेत प्राविधिक आधार प्रदान गर्दै आएको थियो ।

इरानको १९ औ लहरको मिसाइल र ड्रोन प्रहारले अन्य महत्वपूर्ण आर्थिक र औद्योगिक पूर्वाधारहरूलाई पनि निशानामा पारेको छ। बहराइनकै अल्लाद इन्डस्ट्रियल सिटी र अघिल्ला आक्रमणहरूमा बाकी रहेका युरेनियम प्रशोधन केन्द्रहरूमाथि पुनः हमला गरिएको छ। त्यस्तै संयुक्त अरब इमिरेट्सको अबुधाबीमा रहेको अमेरिकी स्टिल उद्योगमाथि गरिएको प्रहारले अमेरिकाको बैदेशिक लगानी र औद्योगिक उपस्थितिलाई सिधा चुनौती दिएको छ। यता लेबनानको सिमा क्षेत्रमा हिजबुल्लाहाले इजराइली सेनाको घुसपैठलाई असफल बनाउन सस्तो तर प्रभावकारी एफपी ड्रोनहरूको प्रयोग गरिरहेको छ। यी साना ड्रोनहरूले इजराइलका करोडौं डलर मूल्यका ट्यांक र सशस्त्र सैन्य गाडीहरूलाई सजिलै ध्वस्त पारिरहेका छन् । त्यसो त हिजबुल्लाहाले पहिलो पटक इजराइलको अत्यन्तै संवेदनशील मानिने पल्माचिम एयरवेसमा इतिहासकै सबैभन्दा घातक १० हजार किलो वार हेड बोक्ने शक्तिशाली हतियार प्रहार गर्दा पलमाचिम एयरबेसमा ठुलो क्षति पुगेको छ। उक्त आक्रमणपछि हिजबुल्लाहले सार्वजनिक गरेका भिडियोहरूमा इजराइली सैन्य वाहनहरू खरानी भएको स्पष्ट देखिन्छ। अमेरिकी र इजराइली सैन्य अखडाहरूमा भैरहेको यो आक्रमणले के स्पष्ट पार्छ भने इरान र उसका सहयोगी शक्तिहरू अब केवल रक्षात्मक मात्र नभई आक्रामक रूपमा उत्रिएका छन् । यो क्षति केवल भौतिक मात्र नभएर रणनीतिक र मनोवैज्ञानिक पनि हो । जसले गर्दा इजराइल र अमेरिकालाई यो युद्धमा आफ्नो परम्परागत सैन्य श्रेष्ठता कायम राख्न कठिन बनाउदै लगेको छ ।

***इरानको पूर्वाधार ध्वस्त पार्दै अमेरिका***


अमेरिकाले इरानका सैन्य अखडापछि पूर्वाधारलाई निशाना बनाइरहेको छ । अमेरिका र इजराइलले इरानको करा क्षेत्रमा रहेको अत्यन्तै महत्वपूर्ण विवान रणनीतिक पुलमाथि भीषण आक्रमण गरेका छन् । यो पुल इरानको आन्तरिक सैन्य परिवहन र नागरिक आवागमनका लागि एक मुख्य मेरुदण्ड मानिन्छ । यसपटक अमेरिकाले कराज पुलमा डबल ट्र्याप रणनीतिको प्रयोग गरेको छ, जुन युद्ध अपराधको श्रेणीमा पर्ने गर्दछ। डबल ट्र्याप रणनीति भन्नाले पहिलो पटक हमला गरि क्षति पुर्याएपछि फेरी दोस्रो पटक त्यही स्थानमा आक्रमण गर्नु हो। जब अमेरिकाले पहिलो पटक पुलको संरचनालाई धराशाही बनायो, त्यसको ठिक एक घण्टा पछि उद्धार टोली र स्थानीय नागरिकहरू घाइतेको मद्दतका लागि त्यहाँ पुगेका थिए। ठिक त्यही समयमा दोस्रो मिसाइल प्रहार गरि मानवीय क्षति गरायो। उक्त प्रहारमा उद्धारमा खटिएका कैयौ व्यक्ति र आम नागरिकहरूको समेत ज्यान गएको छ, जसले गर्दा इरानभित्र मानवीय र संवेगात्मक आक्रोशको लहर पैदा गरेको छ। यस पूर्वाधार विनाशको जवाफमा इरानले पनि उत्तिकै आक्रामक रणनीतिक कदम थालेको छ ।

इरानको आधिकारिक समाचार एजेन्सी फार्स न्यजले इजराइलका सहयोगी अरब राष्ट्रहरू र अमेरिकी सैन्य उपस्थिति रहेका देशहरूमा रहेका महत्वपूर्ण पुल रणनीतिक केन्द्रहरूको एक हिटलिस्ट नै सार्वजनिक गरेको छ। इरानले कुवेतको अलअमद, अल सभा ब्रिज, साउदी अरब र बहराइन जोड्ने किङ फहद कजवै, अबुधाबीको अल मक्ता ब्रिज र जोर्डनको किङ हुसेन ब्रिज जस्ता विश्व प्रसिद्ध र आर्थिक रूपमा महत्वपूर्ण संरचनाहरूको सटिक लोकेसन र नाम जारी गर्दै ती ठाउँहरूमा कुनै पनि समयमा आक्रमण हुन सक्ने चेतावनी पनि दिएको छ। इरानको यो कदमले के प्रष्ट हुन्छ भने अमेरिका र इजराइलले जस्तो प्रकारको हमला गर्छन्इ, रानले ठिक त्यस्तै प्रकारको जवाफ दिनेछ। यस अघि अमेरिका र इजराइलले इरानको भुसर स्थित डिसलिनेसन प्लान्टमा मिसाइल आक्रमण गर्दा त्यसको जवाफमा इरानले संयुक्त अरब इमिरेट्सको जेबेल अली स्थित डिस्यालिनेसन प्लान्टमा आक्रमण गरेको थियो भने जब अमेरिकाले इरानको केन्द्रीय बैंकलाई क्षति पुर्यायो, त्यसको बदलामा इरानले साउदी अरब र बहराइनका प्रमुख राष्ट्रिय बैंकहरूलाई नै निशाना बनाएको थियो। यस्तै अमेरिकाले इरानको उर्जाको मुटु मानिने साउथ पार्स ग्यास फिल्डको मुख्य प्लान्टमा आक्रमण गर्दा इरानले त्यसको सिधा बदला लिन कतारको नर्थ फिल्ड ग्यास प्लान्टलाई निशाना बनाएको थियो। इरानको तर्क अनुसार यदि खाडी भूमिमा रहेर इरानी जमिनमा आक्रमण हुन्छ भने त्यो आक्रमणलाई खाडी देशको सहमति मानिनेछ र इरानले पनि त्यस्तै जवाफ दिनेछ। त्यसैले यदि साच्चै इरानको हेडलिस्टमा परेका यी प्रमुख पुलहरू माथि आक्रमण भयो भने खाडी क्षेत्रको व्यापार, तेल ढुवानी र सैन्य संचालन पूर्ण रूपमा पक्षघात हुनेछ। पूर्वाधारमाथिको यो प्रहार केवल सिमेन्ट र फलामको संरचना भत्काउनु मात्र होइन बरु यो एक गम्भीर मनोवैज्ञानिक युद्ध पनि हो। पुलहरू ध्वस्त पार्नुको अर्थ शत्रुको सैन्य सुदृढकरण रोक्नु र आम नागरिकमा त्रास फैलाएर सरकारमाथि दबाब सिर्जना गर्नु हो। इरानले सार्वजनिक गरेको सुचीले मध्यपूर्वका ति राष्ट्रहरूलाई पनि प्रत्यक्ष युद्धको जोखिममा ल्याएको छ, जसले आफ्नो भूमि अमेरिकी सेनालाई प्रयोग गर्न दिएका छन् ।

रणनीतिक केन्द्रहरू जस्तै संचार टावर, विद्युत गृह र यातायातका मार्गहरूमाथि भैरहेका यी आक्रमणहरूले आधुनिक युद्ध अब कति निर्दय र व्यापक हुदैछ भन्ने पुष्टि गर्दछ। यो पूर्वाधार युद्धले गर्दा अब पुननिर्माणका लागि दशकौ समय लाग्ने मात्र होइन अर्बौ डलर खर्च समेत बढाउन सक्छ। जसले गर्दा यो क्षेत्रको भविष्य थप अन्धकार तर्फ धकेलिन सक्छ। इरानी युरेनियम लुट्ने अमेरिकी योजना पेन्टागन अर्थात अमेरिकी रक्षा मन्त्रालयले इरानको आणविक महत्वाकांक्षालाई सदाका लागि अन्त्य गर्न जुन ब्लुप्रिन्ट तयार पारेको छ, त्यो कागजमा जति प्रभावशाली देखिन्छ युद्धको मैदानमा त्यति नै आत्मघाती र जटिल बन्न सक्छ ।

पेन्टागनको मुख्य योजना भनेको इरानका विभिन्न छ सात वटा प्रमुख आणविक केन्द्रहरूमा छरिएर रहेको करिब ४५० किलो संवर्धित युरेनियमलाई आफ्नो नियन्त्रणमा लिनु हो। अमेरिकालाई डर छ कि यदि यो युरेनियम इरानले परमाणु बम बनाउन प्रयोग गर्यो भने मध्य पूर्वमा इजराइल र अमेरिकी सैन्य आधार इलाकाहरूको सुरक्षा सधैका लागि जोखिममा पर्नेछ। यो संवर्धित युरेनियम नै त्यस्तो साधन हो, जसले इरानलाई थ्रेसहोल्ड नक्लियर स्टेटमा बाट पूर्ण परमाणु शक्ति राष्ट्रमा बदल्न सक्छ। त्यसैले यतिबेला अमेरिकाले सर्जिकल स्ट्राइकभन्दा माथि उठेर एक बृहत ग्राउन्ड इन्भिजनको खाका कोरेको छ। उक्त योजना अनुसार अत्याधुनिक बटु स्टिल्थ बम बर्षकहरूले बंकरबस्टर बमहरू प्रयोग गरी इरानको भूमिगत सुरुङ र सुरक्षा संयन्त्रलाई ध्वस्त पारेपछि अमेरिकी प्याराटुपर्स र मरिन्स कमान्डोहरूलाई प्यारासुट मार्फत सिधै आणविक स्थलहरूमा उतार्ने सोच बनाएको छ । यी विशेष दस्ताको मुख्य जिम्मेवारी भनेको भग्नावशेषभित्र लुकाइएको युरेनियम पत्ता लगाउनु, त्यसलाई सुरक्षित कन्टेनरमा राख्नु र हेलिकप्टर वा अन्य माध्यमबाट बाहिर निकाल्नु हो। तर पेन्टागनको यो महत्वाकांक्षी योजना र इरानको जमिनी यथार्थ बीच आकाश जमिनको अन्तर छ । किनकि, इरानको भौगोलिक बनावट र उसको सैन्य तयारी अमेरिकाका लागि मुख्य चुनौती बन्न सक्छ। यतिबेला इरानले उक्त ४५० किलो सम्वर्धित युरेनियम एकै ठाउँमा नभई विभिन्न अज्ञात र पहाडी गुफाहरूमा विभाजित गरेर राखिएको हुन सक्ने प्रबल सम्भावना छ । यस्तो अवस्थामा अमेरिकी सैनिकहरू कुन ठाउँमा ओर्लिने र कहाँ खोज्ने भन्ने अन्योलता नै पहिलो चुनौती बन्न सक्छ। यसैगरी दोस्रो चुनौतीमा इरानले हर्मुत जलडमरु रणनीतिक क्षेत्रहरूमा करिब ६ लाख सैनिक तैनात गरेको छ र उनीहरूलाई कडा आदेश दिएको छ। यदि अमेरिकी प्यारा ट्रुपर्स इरानी भूमिमा ओर्लिए भने उनीहरू चारैतिरबाट घेरामा पर्ने र सुसाइड मिसनमा परिणत हुने निश्चित छ। तेस्रो र सबैभन्दा भयानक पक्ष भनेको आणविक विकिरण हो। अमेरिकी बम्बारीले पहिले नै ध्वस्त पारेका आणविक केन्द्रहरूमा रेडियो धर्मी चुहावट भैरहेको हुन सक्छ। जहाँ विशेष सुरक्षा सुट बिना पस्नु भनेको मृत्युलाई निम्तो दिनु सरह हो। नाकबाट निकालेको आवाजे ध्वस्त बंकरका सुरुङहरूमा युरेनियम खोज्नु भनेको घासको झाडीमा हराएको सियो खोज्नु भन्दा पनि कठिन कार्य हो। इरानको आइआरजीसी र नया नेतृत्वले अपनाएको असिमेट्रिक वारफेयर नीतिले अमेरिकी सैनिकहरूका लागि प्रत्यक पाइला धराप बन्न सक्छ। पेन्टागनले बनाएको योजनाले इरानलाई कमजोर बनाउनुको साटो उल्टै अमेरिकी सेनालाई एक यस्तो अन्त्यहिन दलदलमा फसाउन सक्छ, जहाँबाट सुरक्षित अवतरण वा जितको कुनै सुनिश्चितता छैन। इरानमा युरेनियमका लागि भइरहेको यो युद्धले आज दुई देशलाई मात्र होइन, बरु रुस, चीन र उत्तर कोरिया जस्ता शक्तिहरूलाई पनि प्रत्यक्ष परोक्ष रूपमा युद्धको मैदानमा तानिरहेको छ। यदि अमेरिकाले यो युरेनियम कब्जा गर्न असफल भएमा इरानले परमाणु परीक्षण गर्ने निश्चित छ, जसले विश्वको सामरिक नक्सालाई नै सदाका लागि परिवर्तन गरिदिनेछ। अमेरिका र इरानबीचको यो महासंग्राम अब केवल दुई राष्ट्रको प्रतिष्ठाको लडाई मात्र रहेन। यो त शताब्दीको सबैभन्दा जटिल र निर्दयी रणनीतिक चक्र बन्न पुगेको छ। एकातिर इरानले आफ्नो अस्तित्व रक्षाका लागि बाँकी २ पेजमा

# दलितप्रतिको विभेद र रास्वपाको रवैया



● रोशन जनपुरीया ●

संसदमा पहिलो दिन झन्डै दुई तिहाइ बहुमत प्राप्त दल रास्वपाका अध्यक्ष रवि लामिछानेले हिन्दू समाजमा दलितहरू प्रति हुने ऐतिहासिक विभेद, अपमान र हेपाईलाई संगठित अपराध भनेर रोस्टमबाट नै माफी माँगे। सम्भवतः अब झन्डै दुई तिहाइको सरकारलेपनि दलित समुदायसँग माफी माँग्ने छ। सत्य यो नै हो। माफी माग्नु राम्रो हो, उचित पनि हो।

रविको यस कृत्यबाट खगेन्द्र सुनार भाव अभिभूत भए। उनले भने ) 'यसले दलितको शीर उच्च भएको छ'।

खगेन्द्र सुनारको जन्म र पालन पोषण दलित परिवारमा भने अवश्य भएको हो। तर उनी कतैबाट दलित देखिँदैनन्। राजनीतिक समाजमा उनको दलित नेताको पहिचान छ, सम्मान छ। सत्ताधारी दलको सुप्रिमोले नै माफी माँगेपछि दलित नेताले गर्व गर्नु पनि पर्छ। यो पनि उचित नै हो।

तर जब म संसदमा यी नेताहरूको मुखबाट सनातनी रटान र भजन सुन्छु, अनि मलाई लाग्छ, दलितसँग माँगेको माँफी साँच्चै हो कि गोहीको लोकप्रिय आँसू ! दुबै एक साथ कसरी हुनसक्छ? यही सनातनी हिन्दू धर्मले समाजमा शूद्र, दलित र तल्लो जातको सामाजिक संरचना खडा गरेको छ। यो कसरी हुन्छ? एकातिर सनातनी हिन्दू पनि कायम राख्ने, र अर्कोतिर दलितसँग माफी पनि माग्ने ?

उदार सनातनी हिन्दूले भन्न सक्छन् ) हामी कुनै भेदभाव गर्दैनौं, गर्नपनि दिन्नौं। राम्रो, गर्न सके त राम्रो ! तर के यो सम्भव छ ?

गैर धार्मिकस्थलहरू सम्विधान संसद, बजार, होटल, हस्पिटल, सिनेमा, स्कुल आदिमा त यो भेदभाव अत्यन्त न्यून वा छैन भनेपनि हुन्छ। यो धर्मनिरपेक्ष राजनीतिक संघर्ष र आधुनिक चेतनाको प्रभाव हो। तर सामाजिक चेतनामा, जहाँबाट शूद्र, दलित, ठूलो जात, सानो जात, छोइने नछोइने, जस्तो भेदभावयुक्त मनोविज्ञान जन्मन्छ, त्यो परम्परागत धार्मिक सांस्कृतिक उत्सव, रीतिथिति र मन्दिरहरू हो। सकिन्छ त मन्दिरभित्र पहिचान सहित दलितको प्रवेश गराउन? सकिन्छ पशुपति र जानकी मन्दिरमा दलितलाई प्नरवेशगराउन ? सकिन्छ परम्परागत उत्सव र तिहारहरूमा दलितहरूलाई ब्राह्मण, क्षेत्रीय र वैश्यको बराबरीमा स्थान दिलाउन ? यो भेदभाव कतै उल्लेख गरिएको हुँदैन, तर हुन्छ। सकिन्छ ?

हिन्दू धार्मिक समुदायमा संरचना मात्र होइन, चेतनामा शताब्दीयौँ देखि गहिरो गाडिएको भेदभाव बारे के छ विचार? यो अपराध हो कि होइन ? केहीले भन्न सक्छन् ) परम्परा देखि चलिआएको रीतिरिवाज बदल्न सकिँदैन। यसमा हस्तक्षेप गर्नु उचित हुँदैन। तर यो रीतिरिवाजले नै मनोविज्ञानको सृजना गर्छ। यो दलित प्रतिको हेय भावले नै यिनीहरू भोग्नका निम्ति हुन् भन्ने भाव सृजना गर्छ। तराई होस वा पहाड, ग्रामीण र साना शहरहरूमा हुने अधिकांश बलात्कारका घटनामा र विविधखाले सामाजिक दमनका घटनाहरूमा सिकार दलित हुनुमा यही मनोविज्ञानले काम गरेको हुन्छ।

त्यसो भए रीतिरिवाजको नाममा सामाजिक उत्सवमा यो विभेद कायम रहन दिनु पर्छ ? तराई मधेशमा (सम्भवतः पहाडमा पनि) हिन्दू समुदायमा कुनै धार्मिक कृत्य गर्दा वा मृत्यु संस्कारको भोजमा ब्राह्मण भोजन सबैभन्दा पहिले गराइन्छ, त्यसपछि अन्य, र सबैभन्दा पछि दलितहरूलाई खुवाइन्छ। केही ठाउँमा दलितलाई अन्य जातसँग राखेर खुवाइन्छ, तर स्थान भने केही पर नै हुने गर्छ। भोजमा यो असमान व्यवहार प्रायः सबैलाई मान्य हुन्छ, मानौं यो स्वाभाविक परम्परा हो। तर विचार गरे यो सामाजिक भेदभाव हो, जो रीतिरिवाजको नाममा निर्बाध चलिरहेको छ। यो पनि अपराध नै हो। र यो सबै सनातनी धार्मिक संहिता र स्मृतिको उपज हो।

जति बेला रवि लामिछाने दलित समुदायसँग माफी माँगी रहेका थिए, यस परम्परागत अपराध तर्फ उनको ध्यान पुगेको थियो थिएन? खगेन्द्र सुनारले पनि जब गर्वले शीर ठाडो पार्दै थिए, उनले सामाजिक हेपाईको निरन्तरता सम्झेका थिए कि थिएनन्?

सामाजिक परम्परागत भेदभाव र असमान व्यवहार हटाउन अनेक अभ्यास र सामाजिक छलफल, आधुनिक र धर्मनिरपेक्ष र सहिष्णु चेतना प्रसारको अभियान चलाउनु पर्ने आवश्यकता पर्छ। तर मन्दिरहरूमा दलितहरूको प्रवेश, र अवरोध बिना दलितहरूले पूजाआजा गर्ने अधिकार र अवरोध गर्नेलाई कडा कारबाहीको व्यवस्था कानुन बनाएर तत्काल गर्न सकिन्छ। रास्वपाले चाह्यो भने यो अनुकूल अवसर पनि हो।

हुन त धर्म, जुनसुकै भएपनि आफैंमा समस्या छ। आफूलाई श्रेष्ठ र अरुलाई दोयम बुझ्ने प्रवृत्ति सबै धर्ममा हुन्छ। त्यसैले मेरो विचारमा धार्मिक हुनुभन्दा मानवीय हुनु र सबै मानव समुदायलाई समान बुझ्नु सही दृष्टिकोण हो। तर पनि हिन्दू धर्मलाई उदार देखाउन खोज्ने हो भने तत्कालै कानुन बनाएर दलितहरूलाई मन्दिर प्रवेश गराएर उदाहरण बन्न सकिन्छ। रास्वपा सभापति लामिछानेले यस्तो गर्न सक्छन्? चाहे त अहिले पर्याप्त बहुमतको अवसरपनि छ। तर गाह्रो मानेको छु मैले। एकातिर उही सनातनी हिन्दूको महिमा गान र सँगसँगै दलितसँग माफी, कसरी सम्भव छ ?

सभापति लामिछानेले मलाई गलत साबित गर्न सके म खुशी हुनेछु। होइन भने उनको माफी गोहीको लोकप्रिय आँसू नै त हो। बिचरा खगेन्द्र सुनार,उनले दलित भएर सोच्नै सकेनन्, होइन भने दलित समुदायको सामाजिक भेदभाव यथावत् रहँदा रहँदै उनले शीर ठाडो पार्ने हतार गर्ने थिएनन्।

❑ यो साता कविता

## तुष्टि

❑ नुमराज बराल



*यो छायाँमा नडुल यसरी जिन्दगी बन्द हुन्छ।*
*यो मायामा नभुल यसरी जिन्दगी अन्ध हुन्छ॥*
*राख्छन् गर्जी हिमशिखरमा पाइला साहसीले।*
*लेख्छन् यात्रा- विवरण तिनै नित्य रातो मसीले॥*

*बेला घर्क्यो प्रबल गरिबी हिँड्छ खोलेर छाती।*
*खेलौं कुस्ती श्रम र सिपका मूल हाँगा समाती॥*
*आगो लागी सहर सकिए सभ्यता ढल्छ मात्र।*
*रून्छन् मान्छे प्रगति छ कहाँ? जिन्दगी जल्छ मात्र॥*

*खेल्छन् खेल कृपण चितुवा,स्याल आँखा मिलाई।*
*भाग्छन् गाई, हरिण डरले बेसरी दुःख पाई॥*
*हेर्दाहेर्दै पतकर बढे ! दुःखको छैन सीमा।*
*पर्छन् धेरै समर भुमरी तीव्र बग्ने नदीमा॥*

*सोझासाझा,सरल नमिली दुःखको रात जान्नौं।*
*हानौंहानौं सिङ र खुरले शक्तिको मात जान्नौं॥*
*हुन्थ्यो हाम्रो जित,चरनमा चर्न निर्धक्क पाए।*
*मिल्थ्यो तुष्टि प्रचुर हरियो पेटमा पर्न पाए॥*

*चैत्र २१, २०८२*

# संसदीय चुनाव बहिष्कार सम्बन्धमा

❑ **असीम**

***१) विषय प्रवेश***

नेपाली सर्वहारावर्गको अग्रदस्ता क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालद्वारा एकता राष्ट्रिय महाधिवेशनपछि आयोजित केन्द्रीय समितिको चौथो पूर्ण बैठकले साम्राज्यवाद र विस्तारवाद मार्फत् प्रायोजित वि. सं. २०८२ फागुन २१ को संसदीय चुनाव बहिष्कार गर्ने निर्णय गरेको छ। चितवनको भरतपुरमा गत मङ्सिर १६ र १७ गते बसेको उक्त बैठकद्वारा पारित प्रस्तावमा बहिष्कारको कार्यनीतिका बारेमा भनिएको छ : "...एक, जनताको नजरमा संसदीय व्यवस्था नाङ्गिएको छ। ...दुई, यो निर्वाचन जेन-जेड विद्रोहका कारण समयभन्दा पहिले नै हुने भएपनि नियमित सरकार सञ्चालन गर्नेभन्दा यसको अर्को कुनै भिन्न राजनीतिक एजेण्डा छैन। ...तीन, यो साम्राज्यवाद तथा विस्तारवादद्वारा प्रायोजित निर्वाचन हो। ...चार, आफूलाई "कम्युनिस्ट" भन्ने दक्षिणपन्थी संशोधनवादी लगायत सबै संसदवादी राजनीतिक पार्टीहरू जनताको नजरमा बदनाम भएको स्थितिमा निर्वाचनको बेला अरु संशोधनवादी पार्टीहरूले भन्दा भिन्न क्रान्तिकारी राजनीतिक पहिचान नदिंदा जनताले हाम्रो पार्टीलाई समेत संशोधनवादीसँग एउटै डालोमा राखेर बुझ्ने, पार्टीको क्रान्तिकारी पहिचानसमेत गुम्न जाने, फलतः पार्टीले निर्वाचन उपयोग गर्ने होइन, निर्वाचनले पार्टीलाई उपयोग गरेर देशबाट क्रान्तिकारी धारलाई समाप्त पार्ने खतरा टड्कारो रहेको छ। विद्यमान परिस्थितिको उपरोक्त विशेषताका आधारमा आगामी संसदीय निर्वाचनको बहिष्कार नै पार्टीको उपयुक्त कार्यनीति हुने देखिन्छ।"

नेपालमा संसदीय व्यवस्थाको इतिहास हेर्दा कूल मिलाएर ४५ वर्ष रहेको छ। वि. सं. २००७ देखि २०८२ सम्म आइपुग्दा २०१७ देखि २०४७ सम्मका ३० वर्ष राजतन्त्रले अपदस्त गरी पंचायती निरङ्कुशतन्त्र चलाएको अवस्था हो। विश्वमा संसदीय व्यवस्थाको इतिहास हेर्दा सन् १२९५ मा इङ्ल्याण्डबाट यसको प्रारम्भ भयो र आज २०२६ सम्म आइपुग्दा यसको आयु ७३१ वर्ष पुगिसकेको छ। यो अस्ताउन लागेको सूर्यलाई क्षितिजमै रोकिराख्न संसारका पुँजीवादीहरू र तिनका सहोदर भाइ संशोधनवादीहरूले टुप्पीदेखि पैतलासम्मको बलका साथ नयाँ-नयाँ जलप लगाइरहेका छन्। अझ साम्राज्यवादी-पुँजीवादका पाल्तु कुत्ता संशोधनवादीहरूले संसदीय पुँजीवादी व्यवस्थालाई नयाँ र मार्क्सवादी वैज्ञानिक समाजवाद तथा साम्यवादलाई पुरानो समाज व्यवस्था भनिरहेका छन्। नेपालमा दलाल तथा नोकरशाही पुँजीपतिहरूलेभन्दा कम्युनिस्ट दोसल्ला ओढेका दलाल तथा नोकरशाही पुँजीवादका कारिन्दाहरूले मार्क्सवाद पुरानो भएको र संसदीय व्यवस्था नयाँ भएको भन्दै जनतालाई भ्रम दिइरहेका छन्। एमाले र नेपाली कम्युनिस्ट पार्टी लगायतका संशोधनवादीहरूले संसदको कार्यनीतिक उपयोगका नाममा त्यसलाई नै रणनीति बनाइरहेका छन्। यस सन्दर्भमा बहिष्कारको महत्व अझ बढ्न गएको छ।

आखिर संसदीय चुनाव के हो ? यो कार्यनीतिको सिद्धान्त के हो ? यो रणनीति हो वा कार्यनीति ? क्रान्तिकारी कम्युनिस्टहरूले यसको बहिष्कार गर्ने वा उपयोग ? हाम्रो कार्यनीति बहिष्कारको औचित्य के रहेको छ ? यहाँ यी प्रश्नहरूको जवाफ दिने कोसिस गरिएको छ।

***२) संसदीय व्यवस्था सम्बन्धी मालेमावाद***

मार्क्स र एङ्गेल्सले 'कम्युनिस्ट पार्टीको घोषणापत्र' मा नै स्पष्ट गर्नुभएको छ :

"साम्यवादीहरू आफ्ना विचार र उद्देश्यहरूलाई लुकाउनु आफ्नो शानको विरुद्ध ठान्दछन्। उनीहरू खुलेआम के घोषणा गर्दछन् भने उनीहरूको लक्ष्य समस्त वर्तमान सामाजिक व्यवस्थालाई बलपूर्वक ढालेर मात्र प्राप्त गर्न सकिन्छ। कम्युनिस्ट क्रान्तिको डरले शासकवर्गलाई थर्कमान हुन दिनुहोस्। सर्वहारासँग गुमाउनका लागि हत्कडी बाहेक केही छैन। जित्नका लागि उसका अगाडि सारा संसार छ। संसारका मजदूरहरू एक हौं।"

सामाजिक व्यवस्था बलपूर्वक ढालेर मात्र सर्वहारावर्गको लक्ष्य प्राप्त हुन्छ भने मार्क्सको लागि संसदीय चुनाव मुख्य राजनीतिक विषय भएन। त्यसकारण कम्युनिस्ट घोषणापत्रमा भनिएको छ, "कम्युनिस्टहरू मजदूरहरूको तात्कालिक लक्ष्यको लागि लड्छन्, उनीहरूको सामाजिक हितको रक्षार्थ प्रयत्न गर्दछन्; परन्तु वर्तमान आन्दोलनमा उनीहरू यस आन्दोलनको भविष्यको पनि प्रतिनिधित्व गर्दछन् र त्यसलाई ध्यानमा राख्दछन्।" यसको अर्थ मार्क्सवादीहरू जनताको जीवनमा सुधारका लागि लड्दछन्। तर उनीहरू सुधारवादी नभएर क्रान्तिकारी हुन्। उनीहरू कार्यनीतिका नाममा वैज्ञानिक समाजवादको रणनीति परित्याग गर्दैनन्।

सन् १८७१ मा पेरिसका क्रान्तिकारीहरूले विद्रोह गरे। कम्युनार्डहरूले ७२ दिन कम्युन चलाए। उनीहरूले अन्ततः प्रतिक्रान्तिकारीहरूका सामु आत्मसमर्पणको बाटो होइन, बलिदानको बाटो अपनाए र विश्व सर्वहारावर्गलाई नयाँ शिक्षा दिएर गए। यसै सन्दर्भमा मार्क्सले समग्र घटनाक्रमको मूल्याङ्कन गर्दै 'फ्रान्समा गृहयुद्ध' नामक कृति तयार पार्नुभयो। त्यसमा संसद र कम्युनको तुलना गर्दै मार्क्सले संश्लेषण गर्नुभएको छः

"कम्युन संसदीय होइन, बरु एउटा क्रियाशील सङ्गठन थियो जसले कार्यकारी र विधिकारी दुवै कार्य सँगसँगै गर्दथ्यो...

"संसदमा जनताको गलत रूपमा प्रतिनिधित्व गर्न शासकवर्गको कुन सदस्यलाई तीन या छ वर्षका लागि एकपटक पठाउने भन्ने निर्णय गर्नुको सट्टा त्यसरी नै सार्वभौमिक मताधिकारले कम्युनहरूमा सङ्गठित जनताको सेवा गर्दथ्यो जसरी व्यक्तिगत मताधिकारले हरेक मालिकलाई आफ्नो व्यवसायमा मजदूर र व्यवस्थापक खोज्न मदत गर्दछ"१।

यहाँ उद्धृत मार्क्सको भनाइ अनुसार 'पुरानो राज्यसत्ताको अन्त्यपछि नयाँ राज्यसत्ता आवश्यक छैन' भन्ने अराजकतावादीहरूको कोणबाट उहाँले संसदीय व्यवस्थाको आलोचना गर्नुभएको होइन। उहाँले त प्रतिनिधिमूलक संस्थालाई 'गफाडीहरूको अखडा' बनाउन हुदैन, बरु पेरिस कम्युनले जस्तै विधि निर्माण गर्नुका साथै कार्यकारी भूमिका खेल्नुपर्दछ भन्नुभएको हो। मार्क्सको भनाइलाई पुष्टि गर्दै लेनिनले १९१७ मा 'राज्य र क्रान्ति' लेख्दा भन्नुभएको छ :

"संसदीय संवैधानिक राजतन्त्रमा मात्र होइन, बरु बढीभन्दा बढी जनवादी गणतन्त्रमा पनि पुँजीवादी संसदीय व्यवस्थाको सही सार भनेको केही वर्षहरूमा शासक वर्गको कुन सदस्य संसदमा पुगेर दमन तथा उत्पीडन गर्ने हो भनी फैसला गर्नु हो।"२

एङ्गेल्सले आफ्नो कृतिशेष वर्ष १८९५ मा मार्क्सको कृति 'फ्रान्समा वर्गसङ्घर्ष : १८४८-१८५०' को भूमिका लेख्नुभएको थियो। त्यो भूमिका वर्नस्टिनले लुकाएर राखेको हुनाले सोभियत सङ्घले १९३० मा मात्र छाप्यो। भूमिका लेख्नुपूर्व जर्मनेली सामाजिक जनवादी पार्टीको बोर्डले एङ्गेल्सलाई क्रान्तिकारी विचार केही नरम बनाइदिनुपऱ्यो र सावधानीपूर्वक लेखिदिनुपऱ्यो भनी दवाव दिएका कारण उहाँले यसमा केही काँटछाँट गर्नुका साथै कैयौं प्रस्थापना बदल्न सहमत हुनुभएको थियो भनी टिप्पणी पनि गरिएको छ। भूमिका पढ्दा सही हो जस्तो पनि लाग्दछ। यसैलाई आधार बनाएर वर्नस्टिन, काउत्स्की र प्लेखानोभ जस्ता दोश्रो अन्तर्राष्ट्रियका नेताहरूले बढी संसदवादी नीति लिए भन्ने बहस पनि नचलेको होइन। त्यही भूमिका लेख्ने क्रममा उहाँले भन्नुभएको छ : "अहिलेलाई तलबाट शुरु हुने क्रान्तिको समय समाप्त भयो र माथिबाट शुरु हुने क्रान्तिको समय प्रारम्भ भयो।"

कार्यनीतिक रूपमा प्रस्तुत गरेको यो भनाइलाई वर्नस्टिनले दक्षिणपन्थी कोणबाट र काउत्स्की तथा प्लखानोभले मध्यपन्थी कोणबाट उपयोग गरेका छन्। वर्नस्टिनले 'माथि' को हवाला दिएर संसदलाई रणनीतिको थलो बनाए भने काउत्स्की र प्लेखानोभले 'माथि' र 'तल' को तालमेल भनेर शान्तिपूर्ण सङ्क्रमणको बाटो अपनाए। यही कुरा सोभियत सङ्घमा ख्रुश्चोभ र नेपालमा मदन भण्डारी तथा प्रचण्डले लागू गरे। क्रान्तिकारीहरूले 'तल' अर्थात् सडकमा जनतालाई प्रधान बनाएर जानुपर्दछ।

एङ्गेल्सले आफ्नो प्रसिद्ध कृति 'परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति' लेख्दा १८८४ मा संश्लेषण गर्नुभएको छ : "यसरी सार्वत्रिक मताधिकार, मजदूर वर्गको परिपक्वताको कसौटी हो। वर्तमान राज्यव्यवस्थामा यसले यसभन्दा बढी केही पनि गर्न सक्दैन, कहिल्यै हुने पनि छैन, त्यही नै पर्याप्त हुन्छ। जुन दिन सार्वत्रिक मताधिकारको थर्मामिटरले मजदूरहरू माझ विष्फोटक स्थिति देखाउनेछ त्यसदिन मजदूर र पूँजीपतिहरू दुवैले हामी कहाँ उभिएका छौ भन्ने कुरा थाहा पाउनेछन्।"३

एङ्गेल्सले यस उद्धरणमा जर्मनीको कम्युनिस्ट पार्टीद्वारा संसदीय चुनाव उपयोग गर्दाको अनुभवलाई संश्लेषण गर्नुभएको छ। यस चुनावले मजदूर वर्गलाई राजनैतिक रूपमा परिपक्व त बनायो तर पुँजीपति वर्गको राज्यसत्ता रहुन्जेलसम्म यस भन्दा अरु केही पनि हुन सक्दैन भन्ने कुरा उहाँले ठोकुवा गर्नुभएको छ। यो प्रक्रिया पनि एकदिन विस्फोटक स्थितिमा पुग्नेछ र क्रान्तिले नै सर्वहारा वर्गको मुक्ति सम्भव बनाउने छ।

संसदीय व्यवस्थाबारे माओको विचार लेनिनवादमा आधारित रहेको छ। माओ नेतृत्वको चीन कम्युनिस्ट पार्टीले सोभियत सङ्घ कम्युनिस्ट पार्टी (वोल्शेविक) मा पैदा भएको ख्रुश्चोभी आधुनिक संशोधनवादका विरुद्ध महान बहस चलाएको थियो। उक्त महान बहसमा भनिएको छ :

"हाम्रो सधैं के मत रहेको छ भने क्रान्तिका दौरानमा मजदूरवर्ग र व्यापक जनताको नेतृत्व गर्नका लागि सर्वहारावर्गको पार्टी सङ्घर्षका तमाम रूपमा सिपालु हुनुपर्दछ र त्यसका विभिन्न रूपहरूलाई मिलाउन सक्नुपर्दछ तथा सङ्घर्षको स्थितिमा परिवर्तन हुनेबित्तिकै स्फूर्तिका साथ एउटा रूपको स्थानमा अर्कोलाई अपनाउनु पर्दछ। ती सबै परिस्थितिमा अपराजेय तब बनिन्छ जब सङ्घर्षका तमाम रूपहरूमा सिपालु बन्न सकिन्छ : शान्तिपूर्ण र सशस्त्र सङ्घर्ष, खुला र गोप्य सङ्घर्ष, कानूनी र गैरकानूनी सङ्घर्ष, संसदीय र जनसङ्घर्ष तथा साथसाथै घरेलु र अन्तर्राष्ट्रिय सङ्घर्ष।"४

सङ्घर्षका विभिन्न रूपहरूमा लड्न कम्युनिस्टहरू सिपालु हुनुपर्दछ भन्ने यो द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी धारणा स्पष्ट गरिसकेपछि ख्रुश्चोभी बाटोको खण्डन गर्दै महान् बहसमा भनिएको छ :

"यदि कुनै खास परिस्थितिमा कुनै कम्युनिस्ट पार्टीले संसदमा बहुमत प्राप्त गरेछ भने पनि यो चुनावमा जितेको हुनाले सरकारमा सहभागी भएको छ भने पनि यसले संसदमा वा सरकारको पुँजीवादी स्वरूप बदलिँदैन र यसको अर्थ पुरानो राज्ययन्त्रलाई चक्नाचूर पार्ने तथा नयाँ राज्ययन्त्रको स्थापना गर्ने काम कुनै हालतमा पनि हुँदैन। पुँजीवादी संसद र सरकारमा वा सरकारमाथि निर्भर भएर आधारभूत सामाजिक परिवर्तन गर्न एकदमै असम्भव छ। प्रतिक्रियावादी पुँजीपतिवर्गले राज्ययन्त्रलाई आफ्नो कब्जामा राखेर चुनाव रद्द गर्न सक्छ, संसद भङ्ग गर्न सक्छ, सरकारमा सहभागी कम्युनिस्टहरूलाई बरखास्त गर्नसक्छ, कम्युनिस्ट पार्टीलाई गैरकानूनी घोषणा गर्नसक्छ तथा जनता र प्रगतिशील शक्तिलाई दमन गर्न बर्बर शक्ति प्रयोग गर्न सक्छ।"५

त्यसकारण मालेमावादी सिद्धान्त के हो भने कम्युनिस्ट पार्टीले ठोस वस्तुको ठोस विश्लेषण गरी संसदीय व्यवस्थाको बहिष्कार वा उपयोग गर्नुपर्दछ। उपयोगका नाममा पुँजीवादी संसदलाई नै रणनीति बनाउने र बहिष्कारका नाममा गति नै नआउने गरी डल्लिने स्थितिमा क्रान्तिकारीहरू फस्न हुँदैन। रणनीतिलाई जसरी फाइदा हुन्छ, त्यही अनुसार कार्यनीति तय गर्नुपर्दछ।

***३) संसदीय व्यवस्था अन्तर्गत हुने चुनाव के हो ?***

यो चुनाव कार्यनीति हो। तर यो रणनीतिक महत्वको कार्यनीति हो। यसको सही प्रयोग गर्न सकियो भने कम्युनिस्टहरूले आफ्नो रणनीति हासिल गर्न सक्छन् भने गलत ढङ्गले प्रयोग गरियो भने कम्युनिस्टहरू एमाले र नेपाली कम्युनिस्ट पार्टी जस्ता संसदवादी बन्दछन्। संसदीय व्यवस्थामा भाग लिने बाटो भनेको संसदीय व्यवस्थाको संविधान र कानूनको दायरामा छिर्नु हो। भाग लिइरहने आदत बस्यो भने यसले आफ्नो संविधान र कानूनको कैदी बनाएर राख्दछ र कुनै पनि हालतमा कम्युनिस्ट रणनीतिमा पुग्न दिँदैन। यो कुरा विश्व कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनले राम्रोसँग सिकाएको छ। आज विश्वको आम परिस्थिति र नेपालको विशिष्ट परिस्थितिमा संसदीय चुनावको उपयोग गर्ने वा बहिष्कार भन्ने सन्दर्भमा हाम्रो पार्टीले सक्रिय बहिष्कार गर्ने निर्णय गरेको छ।

***४) सक्रिय बहिष्कार भनेको के हो र यसको औचित्य के हो ?***

लेनिनले भन्नुभएको छ, "बहिष्कारको अर्थ चुनावमा भाग लिन अस्वीकार गर्नु हो"। अझ अघि बढेर लेनिन भन्नुहुन्छ, "सक्रिय बहिष्कार भनेको खाली चुनाव बाहिर रहनु होइन : यसको अर्थ त सामाजिक जनवादी आन्दोलन र सङ्गठनका लागि विस्तृत रूपले उपयोगी बनाउनु पनि हो। यसका सभाहरूलाई उपयोगी बनाउनुको अर्थ तिनलाई वैधानिक (मतदाता सूचीमा दर्ता गरेर) र अवैधानिक रूपमा प्रवेश गराउनु, त्यसमा समग्र कार्यक्रम र समाजवादीहरूका सम्पूर्ण दृष्टिकोणहरूको व्याख्या गर्नु, डुमाका छलकपटहरूको भण्डाफोर गर्नु ...हो।"६

लेनिनको निर्देशन अनुसार बहिष्कार गर्नु भनेको चुनावमा मतदान गर्न अस्वीकार गर्नु मात्र होइन, बरु यसको अर्थ त नेपालका सन्दर्भमा क्रान्तिकारी कम्युनिस्ट पार्टीको समग्र कार्यक्रमलाई लिएर जनसभाको आयोजना गर्नु, वैधानिक र अवैधानिक कार्यक्रमहरू गरेर यस व्यवस्थाको विकल्प पेश गर्नु हो। रणनीतिक हिसाबले नयाँ जनवादी क्रान्तिको खुड्किलो पार गर्दै वैज्ञानिक समाजवादको उज्यालो क्षितिज जनता सामु स्पष्ट पार्नुपर्दछ भने कार्यनीतिक हिसाबले स्वाधीन संयुक्त सरकारको श्रृखला सम्बन्धी स्पष्ट व्याख्या गर्नुपर्दछ। जनतालाई संसदीय व्यवस्थाको यो विकल्प पेश गर्नुपर्दछ। प्रचार - प्रसार, संसदीय व्यवस्थाको भण्डाफोर र जुझारु कार्यक्रम मार्फत् हामीले हाम्रो विकल्प जनताको कानमा पुऱ्याउनै पर्दछ।

हामीले भनेका छौं, यतिबेला संसदीय व्यवस्था नेपालमा मात्र नाङ्गिएको छैन, विश्वव्यापी रूपमा नाङ्गिएको छ। अमेरिकी संसदीय प्रजातन्त्र भेनेजुएला, प्यालेष्टाइन, सिरिया र इरानमाथिको नाङ्गो आक्रमणमा, रुसको संसदीय प्रजातन्त्र युक्रेनमाथिको आक्रमणमा, भारतको संसदीय प्रजातन्त्र गोआ, जम्मुकश्मीर र सिक्किमलाई निल्ने तथा नेपालमाथिको नाङ्गो हस्तक्षेपमा राम्रोसँग अभिव्यक्त भएको छ। अमेरिकी प्रजातन्त्र त्यहाँका काला जातिको हत्या, दमन र उत्पीडनमा व्यक्त भएको छ। नेपालको संसदीय व्यवस्था दलाल संसदीय व्यवस्थामा परिणत भएको छ। दलाल पुँजीवाद यसको आर्थिक आधार हो। एमसीसी संझौता नेपालको संसदबाट पारित हुनु र त्यो परियोजनालाई निर्बाध रूपमा लागू गर्न जेनजेड विद्रोहका नाममा कठपुतली सरकार बनाइनुले देश आर्थिक तथा सामाजिक हिसाबले स्पष्ट रूपमा नवउपनिवेश बनिसकेको छ। साम्राज्यवादी अमेरिका र भारतको सहमतिमा बनेको सरकारद्वारा आयोजित चुनाव बहिष्कार गर्नु नै नेपाली जनताको हितमा र साम्राज्यवादको विरोधमा हुन्छ। यो चुनावमा भाग लिनु भनेको कठपुतली सरकार र साम्राज्यवादको हितसाधनमा लाग्नु हुन जान्छ।

दोस्रो कुरा, नेपालको संसदीय व्यवस्था भ्रष्ट्राचारका काण्डहरूको पर्याय भएको छ। लाउडा एयरकाण्ड (२०५०), मेलम्ची खानेपानी आयोजना काण्ड (२०५५), सिक्टा सिँचाइ अयोजना काण्ड, (२०७२), ३३ केजी सुनकाण्ड (२०७४), वाइडबडी जहाज खरिद काण्ड (२०७५-७६), यति समूह र ओम्नी समूह विवाद (२०७६-७७), र नक्कली भुटानी शरणार्थी काण्ड (२०७९-८०) आदि भ्रष्टाचारका काण्ड कुख्यात छन्। यी कुराहरूले गर्दा यो संसदीय व्यवस्था अन्तर्गत हुने चुनावको बहिष्कार गर्नुका साथै यसको विकल्प पेश गर्नु आवश्यक छ।

तेस्रो, यहाँका दलाल संसदीय दलहरूसँगै दलाल संसदीय व्यवस्थाको चुनावमा भाग लिनु भनेको ती दलहरूको विकल्पमा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल प्रस्तुत नहुनु हो। जनताहरू माझ कुरामा क्रान्तिकारी र व्यवहारमा संसदवादी देखाएर भ्रम पार्नु हो। यसले गर्दा पनि यो संसदीय चुनाव बहिष्कारको कार्यनीति सही छ।

***५) निष्कर्षमा जाँदा :***

संसदीय व्यवस्था अन्तर्गत हुने चुनाव किन बहिष्कार गर्नुपर्दछ भन्ने सन्दर्भमा जे.भी. स्टालिनको संश्लेषण सबभन्दा बढी मर्मस्पर्शी छ :

"डुमामा भाग लिने कार्यनीतिले नजानिदो ढङ्गबाट जारशाही डुमालाई बलियो बनाउन, जनसमुदायको क्रान्तिकारी भावनालाई कमजोर बनाउन, जनसमुदायको क्रान्तिकारी चेतनालाई धमिल्याउन, कुनै पनि क्रान्तिकारी सङ्गठन निर्माणका लागि असमर्थ बनाउन, सामाजिक जीवनको विकासमा व्यवधान पुऱ्याउन मदत गर्दछ। त्यसकारण सामाजिक जनवादीद्वारा यसको बहिष्कार गरिनु पर्दछ।"७।

आज नेपाली सच्चा कम्युनिस्टहरूले संसदीय चुनावमा भाग लिनु भनेको नजानिदो ढङ्गले अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादका गिद्धे-पञ्जा निर्वाध फिजाउन दिनु, जनसमुदायलाई दलाल पुँजीवादका प्रतिनिधिहरूको मासुको झोल र भातमा डुब्न दिनु, मार्क्सवादी-लेनिनवादी-माओवादी चेतनालाई धमिल्याउन दिनु, क्रान्तिकारी सङ्गठन निर्माणको प्रक्रियालाई विघटनतिर लैजानु, सामाजिक जीवनको विकासलाई प्रतिगमनतिर लैजानु हो। यो कुरा नेपालमा वि. सं. २०१५ सालदेखि आजसम्मका चुनाव उपयोगका धेरैजसो घटनाले पुष्टि गरेका छन्। त्यसकारण क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले यो संसदीय चुनाव बहिष्कार गर्ने कार्यनीति तय गरेको छ।

***पाद टिप्पणीहरू***

१. मार्क्स एङ्गेल्स सङ्कलित रचनाहरूको अङ्ग्रेजी संस्करण, ग्रन्थ २२, पृ. ३३१ र पृ. ३३३।

२. भ्ला.ई. लेनिन सङ्कलित रचनाहरूको हिन्दी संस्करण, दश खण्डमा खण्ड ७, पृ. ६३।

३. मार्क्स एङ्गेल्स सङ्कलित रचनाहरूको अङ्ग्रेजी संस्करण, ग्रन्थ २६, पृ.२७२।

४. अन्तर्राष्ट्रिय प्रकाशन भारतद्वारा विदेशी भाषा प्रकाशन पेकिङको हिन्दी पुनर्मुद्रण, महान बहस, पृ. ३०७।

५. उही, पृ.३०२।

६. भ्ला.ई. लेनिन सङ्कलित रचनाहरूको अङ्ग्रेजी संस्करण, ग्रन्थ १०, पृ.९७।

७. कामगर प्रकाशन दिल्लीद्वारा १९९१ मा प्रकाशित जे.भी. स्टालिनका रचनाहरूको अङ्ग्रेजी संस्करणको पुनर्मुद्रण, ग्रन्थ १, पृ.२१५।

- *'कम्युनिस्ट'बाट*

## जेनजी...

विस्तारवादलाई अत्याधिक खुशी पार्ने काम गरे ।

यी माथि उल्लेखित कार्यले गर्दा जनतामा असन्तुष्टिको थुप्रो लाग्यो । २०८२ भाद्र २३ र २४ मा जेनजीको नाममा असन्तुष्टि फेरि विस्फोट भयो । खास गरेर भ्रष्टाचारको अन्त्य, सुशासन र सामाजिक सञ्जालमा लागेको प्रतिबन्धलाई फुकुवा गर्नका लागि गरिएको युवाहरूको विद्रोह भएकाले हजारौं युवा, किसान, मजदुर लगायत उत्पीडनमा परेका नागरिकहरूको त्यसमा सहभागिता रह्यो । जेनजीहरूको मागलाई सम्बोधन गर्नीतिर नलागेर सरकारले दमनद्वारा विद्रोहलाई दवाउन खोज्दा पहिलो दिन मै १९ जनाको ज्यान गयो । विभिन्न अनुसन्धानका आधारमा यो पनि बताउने गरिएको छ कि त्यहाँ सरकारले मात्र होइन, युवाहरूलाई उत्तेजित पार्न बाहिरबाट समेत गोली चलाइएको छ र त्यो भीडमा जेनजी मात्र थिएनन्, बाह्य घुसपैठ पनि प्रशस्त थियो । हत्या काण्डमा जो-जो संलग्न भए पनि त्यसको जिम्मेवार तत्कालीन केपी ओलीको सरकारनै हो । यद्यपि त्यसको छानवीन गर्ने आयोग बनेको छ । त्यतिबेला सरकारको अनुसन्धान निकायले बाह्य घुसपैठ कसरी हुँदैछ ? भन्ने रिपोर्ट सरकारलाई दिनु पर्थ्यो र सरकारले पनि सम्भावित विध्वंशलाई रोक्न पूर्व तयारी गर्नु पर्थ्यो, त्यसो हुन सकेन । त्यसैको परिणाम भाद्र २४ को विध्वंश हो । सिंहदरवार, सर्वोच्च अदालत, संसद भवन, राष्ट्रपति भवन तथा निजी भवन, व्यापारिक प्रतिष्ठानहरू जल्दा नेपाली सेना समेत रमिते बनिरह्यो । त्यो विध्वंशको नेतृत्व जेनजीको नाममा अमेरिकी आईएनजीओहरूले गरेका थिए भन्ने कुरा पछि खुल्न गयो । आयोगको रिर्पोट आएपछि अझै धेरै कुरा खुल्नेछ । २००७ सालदेखि ०६२/०६३ सम्मका पटकपटकका जनविद्रोह, जनयुद्ध तथा जनआन्दोलनमा जनता विद्रोहमा उत्रने, परिवर्तनका लागि आफूलाई बलिदान गर्ने, जेल, नेल, अभाव, अपाङ्गतासम्मको जीवन बिताउने, तर आन्दोलनको नेतृत्व दक्षिणपन्थी, विदेशीका दलाल, सामन्त तथा दलाल पुँजीवादका रक्षकहरूले गर्ने र उनीहरूले सत्तामाथि कब्जा गर्ने कार्य हुँदै आएको सन्दर्भमा जेनजी विद्रोहलाई पनि साम्राज्यवादका दलालहरूले नेतृत्व हाइज्याक गरे । त्यसपछि अमेरिकी र भारतीय शासकहरूको निर्देशनमा संसद विघटन गरे, कठपुतली सरकार गठन गरे, कैयौं नीति परिवर्तन गरे । अहिले उनीहरू निर्वाचन मार्फत् संसदमा बहुमत ल्याउने र साम्राज्यवाद परस्त सरकार बनाउने दिशामा निरन्तर काम गरिरहेका छन् ।

सामान्यतः १९९७ देखि २०१२ को बीचमा जन्मिएका युवालाई जेन-जेड पुस्ता मानिएको छ । त्यो भन्दा पहिलेको जेन-वाई पुस्ता थियो । यो जेनजी (जेन-जेड) पुस्ता आधुनिक डिजिटल युगमा हुर्किएको पुस्ता हो । आधुनिक टेक्नोलोजी, इन्टरनेट, सोसियल मिडियासित प्रत्यक्ष जोडिएको हुँदा यो पुस्ताका युवाहरू सबै कामहरू छिटो र डिजिटिलाइज गर्न चाहन्छन् । सोसियल मिडियाको साथै अनलाइन सपिङ, मोबाइल पे, सामान्य बन्दै गएको छ । अहिले गुगल सर्च पछि पर्न गएको छ । त्यसको स्थान च्याट जीपीटी, डिपसिक, एआईले लिन थालेको छ । फेसबुक, रिल्स, टिकटक, स्न्यापच्याट, इन्स्टाग्राम, पोपो, इमो, ह्वाट्स एप, युट्युव लगायतका दर्जनौं प्लेटफर्महरू प्रयोग गरेर संसारभरिका मानिसहरूसित सम्पर्क र सम्बन्ध बढाउन यो पुस्ता सक्षम भएको छ । यो पुस्ताले हरेक चीजको समाधान इन्टरनेटबाट खोज्छ । एक प्रकारले भन्नुपर्दा यो कुनै खास दर्शनमा भने विश्वास राख्दैन । यो उत्तर आधुनिकतावादसित प्रभावित पुस्ता हो । उपभोक्तावादी संस्कृतिबाट प्रभावित यो पुस्ताले आजलाई ध्यान दिन्छ, भोलिको वास्ता गर्दैन । त्यसैले यो पुस्ताले राजनीतिलाई व्यर्थको चीज ठान्दछ । उनीहरूलाई साम्राज्यवाद, विस्तारवाद, उपनिवेशवाद, नवउपनिवेशवाद, सामन्तवाद, पुँजिवाद, नयाँ जनवाद, समाजवाद, साम्यवाद, के हो भन्ने तर्फ पटक्कै चासो छैन । त्यसैले उनीहरू अन्याय, अत्याचारको विरोध त गर्छन्, तर त्यो अन्याय सधैका लागि अन्त्य हुने वैज्ञानिक समाजवाद ल्याउने हदसम्म आन्दोलन अगाडि बढाउनु पर्दछ भन्ने कुरा बुझ्दैनन् । बाङ्गलादेश, श्री लङ्कामा आन्दोलन भयो तर नेतृत्व साम्राज्यवादका दलालका हातमा गयो । नेपालमा पनि जेनजीले विद्रोह गरे, तर त्यो विद्रोहलाई साम्राज्यवादका दलालहरूले अपहरण गरे । सरकारको नेतृत्व कठपुतलीहरूको हातमा गयो । खास गरेर बारबरा फाउण्डेशनका नेता तथा कार्यकर्ताका हातमा पुगेको छ । विडम्वना त यो छ कि संविधान विपरीत पूर्व न्यायाधीश सुशिला कार्की प्रधानमन्त्री नियुक्त गरिएकी छिन् ।

बारबरा फाउण्डेशनका नेताहरू जो स्वतन्त्र वा विभिन्न पार्टीहरूमा छरिएर रहेका थिए, धेरै जसो रास्वपामा सामेल भएका छन् । कतिपय अहिले पनि पहिले कै स्थानमा रहेर काम गरिरहेका छन् । आइएनजीओको प्रभावले गर्दा आफूलाई पुराना र शक्तिशाली बताउने पार्टी जेनजीको प्रभावले आज विभाजित हुँदै गैरहेका छन् । आइएनजीओका व्यक्तिहरू जहाँ बसे पनि विचार, दर्शन, राजनीतिलाई होइन, पुरानोका विरुद्ध "नयाँ", बुढोका विरुद्ध "युवा"लाई नेतृत्व दिनुपर्ने कुरा उठाइरहेका छन् । निरपेक्ष रूपमा कोही पनि 'नयाँ' वा 'युवा' भन्दैमा त्यसले देशलाई सही नेतृत्व दिन सक्छ भन्ने हुँदैन, मुख्य कुरा विचार हो । नयाँ तथा युवा पिँढी नेतृत्वमा हुनु राम्रो कुरा हो । हरेक पार्टीले नयाँ नेतृत्व तथा युवा पुस्ता अगाडि ल्याउन चाहन्छ । चिनियाँ कम्युनिस्ट पार्टीका महान् नेता माओले "थ्री इन वन" को सिद्धान्त – वृद्ध, वयस्क र युवा सम्मिलित नेतृत्वको कुरा गरेका थिए । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको एकता महाधिवेशनमा त्यसरी नै नेतृत्व चयन गरिएकोछ । तर समस्या कहाँ छ भने अहिलेको युवा पुस्तामा विचारलाई प्राथमिकता दिने प्रवृत्ति कम हुँदै गएकोछ । आगामी फागुन २१ मा हुने निर्वाचनमा जेनजीहरूले वालेनलाई भावी प्रधानमन्त्री भनेर प्रचार गर्दैछन् । केही समय अगाडि रवि लामिछानेलाई भावी प्रधानमन्त्रीको उम्मेदवार भनेर प्रचार गरिएको थियो । अहिले काङ्ग्रेसले गगन थापालाई भावी प्रधानमन्त्री घोषणा गरेको छ । आज भावी प्रधानमन्त्री बालेन सांसदको उम्मेदवार भए पछि उनी के गर्दैछन् ? त्यो जगजाहेर छ । उनी नयाँ पुस्ताको प्रधानमन्त्री भईहाले भने देश कुन अवस्थामा पुग्ला ? अहिले प्रचार गरे जस्तो रवि गृहमन्त्री भए भने उनले के गर्लान् ? सबैभन्दा पहिले मुकुल ढकालले भने जस्तै नेपाललाई भारतसित गाभ्ने वा भुटान जस्तो बनाउने छन् । उनीहरू एसपीपी र आइपीएस परियोजना पारित गरेर अमेरिकी सेना नेपालमा भित्र्याउने छन् । जेलेन्स्की पनि युक्रेनका युवा कमेडियन हुन् । उनी राष्ट्रपति भएपछि युक्रेनको अवस्था के भएको छ ? भन्ने सबैलाई थाहा छ । त्यसकारण आज नेपालमा रास्वपालाई जिताउन जेनजीहरूले जुन "युवा नेतृत्व" र "नयाँ" हरूको संसद तथा सरकार बनाउने कुरा गरेका छन्, यदि उनीहरूले सदनमा बहुमत ल्याएर सरकार बन्यो भने देशको अस्तित्व समाप्त हुने खतरा छ । हाम्रो देशको भूराजनीतिक अवस्थाको संवेदनशीलतालाई नबुझ्नेले देशको कोरा "विकास" को मात्र कुरा गरेर देशको विकास हुन सक्दैन । विकास र समृद्धि मात्र जनताको समस्या होइन, राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाको समस्या हल गर्नु नै आजको राष्ट्रिय आवश्यकता हो । राष्ट्रका समस्या र विकासका कुराहरू एक अर्कासित अन्तर सम्बन्धित हुन्छन् ।

जेनजीहरूको काँधमा बन्दुक राखेर साम्राज्यवादीहरूले पड्काएको कुरा अब कतैबाट लुकेको छैन । यसप्रकारको अवसर प्रदान गर्ने कार्य काङ्ग्रेस, एमाले र तत्कालीन माओवादी सत्तामा रहेको बेला पहिलेदेखि नै शुरुवात भएको थियो । किन कि ठुला दलहरूले जनतालाई सामान्य डेलिभरी पनि दिन सकेनन् । सबैभन्दा बढी भ्रष्टाचार यिनीहरूको पालामा मौलायो । त्यसको सबैभन्दा बढी असर युवा पुस्तामा पर्‍यो । त्यसबाट विद्रोह विस्फोट भयो । तर जेनजी विद्रोहले स्पष्ट के देखायो भने कुनै विचार बिनाको सङ्घर्ष, जसको गन्तव्य कहाँ हो ठेगान छैन भने, त्यो जति ठुलो र भीषण आन्दोलन भए पनि त्यत्तिकै बिलाएर जान्छ । आज जेनजी विद्रोह तितर वितर भएको छ । ती मध्ये कोही एमालेतिर, कोही काङ्ग्रेसतिर, कोही नेपाली कम्युनिस्ट पार्टीतिर, कोही नेकपातिर, अर्थात् कोही वामपन्थीतिर भने कोही दक्षिणपन्थी वा दलाल पार्टीतिर सामेल भएका छन् । किनकि त्यो राजनीतिक सङ्गठन थिएन, एउटा डिजिटल उमेर समूहको जमात थियो । उनीहरू क्षणिक उपलब्धिको खोजीमा आज पनि भौंतारिदै छन् । देशको परिस्थिति बारे विचार नगरिकन योजना ल्याउने गरेका छन् । उनीहरूले कुनै जिम्मेवार क्रान्तिकारी कम्युनिस्ट पार्टीमा सामेल हुनु पर्दछ भन्ने कुरा बुझ्नै चाहँदैनन् । उनीहरूलाई विश्व सर्वहारा वर्गको विरुद्धमा तयार गरिएको छ । मार्क्सवाद-लेनिनवाद-माओवादका वैज्ञानिक विचारलाई पुरानो विचार मान्दछन् । कतिपय युवाहरू कम्युनिस्ट पार्टीप्रति आकर्षित भए पनि उनीहरूले दक्षिणपन्थी संसदवादी पार्टीहरूलाई नै समर्थन गरेको देखिन्छ ।

हामीले उनीहरूको जायज मागलाई समर्थन गरेका छौं । तर उनीहरू आफ्नो माग यही दलाल पुँजीवादी व्यवस्था अन्तर्गत प्राप्त हुने ठान्दछन् । अमेरिकी साम्राज्यवादद्वारा डिजाइन गरिएका व्यक्तिहरूको भरोसामा उनीहरू हिँडिरहेका छन् । अहिले पनि देश विदेशका लाखौं युवाहरू बालेन, कुलमान, रवि, जगदीश खरेल, गगन थापाका पछाडि दौडिरहेका छन् । उनीहरूलाई के थाहा छैन भने दलाल पुँजीवादले नै नेपालमा भ्रष्टाचारलाई जन्म दिएको हो । यसैले निरङ्कुशता जन्माएको हो । त्यही दलाल पुँजीवाद अन्तर्गत रहेर भ्रष्टाचारको अन्त्य, घुस, बेरोजगारी, महङ्गी, लुट, ठगीको अन्त्य, वर्गीय, जातीय तथा लैङ्गिक विभेदको अन्त्य, गरिब जनतामाथिको शोषण, दमन र उत्पीडनको अन्त्य हुन्छ भनेर सोच्छ कसैले भने त्यो मूर्खता बाहेक केही होइन । गतकालमा रविले भ्रष्टाचारको अन्त्यको नारा दिएर जनताको समर्थन प्राप्त गरे । जनता कै समर्थन र दवाववाट गृहमन्त्रीसम्म बन्न पुगे । तर करोडौंको सहकारी संस्थाको रकम ठगी गर्ने काम उनी आफैले गरे । उनीमाथि कालो धनलाई सेतो बनाएको भन्ने मुद्दा अहिले पनि सर्वोच्च अदालतमा छ । साम्राज्यवादको कठपुतली सरकारले संविधान र कानुन विपरीत उनीमाथिको सम्पत्ति सुद्धिकरण र सङ्गठित अपराधको मुद्दा फिर्ता गर्न जिल्ला अदालतहरूलाई निर्देशन दिए पनि त्यसको व्यापक विरोध भएको छ । जबसम्म निजी सम्पत्ति रहन्छ तबसम्म भ्रष्टाचार पनि कायम रहन्छ । पुँजीवादमा सत्ता र शक्ति भएपछि ठुला भन्दा ठुला भ्रष्टाचार काण्डहरू सेलाएर जान्छन् । पुँजीवादमा भ्रष्टाचार रोक्ने कुरालाई राजनीतिक नारा बनाउने काम भइरहन्छन् । जनतालाई भ्रम दिनका लागि एक दुईजनालाई सामान्य कार्वाही पनि गरिन्छ । तर त्यो अपवाद मात्र हो । त्यसैले सवै प्रकारका अन्याय, अत्याचार, भ्रष्टाचार, शोषण, दमन तथा जातीय, लैङ्गिक, वर्गीय विभेद मेटाउने व्यवस्था वैज्ञानिक समाजवाद नै हो ।

जेनजी विद्रोहमा ज्यान अर्पण गर्ने युवाहरूको रगतमाथि टेकेर साम्राज्यवादका केही एजेण्टहरूले सत्ता हात पार्ने असफल प्रयास गर्दैछन् । उनीहरूसँग साम्राज्यवादको नवउदारवादी आर्थिक नीति र नवउपनिवेशवादी सामाजिक, राजनैतिक तथा सांस्कृतिक रोडम्याप बाहेक अन्य कुनै वैज्ञानिक दर्शन, सिद्धान्त, विचार, दृष्टिकोण केही छैन । त्यो कुरा बालेन, रवि, कुलमान, महावीर, जगदीशहरूले अहिलेसम्म प्रकट गरेका अभिव्यक्तिहरूबाट पनि स्पष्ट हुँदै आएको छ । उनीहरूको नेतृत्वमा आज जुन जेनजी पुस्ताले आफ्नो जीवन वर्वाद पारिरहेका छन्, उनीहरूले हाम्रो भूमिकाले देश कता जाँदैछ भन्ने कुरा गंभीर भएर सोच्नुपर्छ । सस्तो लोकप्रियताबाट एउटा अवधिमा जित हासिल गरे पनि त्यो दिगो हुन सक्दैन । देश बनाउनका लागि सही र वैज्ञानिक राजनैतिक व्यवस्थाको आवश्यकता पर्दछ । विगतमा राजनीतिक व्यवस्था सही भएर मात्र रुस, चीन लगाएतका देशहरूले आफ्नो बलमा विकास गरेका हुन् र त्यसैको जगमा आज पनि अगाडि छन् । दलाल पुँजीवादबाट देश विकास हुँदैन । राष्ट्रिय पुँजीको विकास गर्न नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादमा पुग्ने नेपाली समाजको कार्यदिशा हो । जेनजी पुस्ताले देशमा आमूल परिवर्तन गर्न चाहन्छ भने साम्राज्यवादको तडकभडक हेर्ने होइन, नेपाली समाजको चरित्रलाई बुझ्नुपर्छ । उनीहरू मार्क्सवाद-लेनिनवाद-माओवादको गहन अध्ययन गरेर त्यसलाई नेपाली समाजमा सिर्जनात्मक ढङ्गले लागु गर्न सिक्नुपर्छ । जेनजी पुस्ताले पुरानो राजनीतिक व्यवस्था माथि प्रहार गरेन, उनीहरूको त्यो रणनीति पनि थिएन । त्यसैले पुरानो व्यवस्थासित यो पुस्ताले सम्झौता गरेको छ । सुधारको कुरा गरेको छ । आज नयाँको नाममा साम्राज्यवादले नेपाली समाजलाई नियन्त्रण गर्न खोज्दैछ । देशमा सामाज्यवादद्वारा प्रत्यक्ष रूपमा पनि हस्तक्षेप हुने स्थिति आएको छ । यो पुस्ताले आफुसँग भएको उर्जा, प्रविधि र विवेकलाई सही ठाँउमा प्रयोग नगरेर राजनीतिक चेतनाको अभावले गर्दा साम्राज्यवादका दलालहरूबाट प्रयोग भएको अवस्था छ । यस विषयमा राष्ट्रिय स्तरमा नै बहस हुनु आवश्यक छ ।

जेनजी विद्रोहले पुरानो सामन्ती पर्खालहरू भत्काएर नयाँ प्रणाली स्थापनाका लागि ढोका खटखटाएको छ । आन्दोलनको इतिहासमा यो एउटा परिघटना हो । यसले सबै तहका जनतालाई तरंगित बनाएको छ । विद्रोहको आवाजलाई कसैले पनि नजर अन्दाज गर्न सकिदैन । तर साम्राज्यवादका दलालहरूले जुन प्रकारले प्रतिगामी उद्देश्य राखेर जेनजी पुस्तालाई राजनीतिक स्वार्थका लागि प्रयोग गरे त्यसको नेपाली समाजले भण्डाफोर गर्नु पर्छ र देशलाई युक्रेन बन्नबाट बचाउनु पर्छ । फागुन २१ मा संसदीय निर्वाचन भए पनि देशले निकास पाउँदैन । पहिले कै राजनीतिक प्रणालीको निरन्तरता बाहेक थप केही हुने छैन । त्यसैले राष्ट्रिय सहमति, स्वाधीन संयुक्त सरकार, जन संविधान निर्माण गरेर अग्रगामी दिशामा जानुको विकल्प छैन । देशलाई अव यथास्थितिमा रहन दिनु हुदैंन ।

नेपालका कम्युनिस्टहरूले पनि अहिलेको विज्ञान र प्रविधिको विकासको युगमा क्रान्तिकारी विचारलाई विज्ञान र प्रविधिसँग जोड्ने विषयमा ध्यान दिनुपर्ने बेला आएको छ । सिद्धान्त र विचारलाई हाम्रो जीवनसँग र जीवनलाई प्रविधिसँग नजोडिकन क्रान्तिकारी यात्रा अगाडि बढ्दैन । आधुनिक प्रविधि अगाडि जाने, तर विज्ञानमाथि विश्वास राख्ने कम्युनिस्टहरू त्यसको पछि-पछि लतारिने अवस्था आउन नदिन हामीले विशेष जोड दिनु पर्दछ । आज जे जति डिजिटिलाइजेशन भएको छ, त्यसमा बौद्धिक मजदुरहरूको भूमिका छ । त्यसलाई साम्राज्यवाद र पुँजीवादले उपयोग गरेको छ । त्यसलाई वैज्ञानिक समाजवादका लागि उपयोग गर्नु पर्ने आवश्यकता छ । बालेन र रविको उदय त्यसैलाई उपयोग गरेर भएको हो । कुनै सिद्धान्त र विचारबाट होइन । विज्ञान र प्रविधिलाई साम्राज्यवाद र पुँजीवादको हितमा होइन, जनताको हितमा प्रयोग गरेर जनतालाई कुशल, सक्षम र योग्य बनाउने बेला आएको छ । विगतमा टुकी वा लालटिन बालेर किसानहरूलाई राजनीतिक प्रशिक्षण दिएर जनतालाई प्रशिक्षित गर्ने अवस्थामा अहिले परिवर्तन भएको छ । अब संचारका सबै प्रविधिलाई उपयोग गरेर जनतालाई प्रशिक्षित गर्ने बेला आएको छ । आजको जेनजी पुस्ता वा भोलि आउने अल्फा पुस्तालाई वैज्ञानिक विचारधाराबाट प्रशिक्षित गरेर नै उनीहरूलाई राष्ट्रिय स्वाधीनता, जनवादी अधिकार, जनजीविका सम्बन्धी आन्दोलनमा उतार्न र तमाम सर्वहारा किसान, मजदुरहरूको नेतृत्व समेत गर्नका लागि तयार पार्न सकिनेछ ।

– *'कम्युनिस्ट'बाट*

## प्रतिनिधिसभा...

मन्तव्यहरू राख्नुभन्दा पनि सरकारले कसो गर्नुपर्ने हो तरु हिजो इतिहासमा हामीले के गर्यौं, कसले के गर्‍यो, कुन नेताले के गर्‍यो, कत्तिको तपाईंको हामीले संघर्ष गर्‍यौं, के(के गर्‍यौं भनेर भनिरहन आवश्यक छ जस्तो मलाई लाग्दैन । हामी के गरिरहेका छौं आज र भोलि के गर्ने होरु भन्नेतर्फ सरकारले आफ्नो नीति तथा कार्यक्रम बनाउँदाखेरि यस्ता कुराहरूलाई पनि समावेश गरोस् भनेर चाहिँ म यहाँ जनताको मागहरू, राष्ट्रिय स्वाधीनताको, हाम्रो सम्प्रभुताको, जनताले चाहेका कुराहरू के कस्ता छन् त भन्ने कुरा म बुँदागत रूपमा वाचन गर्न चाहन्छु ।

१. पृथ्वी रहुन्जेलसम्म यो देश रहिरहनुपर्छ । हाम्रो देशको चन्द्र-सूर्य अंकित झण्डा रहिरहनुपर्छ । त्यो मान्यता हामी राख्दछौं । श्रम संस्कृति पार्टीले त्यो मान्यता राख्दछ । त्यसो भएको कारणले गर्दा देशको स्वाधीनता, भू(राजनीतिक सन्तुलन र असंलग्न परराष्ट्र नीतिलाई बचाइराख्न सैन्य रणनीति उद्देश्यका साथ सुरु गरिएको असमान राष्ट्रघाती व्यापारिक सन्धि सम्झौता ः ऋत्र लाई खारेज गर्नुपर्दछ भनेर म माग गर्न चाहन्छु ।

२. सीमावर्ती क्षेत्रमा छिमेकी मुलुकहरूले गरिरहेको गतिविधिलाई सक्रिय रूपमा नेपाल सरकारले निगरानी राख्नुपर्दछ र संयुक्त राष्ट्र संघ लगायतका निकायहरूमा गएर हाम्रो देशका चार किल्ला, कति हो त हाम्रो भूगोल भन्ने सीमाना यकिन गरेर सीमानाको रक्षार्थ नेपाली सेनालाई खटाउनुपर्दछ भन्ने म माग राख्न चाहन्छु । नेपाली जनताले यो माग राखेको कुरा म जानकारी गराउन चाहन्छु ।

३. जनताले सोझै छान्न पाउने प्रत्यक्ष कार्यकारीको चुनाव गर्नेतर्फ सरकारको नीति तथा कार्यक्रम अगाडि बढोस् । यदि सरकारले दुई(तिहाइ नजिकको सरकारले त्यो कुरा अगाडि सार्छ भने त्यसमा हामी सबैले सहयोग गर्नुपर्दछ ।

४. जेन्जी (Gen-Z) आन्दोलनमा डिस्कोर्ड चलाएर जेन्जी बालबालिकाहरूलाई स्कुल ड्रेसमा आन्दोलनमा बोलाउने, शान्तिपूर्ण आन्दोलनलाई भड्काएर हिंसात्मक बनाउने, आन्दोलनमाथि अन्धाधुन्ध गोली चलाएर दमन गर्ने २३ गतेको घटना घटाउने साथै २४ गते सिंहदरबार, संसद भवन, सर्वोच्च अदालत जस्ता सरकारी भवनहरू जलाउने कृत्य गर्ने मान्छेहरूलाई पनि तपाईंको चाहिँ नि के रे कारबाहीमा ल्याउनका लागि उच्चस्तरीय छानबिन समिति आयोग गठन गर्नका लागि म माग हामी माग गर्दछौं ।

५. सम्पत्ति छानबिन तथा शुद्धीकरण अभियान सुरु गर्नुपर्दछ । सबैभन्दा पहिला अहिले सरकारमा रहेका मन्त्रिपरिषद्का सम्पूर्ण मन्त्रीहरू, सांसदहरू हामी सबैजना सबैको तपाईंको चाहिँ नि के रे हाम्रो सम्पत्ति छानबिन हुनुपर्दछ । हामीबाट सुरु गर्नुपर्दछ त्यो चिज । किनभने हामी नियम कानुन बनाउने हो भने हामीबाटै त्यो कुरा लागू भएर जानुपर्दछ । हामीले बनाएको नियम कानुनले अरूलाई मात्रै ठ्याङ्गोमा कस्ने खालको व्यवहार हामीले गर्नुहुँदैन भन्ने माग राख्दछु ।

६. शिक्षालाई जीवन उपयोगी बनाउनुपर्दछ । उत्पादन, निर्माण र आविष्कारसँग जोड्नुपर्दछ शिक्षालाई । शिक्षा भन्नेबित्तिकै कथा पढ्ने विषयवस्तु होइन । त्यो भन्नेबित्तिकै उत्पादन, निर्माण र आविष्कारसँग जोडिनुपर्दछ भन्ने हाम्रो माग हो । त्यसतर्फ सरकारले ध्यान दियोस् । हप्तामा तीन दिन मात्रै थ्योरी पढ्दाखेरि हुन्छ, चार दिन विद्यार्थीले उत्पादन, निर्माण र आविष्कारसँग जोडिएर क्रियाकलापहरू गर्न सक्नुपर्दछ । त्यो खालको जीवन उपयोगी शिक्षा लागू गरिनुपर्दछ भन्ने हामी माग राख्दछौं ।

७. खेतीपातीको समस्या हल नगरी देशको आर्थिक समस्या हामीले सुल्झाउन सक्दैनौं, आर्थिक उन्नति हुन सक्दैन । त्यसो भएको कारणले कृषिमा देखिएका समस्याहरू पहिचान गर्ने र समस्या हल गर्ने सबै खालका तपाईंको प्राविधिक उपायहरू अपनाउने काम गरिनुपर्दछ भन्ने ध्यानाकर्षण गराउन चाहन्छु ।

८. कम्तीमा एक पालिकामा एउटा उद्योग हुनुपर्दछ । एक परिवारमा एकजना रोजगार हुनुपर्दछ । त्यो खालको नीति हामीले अपनाउनुपर्दछ । बन्द गरिएका उद्योगहरूलाई पुनः सञ्चालन गर्ने साथै नयाँ उद्योगहरूको स्थापना गर्ने नीति तथा कार्यक्रम सरकारले ल्याउनुपर्दछ भन्ने ध्यानाकर्षण गर्न चाहन्छु ।

९. जनताको सेवा सुविधा, विकास र समृद्धिमा सार्वजनिक हितका लागि प्राकृतिक स्रोत साधनहरूलाई– प्राकृतिक स्रोत साधन ढुङ्गा, गिट्टी, माटो, खोलानाला, खानी, खनिज, वनजंगल जस्ता स्रोत साधनका सदुपयोग गर्न पाउने गरी सहज किसिमको चाहिँ नियम कानुन बनाउनुपर्दछ । र यी सम्पूर्ण स्रोत साधनलाई परिचालन गरेर चाहिँ हाम्रो देशलाई समृद्ध बनाउनेतर्फ हामीले ध्यान दिनुपर्दछ भनेर भन्न चाहन्छु ।

१०. प्राकृतिक संरक्षण गर्नुपर्दछ, संस्कृतिको प्रवर्द्धन गर्ने र प्रविधिको विकास गर्ने नीति सरकारले लेओस् । सुशासनका निम्ति भ्रष्टाचार तपाईंको अन्त्य गर्ने, निष्पक्ष, मितव्ययी, पारदर्शी, जवाफदेही, दूरदर्शी, परिपक्व र दीर्घकालीन कामहरू गर्नेतर्फ सरकार अगाडि बढ्नुपर्दछ ।

११. देशभरि शान्ति सुव्यवस्था कायम गर्नका लागि आवश्यक उपायहरू अपनाउन जरुरी छ । खानेपानी, स्वास्थ्य, शिक्षा, सडक, बिजुली बत्ती जस्ता आधारभूत आवश्यकताहरू परिपूर्ति गर्नतर्फ हाम्रो ध्यान जानुपर्दछ ।

१२. राम्रोसँग अध्ययन नगरी हतार-हतार सरकारले ल्याएका कार्यक्रमहरू लागू गर्नुहुँदैन । कुनै निर्णय गर्दा गर्नुअघि तपाईंको प्रतिपक्षी दलहरूसँग सल्लाह गरेर, सबै पक्षको उचित सल्लाह लिएर चाहिँ सरकार अघि बढे निर्णय गरेपछि पछि हट्नुपर्ने नियतिबाट होइन सरकार बच्न सक्दछ । अहिले भर्खरै वृद्ध भत्ता, विद्यार्थी संगठन, ब्रिज कोर्स जस्ता सम्बन्धमा निर्णयहरू जुन गरिएको छ, यसलाई पुनर्विचार गरियोस् भन्न म चाहन्छु । वृद्ध भत्ता जस्तो समयको वृद्ध भत्ताको समयको मापदण्डलाई जुन फेरबदल गर्ने भन्ने कुराहरू आएको छ, कार्यसूचीमा त्यस्ता कुराहरूमा सरकारले ध्यान दिएर मात्रै अगाडि बढ्दाखेरि राम्रो हुन्छ भन्ने माग राख्दछु ।

१३. सुकुम्वासी भन्दै नागरिकको बासको अधिकारलाई खोज्दै डोजर चलाउने राज्य आतंक फैलाउने चलनको अन्त्य गरियोस् । म त्यो भन्न चाहन्छु । जनताको घर टहरा भत्काउनु हुँदैन, विस्थापन होइन व्यवस्थापनको नीति सरकारले लागू गरेर अगाडि बढ्दाखेरि सबैलाई राम्रो हुनेछ । दशकौँदेखि बस्दै आएका भूमिहीन सुकुम्वासीहरूको स्वामित्व दिने गरी लालपूर्जाको व्यवस्था गरोस् भनेर पनि म भन्न चाहन्छु । किसान, मजदुर, सुकुम्वासीका समस्या पहिचान गरी समाधानको पहल गर्ने, धनीको मात्रै होइन गरिबको पनि हो यो देश भन्ने खालको आभास हामीलाई हुनुपर्दछ र जनतालाई पनि त्यो आभास भएको हुनुपर्दछ । त्यसतर्फ सरकारले काम गरोस् भन्ने म अनुरोध गर्न चाहन्छु ।

१४. उपत्यका बाहिर पनि नेपाल छ भन्ने कुरा हामीले व्यवहारबाट जनाउनुपर्छ । यो काठमाडौं उपत्यका मात्रै नेपाल हो भन्ने किसिमले सबै विकास चाहिँ यहाँभित्र मात्रै थोपर्ने किसिमको विकास हुनुहुँदैन भनेर म ध्यानाकर्षण गर्न चाहन्छु । सबै खाले विभेदको अन्त्य गरिनुपर्दछ ।

१५. भूपू गोर्खा सैनिकहरूको समान पेन्सनका लागि नेपाल सरकारले आवश्यक सबै खालका पहलहरू गरोस् । नेपाल सरकारले गरेको सन्धिमार्फत चाहिँ नि गएका भूपू गोर्खाहरूलाई नागरिकता कायम राखेर चाहिँ उहाँहरूलाई एउटा नागरिकको दर्जामा राखिरहने नियम, त्यो खालको चाहिँ नीति हामीले अवलम्बन गर्नुपर्दछ भनेर ध्यानाकर्षण गराउन चाहन्छु ।

समयको पाबन्दीले गर्दाखेरि मैले यी कुराहरू सबै कुरा वाचन गर्न सकिनँ । सम्माननीय सभामुख महोदयले दुई(तीन चोटी भनिसक्नुभएको छ । र यो म पत्र सम्माननीय सभामुख महोदयमार्फत टेबुल गर्न चाहन्छु । र यस सल्लाह सुझावअन्तर्गत सरकारले आफ्ना विचारहरू, आफ्ना नीति तथा योजनाहरू अगाडि बढाओस् भन्ने म माग राख्न चाहन्छु । धन्यवाद ।

## राष्ट्रिय...

बैठकबाट १३ बुँदे समसामयिक प्रस्ताव पारित गरेको छ, जुन यसैसाथ संलग्न गरिएको छ ।"

त्यसैगरी, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल केन्द्रीय समितिको २०८२ चैत १७ देखि १९ सम्म दाङ, घोराहीमा सम्पन्न भएको पाँचौं बैठकमा निम्न अनुसारका प्रस्तावहरू प्रस्तुत तथा पारित गरिएका छन् । जस अनुसार,

***(क) अन्तर्राष्ट्रिय विषयहरूः***

१. डोनाल्ड ट्रम्प अमेरिकाको राष्ट्रपतिमा पुनः निर्वाचित भएपछि पदोन्मुख अवस्थामा रहेको अमेरिकी साम्राज्यवादको विश्वव्यापी प्रभुत्व कायम राख्न आक्रामक नीतिहरू अवलम्बन गर्दै आएका छन् । सो प्रक्रियामा अमेरिकी साम्राज्यवादले २०८२ पौष १९ मा दक्षिण अमेरिकी देश भेनेजुयला माथि विशेष सैन्य कारबाही गरी त्यहाँका राष्ट्रपति निकोलस मदुरो र उनकी श्रीमती सिलिया फ्लोरेसलाई लागू औषधको अवैध व्यापारमा संलग्न रहेको कथित आरोप लगाएर गिरफ्तार गरेर निकोलस दम्पत्तिलाई अमेरिकाको न्यूयोर्क शहर स्थित बन्दिगृहमा थुनुवा अवस्थामा राखेको छ। हाम्रो पार्टी अमेरिकी साम्राज्यवाद द्वारा एक स्वाधीन तथा सार्वभौम राष्ट्र भेनेजुयला माथि भएको सैन्य अतिक्रमणको घोर भर्त्सना गर्दछ र मदुरो दम्पत्तिलाई बिनाशर्त तत्काल रिहाइ गर्न जोडदार माग गर्दछ।

२. अमेरिकी साम्राज्यवाद र इजरायली विस्तारवादले इरानले निर्माण र विकास गरेका सैन्य शस्त्रास्त्रहरू तथा आणविक कार्यक्रम बन्द गर्नुपर्ने भन्दै २०८२ फाल्गुन १६ मा इरान माथि आक्रमण गरेर त्यहाँका सर्वोच्च नेता आयतोल्लाह खोमेनी लगायत अन्य उच्चपदस्थ सरकारी अधिकारीहरूको हत्या गर्दै सैन्य कारबाही जारी राखेका छन्। हाम्रो पार्टी अमेरिका र इजरायलले इरान माथि गरेको अन्यायपूर्ण युद्धका विरुद्ध इरानले गरेको सशक्त प्रतिकारको समर्थन गर्दछ र सो युद्ध तत्काल अन्त्य गर्न र त्यसबाट हुनगएको मानवीय तथा भौतिक क्षतिको उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गर्दछ।

३. दक्षिण एशियाली सहयोग संगठन (सार्क) मा आवद्ध रहेका दुई छिमेकी राष्ट्रहरू पाकिस्तान र अफगानिस्तान बीच एक-अर्का विरुद्ध सैनिक हमला हुँदै आएको छ। सैन्य क्षमतामा बलियो रहेको पाकिस्तानले अफगानिस्तानमा बढी क्षति पुर्याउँदै आएको छ। हाम्रो पार्टी उक्त दुई छिमेकी राष्ट्रहरू बीच सैन्य स्तरमा भएको द्वन्द्वको आपसी संवाद र वार्ता मार्फत समाधान गर्न आह्वान गर्दछ।

४. अमेरिकी साम्राज्यवादले आफ्नो वैश्विक प्रभुत्व कायम राख्न र इजरायल जस्ता विस्तारवादी देशहरूले आफ्नो क्षेत्रीय प्रभुत्व कायम राख्नका लागि उनीहरू संग असहमति राख्ने देशहरूका विरुद्ध आर्थिक नाकाबन्दी गर्ने तथा प्रत्यक्ष सैन्य हस्तक्षेप गर्दै आएका छन्। हाम्रो पार्टी सबैखाले साम्राज्यवादी तथा विस्तारवादी आक्रमण र हस्तक्षेपको कडा शब्दमा भर्त्सना गर्दछ र त्यस प्रकारको साम्राज्यवादी दमनका विरुद्ध एक्यवद्धता जनाउन र संयुक्त मोर्चा मार्फत साम्राज्यवाद विरुद्धको संघर्षलाई सशक्त रूपमा अगाडी बढाउन सम्पूर्ण साम्राज्यवाद विरोधी शक्तिहरूलाई जोडदार आह्वान गर्दछ।

५. अमेरिकी साम्राज्यवादले खाडी क्षेत्रमा आफ्नो हैकम जमाउन र इरानलाई घेराउ गर्न गल्फ सहयोग परिषद (जीसीसी) मा आवद्ध रहेका देशहरू साउदी अरब, ओमान, संयुक्त अरब इमिरेट्स, कतार, कुवेत र बहराइनमा सैन्य अखडाहरू स्थापना गरेको छ। हाम्रो पार्टी त्यहाँ राखेका सम्पूर्ण अमेरिकी सैन्य अखडाहरू हटाउन जोडदार माग गर्दछ।

***(ख) राष्ट्रिय विषयहरूः***

६. नेपालमा २०८२ भदौ २३ र २४ को जेन-जेड 'विद्रोह' पछि घोषणा भएको संघीय संसद्को निर्वाचन २०८२ फागुन २१ मा भएको निर्वाचनमा रास्वपाले नेपाली कांग्रेस, नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी जस्ता पुराना संसदीय पार्टीहरूलाई व्यापक मतान्तरले पराजित गरेर सरकार गठन गर्न सफल भएको छ। यो सरकारले आवश्यक कानूनी प्रक्रिया समेत पूरा नगरी आरोपित विपक्षी पार्टीका नेताहरूलाई गिरफ्तार गर्नुका साथै मजदूर, विद्यार्थी र कर्मचारी युनियन लगायत जनवर्गीय तथा पेशागत संगठनहरू माथि प्रतिबन्ध लगाउने जस्ता अलोकतान्त्रिक र दमनत्मक कार्यहरू मार्फत फासिवादी कदम अघि बढाएको छ। हाम्रो पार्टी त्यसप्रकारका कार्यको हदैसम्म कडा शब्दमा विरोध तथा भर्त्सना गर्दछ र त्यसका विरुद्ध हुने संघर्षमा एकजुट भएर अगाडी बढ्न सम्पूर्ण न्यायप्रेमी जनसमुदाय, राजनीतिक पार्टी, संगठन, शक्ति र व्यक्तिहरूलाई आह्वान गर्दछ।

७. जेन-जेड 'विद्रोह' भए देखि फागुन २१ को संसदीय निर्वाचन हुँदै रास्वपाको एकल बहुमतको सरकार गठन सम्म आइपुग्दा नेपालको राजनीति र समग्र राज्य प्रणाली माथि अमेरिकी साम्राज्यवाद र त्यसका मतियार विदेशी शक्तिहरू हावी हुन पुगेको देखिएको छ। यस प्रकारको अवस्थामा देशको स्वाधीनता र सार्वभौमिकता माथि गम्भीर संकट मडारिएको छ। हाम्रो पार्टी देशको स्वाधीनता र सार्वभौमिकताका रक्षाको लागि सम्पूर्ण देशभक्त र राष्ट्र प्रेमी जनसमुदाय, शक्ति र पक्षहरूलाई एकजुट भै संघर्षमा उत्रन जोडदार अपिल गर्दछ।

८. जेन-जेड 'विद्रोह' को दौरानमा भदौ २३ र २४ गते घटेका घटनाहरूको छानबिन गरेर दोषी माथि कारवाहीको लागि सिफारिश गर्न गौरी बहादुर कार्कीको नेतृत्वमा गठन भएको आयोगले प्रस्तुत गरेको प्रतिवेदनमा २३ गतेको घटनामा मात्र केन्द्रित भएर कारवाहीको सिफारिश गरेको र २४ गतेको घटनामा संलग्न भएकाहरूका बारेमा केहि गरेको छैन। हाम्रो पार्टी उक्त प्रतिवेदन पूर्वाग्रहपूर्ण तरिकाले तयार पारेको ठान्दछ र त्यस प्रकारको शैलीको कडा विरोध गर्दछ।

९. रास्वपा सरकार द्वारा जारी गरिएको एकसय बुँदे कार्यसूची अन्तर्गत 'राष्ट्रिय परिचयपत्रलाई अनिवार्य एकल परिचय प्रणालीका रूपमा प्रयोग गर्ने' उल्लेख गरिएको छ। त्यसले नागरिकको राजनीतिक अधिकार सुनिश्चित गर्ने नागरिकता प्रमाणपत्रलाई समेत प्रतिस्थापन गर्दछ। हाम्रो पार्टी सरकारले त्यस प्रकारको निर्णय गरेर गम्भीर गल्ति गरेको ठहर गर्दछ र उक्त निर्णयलाई कार्यान्वयन नगर्न जोडदार माग गर्दछ।

१०. इरानका विरुद्ध अमेरिका र इजरायलले चलाएको युद्धका कारण सम्पूर्ण पश्चिम एशिया (मध्यपूर्व) क्षेत्र प्रभावित हुन पुगेको छ। त्यसको परिणामस्वरूप रोजगारीको लागि त्यहाँ गएका नेपाली आप्रवासी मजदूरहरू व्यापक रूपमा प्रभावित हुन पुगेका छन्। हाम्रो पार्टी युद्धका कारण प्रभावित हुन पुगेका नेपाली नागरिकहरूलाई तदारुकताकासाथ उद्धार गर्न र सहयोग तथा राहत उपलब्ध गराउन जोडदार माग गर्दछ।

११. दुई छिमेकी देशहरू चीन र भारतले नेपाली भूमि लिपुलेक नाका भएर पुनः द्विपक्षीय व्यापार सञ्चालन गर्ने कार्यलाई कार्यान्वयनमा ल्याउने निर्णय गरेको जानाकारीमा आएको छ। नेपाल सरकारले अहिलेसम्म सामान्यतः कुटनीतिक टिप्पणी पठाएर विरोध जनाउने गरेको छ। हाम्रो पार्टी चीन र भारत द्वारा नेपालको राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डताको विरुद्ध गरिएको अतिक्रमण प्रति घोर आपत्ति व्यक्त गर्दछ र नेपाल सरकारले सशक्त कुटनीतिक पहलकदमी गरी समस्या समाधान गर्न माग गर्दछ।

१२. पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको कारणले गर्दा दैनिक उपभोग्य वस्तुहरूमा महंगी बढेको छ र त्यसका कारणले गर्दा सर्वसाधारण जनताको दैनिक जीवनमा समस्या परेको छ। हाम्रो पार्टी बढ्दो महंगी नियन्त्रण गर्न र पेट्रोलियम पदार्थ सर्वसुलभ रूपमा उपलब्ध गराउन माग गर्दछ

१३. कृषि उत्पादनमा प्रयोग हुने मलखादमा भएको अभाव र मूल्यवृद्धिका कारण खेति लगाउने समयमा किसानहरू मर्कामा परेका छन्। हाम्रो पार्टी मलखादको अभाव हुन नदिन र किसानहरूलाई समयमै सुलभ मूल्यमा मलखाद उपलब्ध गराउन माग गर्दछ ।

यसैबिच, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले फासीवाद उन्मुख साम्राज्यवादको कठपुतली बालेन्द्र सरकार विरुद्ध र राष्ट्रिय स्वाधीनताका लागि सम्पूर्ण देशभक्त, वामपन्थी, सच्चा-लोकतन्त्रवादी र क्रान्तिकारी कम्युनिस्ट पार्टी ,समूह तथा व्यक्तित्वहरूलाई साम्राज्यवादका विरुद्धको संयुक्त मोर्चा र स्वाधीन संयुक्त सरकारको पक्षमा सङ्घर्षमा गोलबन्द हुन विशेष आग्रह गरेको छ ।

पार्टीका प्रवक्ता सुदर्शनले जारी गरेको वक्तव्यमा भनिएको छ, "जनताका विभिन्न तह, तप्का र पेशागत हक तथा अधिकारको प्रतिनिधित्व गर्ने जनवर्गीय सङ्गठन, जनजाति सङ्गठन र ट्रेड युनियनहरूमाथि प्रतिबन्ध लगाउने ध्येयका साथ चेतावनी दिने लगायतका कठपुतली सरकारका आदेशहरूप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । सरकारको यो काम ट्रम्प शैलीको नेपाली संस्करण मात्र हो । यसको हाम्रो पार्टी विरोध गर्दछ ।"

वक्तव्यमा भनिएको छ, "अमेरिकाद्वारा भारतको सहयोग लिएर गरिँदै आएको दशकौंदेखिको पूर्वाभ्यास र राजनीतिक तथा ऐतिहासिक मनोविज्ञानको अध्ययन गरी २०८२ को भाद्र २३ र २४ गते "जेनजी विद्रोह" गराई नेपालमा कठपुतली सुशीला सरकार लादियो । उक्त सरकारले निर्वाचन नामको नाटक मञ्चन गरी साम-दाम-दण्ड-भेदको बलमा राष्ट्रिय स्वतन्त्र पार्टी नामक दललाई करिब दुईतिहाइ मतले जितायो । उक्त निर्वाचन हाम्रो क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालद्वारा बहिष्कार गरिएको थियो ।

बालेन्द्र साह नेतृत्वको रास्वपा सरकार बनेको भोलिपल्टै गौरीबहादुर कार्की नेतृत्वको छानबिन आयोगले एक पक्षीय रूपमा भाद्र २३ को घटनालाई मात्र जोड दिई तयार पारेको प्रतिवेदनलाई आधार बनाएर सरकारद्वारा पर्याप्त विधि प्रक्रिया नपुर्‍याई फासीवादी शैलीमा तत्कालीन सरकारका प्रधानमन्त्री केपी ओली र गृहमन्त्री रमेश लेखकलाई गिरफ्तार गरिएको छ । जनताका विभिन्न तह, तप्का र पेशागत हक तथा अधिकारको प्रतिनिधित्व गर्ने जनवर्गीय सङ्गठन, जनजाति सङ्गठन र ट्रेड युनियनहरूमाथि प्रतिबन्ध लगाउने ध्येयका साथ चेतावनी दिने लगायतका कठपुतली सरकारका आदेशहरूप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । सरकारको यो काम ट्रम्प शैलीको नेपाली संस्करण मात्र हो । यसको हाम्रो पार्टी विरोध गर्दछ । भाद्र २३ को घटनामा मात्र आधारित भएर पूर्वाग्रही ढङ्गले कार्बाही चलाउनु र २४ गतेको घटनालाई ढाकछोप गर्नु भावी सरकारमै पर्न सक्ने अपराधीहरूलाई सुरक्षित राख्ने खेल थियो भन्ने कुरा स्पष्ट देखिन्छ ।

अन्ततः हामी फासीवाद उन्मुख साम्राज्यवादको कठपुतली बालेन्द्र सरकार विरुद्ध र राष्ट्रिय स्वाधीनताका लागि सम्पूर्ण देशभक्त, वामपन्थी, सच्चा-लोकतन्त्रवादी र क्रान्तिकारी कम्युनिस्ट पार्टी ,समूह तथा व्यक्तित्वहरूलाई साम्राज्यवादका विरुद्धको संयुक्त मोर्चा र स्वाधीन संयुक्त सरकारको पक्षमा सङ्घर्षमा गोलबन्द हुन विशेष आग्रह गर्दछौं ।"

*मिति : चैत १६, २०८२*

# आलोपालो

## जेनजी विद्रोहबारे

● असीम ●

कुनै पनि देशमा जब जनताले भीषण सङ्घर्ष गर्छन्, जीवन बलिदान गर्छन्, जेल, नेल तथा कष्टहरू भोग्छन्, त्यति बेला जनताले सही राजनीतिलाई अपनाउन सकेनन् भने त्यो दुःख, कष्ट, बलिदान सबै खेर जान्छ । त्यसको फाइदा आन्दोलनरत वा सङ्घर्षशील जनताले होइन, प्रतिक्रियावादीहरूले लिन्छन्, तर नयाँ रूप वा आवरणमा । लेनिनले त्यही भएर भन्नु भएको थियो, "क्रान्तिकारी सिद्धान्त नभईकन कुनै क्रान्तिकारी आन्दोलन हुन सक्दैन ।" हाम्रो देशमा पटकपटक जनआन्दोलनहरू भए । जनसङ्घर्षहरू भए । ०५२ सालदेखि ०६२ सालसम्म जनयुद्ध पनि भयो । तर जनताको पक्षमा ती आन्दोलनहरूले सकारात्मक परिणाम ल्याएनन् । फलतः कुनै आन्दोलन समाप्त भएपछि जनता पटकपटक नयाँ शासकहरूको विरोधमा सङ्घर्ष गर्न बाध्य हुँदै आए ।

२००७ सालमा राणा शासकहरूका विरुद्ध जनता नेपाली काङ्ग्रेसको नेतृत्वमा आन्दोलनमा उत्रिए । त्यतिबेलाको आन्दोलन सशस्त्र ढङ्गले पनि परिचालन गरिएको थियो । राणाहरूको शासनको अन्त्य भयो । देशमा सीमित पुँजीवादी प्रजातन्त्र स्थापना भयो । तर नेपाली काङ्ग्रेसको भारत समक्ष सम्झौतापरस्त नीतिले गर्दा तत्कालीन राजाले त्यसको फाइदा उठाए र ०१७ सालमा राजा महेन्द्रले फौजीकाण्ड गरेर सत्ता हत्याउन पुगे । आज पनि हामीले पौष १ गतेलाई कालो दिनको रूपमा स्मरण गर्छौं । २०४६ सालमा जनता काङ्ग्रेस, वाममोर्चा र संयुक्त राष्ट्रिय जनआन्दोलन तीनवटा राजनीतिक मोर्चाहरूको नेतृत्वमा जनताले सङ्घर्ष गरे । तर काङ्ग्रेस र वाममोर्चाले राजासँग सहमति गरेपछि आन्दोलन टुङ्गियो । चैत्र २४ गतेको आन्दोलन चानचुने आन्दोलन थिएन । त्यो दिनको संयुक्त राष्ट्रिय जनआन्दोलनद्वारा आह्वान गरिएको आन्दोलनमा जनतामा राजा फाल्ने अठोट थियो । तर जनताको आन्दोलनबाट भयभित भएर दरवारको पहलमा राजा, काङ्ग्रेस र वाममोर्चाका बीच वार्ता भयो । राजा संवैधानिक रहने गरी बहुदलीय प्रतिस्पर्धा सहितको प्रजातन्त्र ल्याउने सम्झौता गरे । त्यतिबेला पनि जनतालाई सीमित रूपमा मात्र अधिकार प्राप्त भयो । तर राजा सार्वभौम सत्तासम्पन्न रूपमा यथावत कायम रहे । जनतामा फेरि पनि असन्तोष शुरु भयो । ०५२ सालमा त्यो असन्तोष फेरि विस्फोट भयो – जनयुद्धको रूपमा । दशवर्षसम्म सञ्चालित जनयुद्ध पनि नेतृत्वको आत्मसमर्पणवादी नीतिका कारण सम्झौतामा टुङ्गियो । १२ बुँदे दिल्ली सम्झौतापछि काङ्ग्रेस, एमाले, माओवादी तथा देशका सबै जसो राजनीतिक दलहरूको संयुक्त जनआन्दोलनले राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्‍यो । राजतन्त्रको अन्त्य भयो, तर दलाल तथा नोकरशाही पुँजीपतिवर्ग सत्तासीन भयो । जनताको बलिदान फेरि पनि सीमित अधिकार प्राप्तिका साथ खेर गयो । करिब २० वर्षसम्म काङ्ग्रेस, एमाले र माओवादीले सत्ता पक्ष र प्रतिपक्ष भएर पालैपालो सरकार सञ्चालन गरे । तर दलाल सत्ता टिकाउनका लागि भने उनीहरू एक आपसमा सहकार्य गर्दै आए । सरकार टिकाउनका लागि देशमा दलाल पुँजीवादलाई खुला स्वतन्त्रता दिए । भ्रष्टाचार र कमिशनखोरीका अनेकौं काण्ड, महङ्गी, घुस, मानवतस्करी, चेलीबेटी बेचविखन, नक्कली भुटानी शरणार्थी काण्ड, परिवारवाद, नातावाद व्यापक बढेर गयो । सहकारी ठगी, लघुवित्त ठगी, उखु किसान, दुग्ध किसान, तरकारी उत्पादक किसानहरू माथिको शोषण आदिले गर्दा जनता आफ्नो देशमा बस्न चाहेर पनि बस्न नसक्ने अवस्थामा पुगेर लाखौं युवा विदेश पलायन भए । राष्ट्रिय पुँजी समेत विदेश पलायन भयो । त्यति मात्र होइन, यी तीनवटै दलहरू सत्तामा बसेर एमसीसी लगायत अपमान तथा असमान प्रकारका सन्धिसम्झौता गरेर हाम्रो देशलाई नवऔपनिवेशिक शोषण र राष्ट्रघात गरेर विदेशी साम्राज्यवाद तथा बाँकी ७ पेजमा


बालबालिकालाई लागुऔषध दुरूपयोगबाट बचाऔं

- लागुऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं,
- बालबालिकालाई लागुऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागुऔषधबाट हुने हानी र कानुनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रात्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### विद्यार्थी...

प्रयासहरू भइरहेको उनीहरूले दाबी गरेका छन् । विद्यार्थी संगठनहरू सरकारसँग रचनात्मक संवाद, सहकार्य र सुधारका लागि सदैव प्रतिबद्ध रहेको स्पष्ट पार्दै उनीहरूले सरोकारवाला सबै पक्षसँगको सार्थक संवादमार्फत सहमति निर्माण गर्न सरकारलाई आग्रह गरेका छन् ।

फागुन १३ गते प्रधानमन्त्री नियुक्त भएका बालेन्द्र (बालेन) शाहको अध्यक्षतामा बसेको पहिलो मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार 'शासकीय सुधारको १०० बुँदे कार्यसूची' मार्फत सरकारले शैक्षिक संस्थामा हुने राजनीतिक हस्तक्षेप मुक्त गर्न विद्यालय र विश्वविद्यालय हाताबाट विद्यार्थी संगठनका संरचना हटाउने घोषणा गरेको थियो ।

सरकारको उक्त घोषणा अनुसार अबको ६० दिनभित्र शिक्षण संस्थाहरूबाट दलीय आधारमा बनेका संगठनका संरचनाहरू हटाइने छ ।

## संयुक्त प्रेस वक्तव्य

मिति : २०८२/१२/१८

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ गते स्वीकृत शासकीय सुधार सम्बन्धी बुँदा नं. ८६ मा उल्लिखित निर्णयप्रति संयुक्त विद्यार्थी संगठनको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको विद्यार्थी आन्दोलन बलिदानीपूर्ण संघर्षको जगमा विकसित हुँदै राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, सामाजिक न्याय, शैक्षिक सुधार तथा विद्यार्थी हकहितको पक्षमा निरन्तर सक्रिय रहँदै आएको छ । यसको इतिहास कसैको दया, कृपा र अनुग्रहबाट प्राप्त भएको होइन । राणा शासनदेखि गणतान्त्रिक आन्दोलनको बलिदानीपूर्ण संघर्षको जगमा यसले आफ्नो इतिहासलाई वीरतापूर्वक प्रस्तुत गरेको छ । विद्यार्थी आन्दोलनको ऐतिहासिक पृष्ठभूमिलाई बेवास्ता गरी शिक्षा क्षेत्रका जटिल समस्याहरूको समाधानका नाममा विद्यार्थी संगठनहरु प्रतिबन्ध र निषेध गर्ने प्रकृतिको सरकारको निर्णयले दीर्घकालीन रूपमा सकारात्मक परिणाम दिन सक्दैन । विश्वविद्यालयका विद्यमान् कैयौं समस्याहरूको वास्तविक कारणको खोजी र समाधानमा राज्यले विस्तृत अध्ययन पश्चात आफ्ना नीति तथा कार्यक्रमहरु तय गर्नुपर्ने तथ्यलाई बेवास्ता गर्दै शिक्षा क्षेत्रका सम्पूर्ण बेथितिहरूको भारी विद्यार्थी संगठनमाथि थोपर्ने सरकारको दृष्टिकोण अपरिपक्व र सतही रहेको हाम्रो ठहर छ ।

हामीले लामो समयदेखि विद्यार्थी आन्दोलनलाई समय-सान्दर्भिक रूपमा पुनर्संरचना गर्न आवश्यक रहेको महसुस गरी बहस गर्दै आएका थियौं । फलस्वरूप, स्ववियुमा २८ वर्षे हदबन्दी र संगठनहरूमा उमेरको हदबन्दी लगायत अन्य कैयौं सुधारका प्रयासहरु गर्दै संघ/संगठनलाई थप अनुशासित, उत्तरदायी र परिणाममुखी बनाउने प्रयास गरिएको छ । यी अभ्यासहरूले धेरै हदसम्म सकारात्मक परिवर्तन ल्याएको छ र यसको प्रतिफल व्यवहारमै देखिन थालेको छ । विचारका आधारमा संगठनमा आबद्ध हुन पाउने अधिकार नेपालको संविधानद्वारा प्रत्याभूत मौलिक अधिकार हो । कसैको पनि विचारमाथि बन्देज लगाउने कार्य लोकतान्त्रिक मूल्य-मान्यताविपरीत हुनुका साथै अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूसँग समेत असंगत हुन्छ । यस्तो प्रयासले युवा पुस्ताको स्वाभाविक राजनीतिक समाजीकरण प्रक्रियामा अवरोध सिर्जना गर्ने खतरा रहन्छ ।

अतः विद्यार्थी आन्दोलनको पुनर्संरचनालाई सरकारको प्राथमिकतामा राखिनु सकारात्मक र स्वागतयोग्य भए तापनि सुधारको नाममा विचार, अभिव्यक्ति र संगठनको स्वतन्त्रतामाथि बन्देज लगाउने आशययुक्त कुनै पनि निर्णय अपरिपक्व, अराजनीतिक, अप्राकृतिक, असंवैधानिक तथा अलोकतान्त्रिक रहेको स्पष्ट छ । विद्यार्थी आन्दोलनमा रहेका विकृति-विसंगतिहरूलाई सुधार गर्दै रचनात्मक र सृजनशील ढंगबाट निरन्तर अगाडि बढ्न संयुक्त विद्यार्थी संगठन सरकारसँग रचनात्मक संवाद, सहकार्य र सुधारका लागि सदैव प्रतिबद्ध छ । साथै सरकारको उक्त निर्णय खारेज गर्दै लोकतान्त्रिक मूल्य-मान्यता, संवैधानिक अधिकार तथा सहभागी प्रक्रियालाई सुनिश्चित गर्न र सरोकारवाला सबै पक्षसँग सार्थक संवादमार्फत सहमति निर्माण गर्न नेपाल सरकारसँग हामी जोडदार माग गर्दछौं ।

| | | | |
|---|---|---|---|
| नारायण पाण्डे<br>कार्यवाहक अध्यक्ष<br>नेपाल विद्यार्थी संघ | दिपक धामी<br>अध्यक्ष<br>अनेरास्ववियु | विजय प्रकाश शर्मा सापकोटा<br>अध्यक्ष<br>अनेरास्ववियू (क्रान्तिकारी) | महेश श्रेष्ठ<br>अध्यक्ष<br>अनेरास्ववियू |

| | | | | |
|---|---|---|---|---|
| नरेन्द्र सी<br>संयोजक<br>अखिल (समाजवादी) | विरेन्द्र शाह<br>अध्यक्ष<br>अखिल (क्रान्तिकारी) | सुवाश जिसी<br>अध्यक्ष<br>अखिल (छैठौं) | हिमांशु<br>अध्यक्ष<br>वैज्ञानिक समाजवादी विद्यार्थी संगठन नेपाल | महेश श्रेष्ठ<br>अध्यक्ष<br>अखिल (क्रान्तिकारी) |
| मनिष कुमार यादव<br>अध्यक्ष<br>समाजवादी विद्यार्थी युनियन, नेपाल | समीर गौतम<br>उपाध्यक्ष<br>अखिल नेपाल विद्यार्थी फेडेरेशन | सुनिता बुढाथोकी<br>अध्यक्ष<br>जनपक्षीय विद्यार्थी युनियन नेपाल | नभराज पाण्डे<br>संयोजक<br>अखिल (पाचौं) | मनिष भट्टराई<br>अध्यक्ष<br>अखिल नेपाल विद्यार्थी युनियन |

### प्रेसमाथि...

पर्ने भन्दै तत्काल फिर्ता नलिए आन्दोलन गर्ने विभिन्न पत्रकार सम्बद्ध संस्थाहरूले चेतावनी दिएका छन् ।

आइतबार काठमाडौंको संवाद डबलीमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालले वर्तमान सरकारको प्रेस स्वतन्त्रताप्रतिको प्रतिबद्धता के हो भन्दै पोजिसन स्पष्ट पार्न माग गरेका छन् ।

महासचिव दाहालले सरकारले तत्काल उक्त निर्णय फिर्ता नलिए आन्दोलनमा जाने बताए । उनले भने,"सरकारले आफ्नो पोजिसन क्लियर पारेर आओस हामी पनि त्यसको कडा प्रतिवाद गर्न तयार छौं ।"

महासचिव दाहालले प्रधानमन्त्री कार्यालयबाट जारि भएको पत्रको निर्णय प्रक्रिया र वैधानिकतामाथि नेपाल पत्रकार महासंघले प्रश्न उठाउने निर्णय नै गरेको जानकारी दिए ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सरकारले निजी सञ्चार माध्यममा आर्थिक नाकाबन्दी गर्ने निर्णय नेपालको कानुन, संविधान र अन्तराष्ट्रिय कानुन बमोजिम पनि त्रुटिपूर्ण रहेको जिकिर गरे । "नागरिक अधिकारको रक्षा पूर्ण प्रेस स्वतन्त्रतामा मात्रै सम्भव छ, सञ्चार माध्यमको आर्थिक स्रोत संकुचित गर्ने कार्यले मिडियाको अस्तित्व नै संकटमा पार्छ" त्रिपाठीले अगाडि भने," जनताले तिरेको कर मन्त्रीको फोटो छापिने सरकारी मिडियामा मात्रै खर्च गर्छु भन्ने निर्णय अधिनायकवाद हो ।"

कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले प्रेसको घाँटी निमोठ्ने कार्य स्वीकार्य नभएको बताए, साथै उनले प्रेस स्वतन्त्रता, नागरिक स्वतन्त्रता हनन् हुने गरी कुनै पनि निर्णय नगर्न चेतावनी दिए । सरकारी निर्णयले देशभरका पत्र,पत्रिका, एफएम रेडियो बन्द हुने अवस्थामा पुग्ने भन्दै निर्णय फिर्ता लिन आग्रह गरे ।

प्रेस सेन्टर नेपालका महासचिव मनोज घर्तिमगरले प्रधामन्त्री कार्यालयको निर्णयले २ लाख श्रमजीवी पत्रकार, कर्मचारीहरू वेरोजगार हुने बताउँदै आफ्नो संगठन जुनसुकै संघर्षमा उत्रिन तयार रहेको बताए ।

कार्यक्रममा पिपुल्स भोलेन्टीयर्स जर्नालिस्ट फोरमका संयोजक नवराज न्यौपानेले देशभरका एमएम रेडियोहरू बन्द गर्न लागेको हो भन्दै प्रश्न गरे, साथै उनले सरकारी टेण्डरको विज्ञापनमा भइरहेको घोटाला र भ्रष्टाचार छानविन गर्न माग गरे ।

नेपाल विज्ञापन संघका कार्यकारी निर्देशक अनन्त मैनालीले गोरखापत्रको इतिहाससँगै विकास भएको विज्ञापन एजेन्सीहरूको अधिकार खोस्ने निर्णय संघका लागि स्वीकार्य नभएको बताए । मैनालीले विज्ञापन एजेन्सीहरूले निजी र सरकारी दुबै सञ्चारमाध्यमसँग सम्झौता गरेरै काम गरेको बताउँदै कानुन विपरित र हठात निर्णय गरेर एजेन्सी खोस्ने कार्य स्वीकार्य नहुने बताए ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो:** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।